# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क १०६

मूल्य रु. २५/-, भारतमा भा.रु. २०/-

## रिपोर्ट:

**द्वन्द्व समाधानबारे स्विट्जरलैण्डमा भएको महत्वपूर्ण सेमिनार**



# वार्ता र शान्तिको भविष्य

## युद्धविराम घोषणाको भित्री कथा

- कृष्णबहादुर महरा

## विशेष अन्तर्क्रिया


### दिगो शान्ति र फलदायी वार्ता कसरी हुनसक्छ ?

नरहरि आचार्य ◂▸ कृष्ण हाछेथु

डा. पीताम्वर शर्मा ◂▸ श्रीकृष्ण अनिरुद्ध गौतम

कृष्ण खनाल ◂▸ डा. सरोज धिताल

डा. महेश मास्के ◂▸ प्रमोद काफ्ले


The Formidable
POWER of 15 HORSES
Packed into a high power motorcycle
with exceptional ECONOMY
The male among bikes doesn't have a challenger yet !
2 YEARS UNLIMITED WARRANTY
pulsar
DEFINITELY MALE
"Solid Muscles"
PRISMA-O&W/10157/02
Instant Finance* available in Kathmandu
• 180 cc, 15 BHP with electric starter and disc brake - Price Rs. 1,31,900/- • 150 cc, 12 BHP with electric starter and disc brake - Price Rs. 1,17,900/- • 150 cc, 12 BHP with disc brake - Price Rs. 1,09,900/-
To check out your Pulsar visit any of the following showrooms.
HH Sole Authorised Dealer :
Hansraj Hulaschand & Co. Pvt. Ltd.
Teku Road, Kathmandu, Ph. No.: 220094 / 230001
( Conditions Apply)*
Bhatbhateni Super Market Complex, Tel: 438104; Bhaktapur, Tel: 611777; Pokhara, Tel: 22315; Narayangadh, Tel: 23689; Rajbiraj,Tel: 20502; Birgunj, Tel: 22646; Hetauda, Tel: 20265; Lahan, Tel: 60987; Biratnagar, Tel: 24476; Janakpur, Tel: 21300; Dharan, Tel: 22682; Damak, Tel: 82096; Dang, Tel: 60743; Dhangadi, Tel: 22058; Birtamode, Tel: 40028; Butwal, Tel: 44549; Bhairawa, Tel: 22967; Palpa, Tel: 20946; Nepalgunj, Tel: 22751;Taulihawa, Tel: 60416, Ilam, Tel: 40236, Mahakali Tel: 24311.
Kawasaki
NEPAL'S LARGEST SELLING BIKES

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष– २१, पूर्णाङ्क– १०६
फागुन–चैत्र – २०५९



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**सम्पादक**
हरिगोविन्द लुइँटेल

**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुल्सीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ

**प्रबन्ध निर्देशक**
स्नेह सायमि

**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी

**विज्ञापन व्यवस्थापक**
श्याम खड्का

**बजार व्यवस्थापक**
दुर्गा खड्का

**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क – ३/८०, टेकु, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२११०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेलहरु : yuwa@ntc.net.np, yuwamonthly@yahoo.com

**मूल्य : रु. २५/-**


# वार्ता र शान्तिको भविष्य





## युद्धविरामको घोषणा यसरी भयो
*– कृष्णबहादुर महरा*

## के समस्या देखापरेका छन् शान्तिवार्ता प्रक्रियामा ?
*– प्रचण्ड*

## युद्धविरामलाई दिगो शान्तिमा बदल्ने हो भने

## दिगो शान्ति र फलदायी वार्ताका लागि के गर्नु जरूरी छ ?

○ कृष्ण खनाल
○ डा. पीताम्बर शर्मा
○ नरहरि आचार्य
○ डा. महेश मास्के
○ कृष्ण हाछेथु
○ डा. सरोज धिताल
○ श्रीकृष्ण अनिरुद्ध गौतम
○ प्रमोद काफ्लेबीच भएको

**अन्तर्क्रिया रिपोर्ट**



## एमाले महाधिवेशनको राजनीतिक चिरफार


**हाम्रो मूल्यांकन :**
● युद्धविरामलाई दिगो शान्तिमा बदल्ने हो भने ४

**घटना र प्रवृत्ति :**
● के समस्या देखापरेका छन् शान्तिवार्ता प्रक्रियामा ? ५
● एमालेको जनकपुर महाधिवेशन – *उजिर मगर* ६
● सातौं महाधिवेशनको राजनीतिक पोष्टमार्टम – *नारायण ढकाल* ८
● राप्रपा यता न उता –*समीर थापा* १०

**विश्वग्राम :**
● जनआक्रोशको विश्वव्यापीकरण – *राजेन्द्र महर्जन* ३९

**विशेष रिपोर्ट :**
● स्विटजरलैण्डको महत्वपूर्ण सेमिनार – *श्याम श्रेष्ठ* ४४
● ब्रिटिश गोरखाको पक्षमा लण्डनको शाही अदालतको फैसला ४३

**आवरण कथा :**
● वार्ता र शान्तिको भविष्य –*सुधीर शर्मा* ११
● युद्धविरामको घोषणा यसरी भयो – *कृष्णबहादुर महरा* १२
● वार्ताका तीन प्रयास १४

**अन्तर्क्रिया :**
● दिगो शान्ति र फलदायी वार्ताका लागि के गर्नु जरुरी छ ? १६

**कम्युनिष्ट विश्व :**
● फिलिपिनी कम्युनिष्ट पार्टीले नेतृत्व गरेको जनयुद्ध – *समीर थापा* २६

**विज्ञान र प्रविधि :**
● परलोकका जीवहरुको क्लोनिङबाटै जीवहरु पृथ्वीमा आएको दावी – *तुल्सीदास महर्जन* ३०

**दर्शन :**
● बुद्ध दर्शनका विशेष योगदानहरु – *प्रज्ञानरत्न* ३३

**नीति–संस्कृति :**
● के यो युद्धविरामको बेला पनि माओवादीले चुरीफुरी नै गर्ने हो ? – *चन्द्रदेव नेपाली* ३४

**पर्दा–रंगमञ्च :**
● कथादेश र अग्निको कथा – *गोविन्द वर्तमान* ३५

**किताब :**
● महिला आन्दोलनको स्रोत पुस्तक – *मुक्ता श्रेष्ठ* ३८

**कविता :**
● कछुवा –*कृष्णज्वाला देवकोटा* ३७
● झोला र सपनाहरु –*के.एल.पीडित* ३७

**बहस :**
● घनश्याम भुसालको 'नेपालको अर्थ–राजनीति'सँग सम्बन्धित केही कुरा – *गंगाप्रसाद चौधरी* ४१

**पाठकको कुरो :** ४६



आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः ४१००५९ । फोटो : ए.बी.सी. फोटोज् । कलर सेपरेशनः पोलिइमेज, फोनः २५२५७१ ।
कलाकारहरुः लक्ष्मण भुजेल, जि.डि. साह, यति ग्राफिक्स, फोन : ४३०७५२ । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ७७१४४८

# युद्धविरामलाई दिगो शान्तिमा बदल्ने हो भने



**गत** माघ १५ गते राज्य र माओवादीद्वारा युद्धविरामको घोषणा भएपछि सिंगो राष्ट्रले ठूलो त्राणको अनुभूति गरेको छ । कमसेकम एक महिनायता हरेक दिनजसो दर्जनौं नागरिकको अनाहकमा हत्या भएको दुःखद् खबर कसैले पनि सुन्नु परेको छैन । हत्या, हिंसाको अन्तहीन सिलसिला रोकिएको छ । धराशायी हुन लागेको उद्योग व्यवसायले मुक्त आकाशमा उड्नका लागि पखेटा फिँजाउन थालेको छ । सिंगो मुलुकको निम्ति यो ठूलो खुसीको खबर हो ।

तर युद्धविराम भनेको खालि युद्धरत पक्षहरूको बन्दूक पड्किन रोकिनुमात्र कदापि होइन । युद्धविरामले सर्वप्रथम सम्पूर्ण देशवासीलाई शान्ति सुरक्षायुक्त सामान्य नागरिक जीवनको बहाली भएको अनुभूति दिन सक्नुपर्दछ । तर आश्चर्यको कुरो, युद्धविराम भएको महिनादिन वितिसक्दा पनि देशमा सामान्य नागरिक जीवन बहाली हुन सकेको छैन । सेना अझै भयावह हतियारहरू बोकेर सडक सडकमा तैनाथ देखिन्छ, त्यो अझै ब्यारेकमा फर्किसकेको छैन । शहर-बजारमा समेत सुरक्षा बलको चकचकी यथावत् छ । राजमार्गहरूमा थकित, गलित, वृद्ध-विरामी यात्रुहरूलाई समेत बेला-कुबेला लाम लगाएर चेकिङ्ग गरेर दुःख दिने प्रक्रिया यथावत् छ । खै, आम जनसाधारणले कसरी अनुभूति गर्ने कि देशमा यतिबेला युद्धविराम छ र पहिलेभन्दा स्थिति बदलिएको छ ? आखिर राज्य किन आफ्ना देशवासीलाई सामान्य नागरिक जीवन बहाली भएको अनुभूति दिन अनाकानी गर्दैछ ?

हामीलाई लाग्छ, राज्यको यो व्यवहारले वार्ताको टेबुलमा आउन लागेका विद्रोहीहरूमा शुरूमै व्यापक आशंका र अविश्वास सिर्जना गर्नसक्छ । उनीहरूमा प्रश्न उठ्नसक्छ- कतै युद्धविरामको मखमली पर्दाभित्र हामीलाई दमनद्वारा सिध्याउने चालवाजी त लुकेको छैन ? यो आशंका र अविश्वास सर्वविनाशकारी गृहयुद्धको पुनः थालनीको लागि कारक तत्व बन्नसक्छ । त्यसैले, हामी आह्वान गर्दछौं, देशमा तुरून्तै सामान्य नागरिक जीवनको बहाली होस्; सेना अविलम्ब आ-आफ्नै ब्यारेक वा थान्कोमा फर्कियोस् ।

पोहोरको वार्ता विफल हुनुको एउटा मुख्य कारण युद्धविरामसम्बन्धी आचारसंहिताको अभाव थियो । त्यो गल्तीबाट पाठ सिकेर राज्य र माओवादी दुवै पक्षले शुरूमै आचारसंहिताको निर्माण गर्नुपर्थ्यो । त्यो उनीहरूले गरेनन् । ढिलो भए पनि त्यो गल्ती यसपाली सच्याइनु जरूरी छ । दुवैथरिले हस्ताक्षर गरेर विनाढिलाइ आचारसंहिता जारी गर्नु आवश्यक छ । यस पटक आचारसंहितामा कम्तीमा पनि निम्न शर्तहरू हुनु जरूरी छ :

- राज्य र माओवादी दुवैले एकले अर्कोलाई गर्ने हिंसात्मक, अहिंसात्मक आक्रमण वा अपहरण पूर्णतया बन्द गरिनुपर्ने ।
- दुवैथरिको सेना, मिलिशिया वा प्रहरी आफ्नो आफ्नो ब्यारेकमा वा थान्कोमा फर्किनु पर्ने र त्यहींमात्र सीमित हुनुपर्ने, कुनै पनि बहानामा एक अर्काको सेना, मिलिशिया वा प्रहरी एक अर्कोको क्षेत्रमा प्रवेश गर्न र परिचालित हुनु नहुने ।
- दुवैथरिले थप हतियार नकिन्ने र ओसारपसार नगर्ने, थप सेना भर्ती नगर्ने कुरामा प्रतिवद्ध हुनुपर्ने ।
- राज्य र माओवादी दुवै पक्षले संयुक्त युद्धाभ्यास, तालिम वा कुनै पनि युद्धगत उद्देश्यका लागि विदेशी सेना, सैन्य विशेषज्ञ वा गुप्तचर नेपालमा नल्याउने, ल्याइसकेका र आइसकेकाहरू तुरून्त फिर्ता गर्नुपर्ने ।
- राज्य र माओवादी दुवैथरिले शंकाको आधारमा थुनेका आस्थाका सबै बन्दीहरू युद्धविराम आचारसंहितामा हस्ताक्षर गरेको दिन विनाशर्त रिहा गर्नुपर्ने ।, फौज्दारी अभियोग वा युद्ध अपराधमा पक्रिएकाहरूलाई आम माफीका आधारमा आपसी सहमतिबाट छोडिनुपर्ने । राज्यले पक्रेका, तर हाल बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गर्नुपर्ने ।

राज्यपक्षले आतंकवादी वा विध्वंशात्मक अपराधसम्बन्धी ऐन युद्धविराम सम्झौता भएको दिन खारेज भएको घोषणा गर्नुपर्ने । त्यो खारेज नभएसम्म यो ऐनअन्तर्गत कुनै पनि कानूनी कारवाही नगर्न राज्यपक्ष प्रतिवद्ध हुनुपर्ने ।

- राज्य नियन्त्रित क्षेत्रमा संविधान र कानूनबमोजिम शान्तिपूर्ण आमसभा, जुलूस वा संघर्षको कार्यक्रम गर्न माओवादीलाई राज्यले कुनै रोकटोक नगर्ने, तर आमसभा र जुलुसमा हतियारधारी व्यक्ति कोही पनि हुनुनहुने कुरामा माओवादी पक्ष प्रतिवद्ध हुनुपर्ने ।
- बल प्रयोगद्वारा वा बल प्रयोगको धम्कीद्वारा चन्दा उठाउने कार्य माओवादी पक्षले पूर्णतया बन्द गर्नुपर्ने ।
- हुलाक, जनगणना, स्वास्थ्यसेवा, शिक्षण र सार्वजनिक सेवाका कर्मचारी तथा पत्रकारलाई माओवादी क्षेत्रमा प्रवेश गरी काम गर्न माओवादी पक्षले कुनै रोक नलगाउने ।
- राज्य वा माओवादी क्षेत्रबाट विस्थापित सबै नागरिकहरूले स्वतन्त्रतापूर्वक आफ्नो बसोबास र कामको क्षेत्रमा फर्कन र पुनर्स्थापित हुन पाउने । राज्यले त्यस्तो पुनर्स्थापनको लागि सहयोग गर्नुपर्ने ।
- दुवैथरिको सहमतिमा युद्धविराम सम्झौताको पालना भए नभएको निरीक्षण र निगरानी गर्ने स्वतन्त्र संस्था वा व्यक्तिहरूको अवलोकन संयन्त्र निर्माण गर्ने ।

हामीलाई लाग्छ, वार्ताको क्रम बीचमा टुटे पनि फेरि त्यसलाई जोड्न आचारसंहिता पालना भएसम्म युद्धविराम जारी रहने व्यवस्था यसपटक आचारसंहितामा गरिनुपर्छ । दिगो शान्तिको लागि यो एउटा अपरिहार्य तत्व हो ।

परन्तु आचारसंहिताले बाध्दैमा मात्र दिगो शान्ति स्वतः हासिल भईहाल्दैन । त्यसका निम्ति वार्ताको टेबुल फलदायी र सार्थक हुन सक्नुपर्दछ । देशमा प्रतिगमन भएको अहिलेको क्षणमा गोलमेच सम्मेलनको रूपमा वार्ताको टेबुल पनि प्रतिगमनविरोधी संयुक्त संघर्षको एउटा महत्वपूर्ण थलो हो । यो थलोमा फलदायी र सार्थक वार्ताका निम्ति माओवादी पक्ष, संसदीय पार्टीहरू र नागरिक समाजबीच साझा न्यूनतम समझदारी र साझा न्यूनतम उद्देश्य र एजेण्डा बन्नु अत्यावश्यक भएको छ । नागरिक समाज वार्ताको टेबुलमा साक्षीको रूपमा उपस्थित हुनु

उपयुक्त हुन्छ । एउटा उपलब्धिमूलक वार्ताको लागि थुप्रै अनौपचारिक संवाद र वार्ता हुनु जरूरी हुन्छ ।

प्रतिगमनविरोधी सबै शक्तिहरूबीच शंका, उपशंकाको स्थिति ल्याउन प्रतिगामी शक्ति मरिमेटेर लागेको देखिएको छ । यसमा सम्बन्धित सबै पक्ष चनाखो हुनु र आपसी शंका, उपशंकाहरू सडकमा पोखेर होइन, संवादको माध्यमद्वारा हल गर्ने उपाय अपनाउनु बुद्धिमत्तापूर्ण हुन्छ ।

हामीलाई लाग्छ, यसपटक पनि हलो गएर संविधान सभाको विषयमै अड्किनेछ । तर स्थिति पोहोरभन्दा फेरिएको छ । सबै प्रमुख राजनीतिक शक्तिहरू यतिखेर संविधान सभाको निम्ति पोहोरभन्दा ज्यादा खुला र सकारात्मक भएका छन् । तर यसमा आपत्ति हुनेवाला छ र हलो अड्किनेवाला छ- दरवारको तर्फबाटै । दरवारलाई संविधान सभाको सवालमा सकारात्मक बनाउन नै यतिखेर सबैको ध्यान केन्द्रित हुनु आवश्यक छ । संविधान सभाबाट आफ्नो अस्तित्व मेटिने डर नै दरवारको संविधान सभाप्रतिको आपत्तिको मुख्य कारण हुनसक्छ । यो डरलाई संबोधन गर्ने उपाय निकाल्न सक्दा नै दरवार यसमा सहमत हुने संभावना रहन्छ । तर संविधानसभा त निःशर्त नै हुनुपर्ने हुन्छ । नत्र यसको अर्थ रहँदैन ।

हामीलाई लाग्छ- यसपटक २०४६ सालको उपलब्धिको रक्षाका साथै संविधान सभाबाट यी पाँचवटा नयाँ उपलब्धिहरू हासिल गर्न प्रयत्न गर्नुपर्ने हो कि ?

१. सेनालाई सुस्पष्ट रूपमा संसद र नागरिक सरकारको मातहतमा ल्याउने व्यवस्था ।
२. संविधानमा जनमत संग्रहको व्यवस्था र जनमत संग्रहमार्फत् शान्तिपूर्ण ढंगले संविधानको र कानूनको कुनै पनि प्रावधान बदल्न सकिने व्यवस्था ।
३. जिल्लाहरूको भाषिक/जातीय बाहुल्यको आधारमा पुनर्संरचना र जिल्लाहरूलाई क्षेत्रीय/जातीय स्वायत्त शासनको व्यवस्था ।
४. पूर्ण रूपले भाषिक, लैंगिक, धार्मिक र जातको समानताको व्यवस्था ।
५. शिक्षा र स्वास्थ्यलाई नागरिकहरूको मौलिक हक र राज्यको दायित्व मान्ने व्यवस्था ।

यी ५ वटा राजनीतिक उपलब्धिका साथसाथै व्यापक आर्थिक-सामाजिक परिवर्तनको कार्यक्रम यस पटकको वार्ताबाट हासिल गर्न सकियो भने त्यो नेपालको दिगो शान्तिको लागि निर्णायक कुरो हुनेछ । नेपालमा पूँजीवादी जनवादी क्रान्तिको पूर्णताको लागि पनि यो निर्णायक कुरो हुनेछ ।

अहिले निहित स्वार्थ भएका केही विदेशी शक्तिहरू वार्ता विफल पार्न लागिपरेको देखिएको छ । राज्यपक्ष माओवादी पक्षको तुलनामा वार्ताका लागि पटक्कै गम्भीर देखिएको छैन । राज्यपक्ष वार्तालाई पछि सार्न जोडबल गर्दैछ । यस्तो स्थितिमा वार्ता शुरू नै नहुँदै युद्धविराम तुहिनसक्ने संभावना देखापरेको छ । यो संभावनाउपर सम्पूर्ण शान्तिप्रेमी नागरिकहरू चनाखो हुनु जरूरी भएको छ । ❑



# के समस्या देखापरेका छन् शान्तिवार्ता प्रक्रियामा ?


## माओवादी अध्यक्ष प्रचण्डको ताजा भनाइ

**युद्धविराम** र वार्ता प्रक्रियालाई हाम्रो पार्टीले अत्यन्त गंभीरतापूर्वक लिंदै, सत्तापक्षबाट पनि त्यही गंभीरताको अपेक्षा गरेको कुरा सर्वविदित्तै छ । हामीले वार्ताको सहज र विश्वासयोग्य वातावरण निर्माण गर्न आफ्नो तर्फबाट अधिकतम प्रयत्न गर्दै आएको कुरा पनि कसैबाट छिपेको छैन । तर, सत्तापक्षबाट युद्धविराम भएको एक महिना बित्न लाग्दा समेत वार्ताको पक्षमा कुनै सकारात्मक र ठोस कदम नचाल्नुले स्थितिलाई असहज र आशंकामय बनाउँदै लगेको छ । जो, जहाँ छ, त्यो त्यहीं रहने युद्ध-विरामको सर्वमान्य परिभाषा विपरित सत्तापक्षबाट युद्धविरामपछि झन चेकिङ्ग, धरपकड र सादा पोशाकमा सुराकी बढाएर लाने काम गर्नु, आस्थाका बन्दीहरूको स्थिति सार्वजनिक गरी रिहाइको प्रक्रिया थाल्नुको बदला अदालतले रिहा गरेकाहरूलाई समेत पक्डेर थुन्ने काम गर्नु आदिले ठूलो विडम्बनाको मात्र संकेत गर्दछ । देशका विभिन्न जिल्लामा यस अवधिमा दर्जनौं राजनैतिक कार्यकर्ताहरूलाई गिरफ्तार गर्नु तथा कंचनपुरमा युद्ध-विरामको पालना गर्दै शान्तिपूर्वक बसिरहेको जनमुक्ति सेनाको एउटा सानो टुकडीलाई घेरा हाली हतियारसहित गिरफ्तार गर्नुले सत्तापक्षबाट भएको युद्ध-विरामको गंभीर उल्लंघनलाई स्पष्ट गर्दछ । हामी सत्तापक्षसंग यस प्रकारका युद्ध-विराम भंग हुने र वार्ता विथोलिने गैर-जिम्मेवार गतिविधिलाई अविलम्ब रोक्न तथा युद्ध-विरामपछि हतियारसहित गिरफ्तार गरिएकाहरूलाई हतियारसहित रिहा गर्न र अन्य आस्थाका बन्दीहरूको स्थिति सार्वजनिक गर्दै र रिहाको प्रक्रिया थालेर वार्ताको प्रक्रियालाई गंभीरतापूर्वक अगाडि बढाउन जोडदार आग्रह गर्दछौं । साथै देश र जनताको भविष्यप्रति चिन्तित एवं वार्ताद्वारा समस्याको समाधान चाहने सबै राजनैतिक शक्ति, वौद्धिक समुदाय, मानव अधिकारवादी, संघ-संस्था, पत्रकार एवं आम जनसमुदायसँग युद्धविराम भंग गर्ने र वार्ता विथोल्ने देशी विदेशी तत्व, प्रवृत्ति र गतिविधिका विरूद्ध संयमित र जिम्मेवारपूर्ण ढंगले तर तदारूकताका साथ आवाज उठाउन हामी हार्दिक अनुरोध गर्दछौं ।

हामी युद्धविराम र वार्ताको माध्यमबाट जनसमुदायको शान्ति, स्वतन्त्रता र प्रगतिको आकांक्षाअनुसार आर्थिक, राजनैतिक र सांस्कृतिक परिवर्तनसहितको निकास खोज्न प्रतिबद्ध भएर आएका छौं । देश र जनताप्रतिको हाम्रो यो समर्पित जिम्मेवारीवोधलाई कमजोरी ठानेर हल्का टिप्पणी गर्ने तथा भ्रम र आशंका फैलाउने काम हावी हुँदै गएमा र हामीलाई बाध्य पारिएमा देश र जनताकै निमित्त अन्तसम्म लड्ने हाम्रो दृढ राजनैतिक इच्छाशक्ति र प्रतिबद्धतामा कुनै कमी नआएको तथ्य पनि हामी सबैसँग स्पष्ट गर्न चाहन्छौं । हामीले कुनै राजनैतिक प्रचारबाजीका निमित्त यो कुरा भनिरहेका छैनौं, अपितु वास्तविकतालाई मात्र अभिव्यक्त गरिरहेका छौं । जनसमुदाय र हाम्रो पार्टीको धैर्यको परीक्षा लिने काम गर्नु कसैको हितमा हुने छैन । शान्ति, स्वतन्त्रता र प्रगति सुनिश्चित गर्ने अग्रगामी निकास देश र जनताको आवश्यकता र आकांक्षा हो । अत: युद्धविराम र वार्ता प्रक्रियालाई त्यो आवश्यकता र आकांक्षाअनुसार सफल तुल्याउनका लागि एकजुट हुन सम्पूर्ण जनपक्षीय राजनैतिक शक्ति, वौद्धिक समुदाय एवं आम जन-समुदायसँग पुनः हार्दिक अनुरोध गर्दछौं । ❑


> हामी जनसमुदायको शान्ति, स्वतन्त्रता र प्रगतिको आकांक्षाअनुसार आर्थिक, राजनैतिक र सांस्कृतिक परिवर्तनसहितको निकास खोज्न प्रतिबद्ध भएर आएका छौं

(१३ फाल्गुण, २०५९ को वक्तव्य)



# एमालेको जनकपुर महाधिवेशन

■ उजिर मगर



'प्रतिगमनका विरूद्ध अग्रगामी निकास' दिने घोषणासहित जनकपुरमा केन्द्रित नेकपा (एमाले) यतिबेला सातौं महाधिवेशन सम्पन्न गरेर फर्किसकेको छ । मुलुकको जटिल परिस्थिति र त्यसलाई सामना गर्दै महाधिवेशनमा जुटेको एमालेले आफ्नो राजनीतिक कार्यक्रम, भावी कार्यदिशा र नेतृत्व चयन गर्ने काम संपन्न गरेको छ ।

आफूलाई अग्रगामी परिवर्तनकारी शक्तिको रूपमा दावी गर्दै आएको एमालेको जनकपुर महाधिवेशनले वास्तवमा के सन्देश दियो ? देशमा रहेको वर्तमान संकट मोचनको उपायसहित यसले 'नयाँ नेपाल'को कस्तो खाका तय गर्‍यो र प्रतिगमनका विरूद्धको आन्दोलनलाई कसरी सशक्त रूपमा वार-पारको टुंगोमा पुर्‍याउने भन्नेबारे के कस्तो निर्णय गर्‍यो ? एमालेको महाधिवेशन समापनपछिका यतिका दिन बितिसक्दा पनि यी जिज्ञासाहरू जनमानसमा उठीनै रहेका ।

'काठमाडौंमा घन्ट बजाएर शुरू गरेको आन्दोलनलाई, जनकपुरमा शंख फुकेर गति प्रदान गर्ने प्रतिवद्धतासहित प्रतिगमन विरूद्धको सडक आन्दोलनलाई मत्थर पार्दै एमाले जनकपुरमा केन्द्रित भएको थियो ।

सांगठनिक हिसावले एमालेको शक्ति ठूलो हो । आफूसँग रहेको शक्तिलाई परिचालन गर्ने गरी संकट मोचनका लागि राजनीतिक नेतृत्व गर्ने गरी एमाले महाधिवेशनबाट फर्किन्छ भन्ने आशा धेरैको रहेको हो । तर, जुन आशा गरिएको थियो, त्यसमा यसले उल्लेखनीय र ठोस उपलब्धी हासिल गर्न नसकेको देखिन्छ ।

## महाधिवेशनको मुख्य राजनीतिक निर्णय

राजाको कदमपछि धारा १२८ को मर्म अनुसार सर्वदलीय सरकारको माग गर्दै आएको एमालेले त्यसबाट एक पाइला अघि बढेर यो महाधिवेशनबाट सबै विकल्प खुला गर्‍यो । यो राजनीतिक निर्णयमा एमाले यथास्थितिबाट केही माथि उठेको देखिन्छ । तर, ती विकल्पलाई मूर्त बनाउन भने यसले सकेन । मुलुकको वर्तमान अवस्था र जनताको चाहना अनुकूलको नयाँ रूपरेखा कोर्न यसले सकेन ।

'मुलुकको वर्तमान राजनीतिक परिस्थितिको अग्रगामी निकासका लागि हाम्रो पार्टीले जनअभिमतको निर्णायक भूमिकाको आधारमा मुलुकमा विद्यमान राजनीतिक समस्याको समाधान खोजिनु पर्छ भन्ने कुरा राख्दै आएको छ', महाधिवेशनबाट पारित राजनीतिक प्रतिवदेनमा उल्लेख छ ।

'यस सन्दर्भमा विभिन्न विकल्पहरूको विश्लेषण गर्दै जनमत संग्रह जस्तो प्रजातान्त्रिक अभ्यासको प्रस्ताव पहिले नै अघि सारेको हो । अझ सरकार र माओवादीले युद्ध बिरामको घोषणा गर्दै वार्ता शुरू गरिसकेको वर्तमान परिवर्तित राजनीतिक परिस्थितिमा सबै सम्भव विकल्पहरू खुला राखेर अघि बढ्ने विचार अघि सारेको छ ।'

**एमालेको जनकपुर महाधिवेशनले वास्तवमा के सन्देश दियो ?**

संवाद, सहमति र वस्तुस्थितिको आधारमा विकल्पहरूको निर्धारण हुने औंल्याउँदै एमालेले यो निर्णय लिएको हो ।

पार्टीको नीति निर्माण, नेतृत्व चयनका लागि सर्वोच्च निकाय मानिने महाधिवेशनले विकल्पहरूलाई यसरी खुला गरेपनि उसको सांगठनिक क्षमताको आधारमा राजनीतिक अगुवाई गर्ने निर्णयमा एमाले अपुरो नै देखिन्छ ।

हरेक राजनीतिक घटना क्रममा ढुलमुले नीति लिएको आरोप खेपीरहेको एमालेलाई यतिबेला आफ्नो छवी सच्चाउने मैका थियो । तर, एमालेले पछिल्लो राजनीतिक घटनाक्रमलाई पुन : बहसमा लान सकेन ।

०४६ को जनआन्दोलनका उपलब्धिको रूपमा स्थापित जनताको सार्वभौम सत्ता र प्रजातान्त्रिक अधिकार संरक्षणका लागि अघि बढ्न र राजाको प्रतिगमनकारी कदमका विरूद्ध आन्दोलनमा उत्रन महाधिवेशनबाट आव्हान गरिएको छ, जुन सहमतिमा चार संसदवादी दलहरू पहिल्यै पुगेका थिए । अब, भावी दिनमा त्यसलाई कसरी नेतृत्व दिने भन्ने बारेमा एमालेले ध्यान दिनु जरूरी ठानेन ।

## युद्धविरामले एमालेको महाधिवेनमा पारेको प्रभाव

एमालेको सिंगो पार्टी पंक्ति जनकपुरमा केन्द्रित रहेकै बेला महाधिवेशन शुरू हुनु ४८ घन्टापहिले सरकार-माओवादीबीच युद्धविरामको घोषणा भयो । उक्त घोषणा अप्रत्याशित रूपमा आएको बताउँदै एमालेले त्यसलाई सकारात्मक रूपमा लियो । यद्यपि युद्धविराम घोषणामा केही रहस्य हुनसक्ने आशंका गर्दै वार्ता प्रक्रियालाई पारदर्शी बनाउनु पर्नेमा यसले जोड दियो ।

'कुन विकल्पमा जानु उपयुक्त हन्छ भन्ने कुरा संवाद, सहमति र वस्तुस्थितिको आधारमा निर्धारण हुन्छ । तसर्थ वर्तमान जटिल राजनीतिक परिस्थितिमा कुनै एउटै मात्र विकल्पले समस्याको समग्र समाधान दिन्छ भन्ने ठानेर त्यसैमा आफूलाई सीमित गर्नु उचित हुँदैन,' युद्धबिराम लगत्तै महासचिव माधवकुमार नेपालले आफ्नो प्रस्तावमा थप्नु भयो, जसलाई हलले पारित समेत गर्‍यो ।

युद्धबिरामपछि मुख्य रूपमा तीन वटा विषयमा एमालेको बढी ध्यान गयो । पारित राजनीतिक प्रतिवेदनमा भनिएको छ- 'यस्तो विकल्पमा जाँदा २०४६ सालको जनआन्दोलनका उपलब्धि- जनताको सार्वभौमिकताको सम्मान तथा प्रजातन्त्र र बहुदलीय व्यवस्थाको रक्षा, सुदृढीकरण र विकासमा ध्यान दिनुपर्छ ।'

यसबीचमा एमाले मुलुकका शक्ति पहिचानमा पनि स्पष्ट भएन । ०४७ सालमा भएको त्रिपक्षीय (राजा, कांगेस, वाममोर्चा) शक्ति सन्तुलन खलबलिएको निष्कर्षमा एमाले पुगेको छ । दरबारले प्रतिगमनको नेतृत्व, माओवादीले अराजकतावादको नेतृत्व, कांग्रेसले यथास्थितिवादको नेतृत्व गरेको ठहर गर्दै यसले आफूलाई चाहिं अग्रगामी परिवर्तनकारी शक्तिको रूपमा दावी गरेको छ ।

तर, पहिचान गरेका दुई ध्रुवबीच भएको युद्धविरामपछिको शक्ति सन्तुलनलाई कसरी

विश्लेषण गर्ने भन्नेतर्फ महाधिवेशन स्थलमा बहस गरिएन । 'युद्धविरामको इमान्दारीपूर्ण कार्यान्वयन तथा वार्ता सार्थक र परिणाममुखी हुनुपर्छ । यसका लागि वार्ता पारदर्शी हुनुपर्छ र राष्ट्रिय सहमतिको आधारमा मुलुकलाई अग्रगामी निकास दिने हुनुपर्छ । हाम्रो दृष्टिकोण र माग पनि राष्ट्रले सामना गर्नुपरिरहेको संकट समाधानको लागि यथोचित विकल्पहरूको खोजिमै लक्षित छ', यसरी विकल्पहरूको खोजीतर्फ लक्षित भएको संकेत गर्दै एमालेले अमूर्त निर्णय दियो ।

## एमाले महाधिवेशनमा संविधान सभाको चर्चा

प्रतिगमनका विरूद्ध संयुक्त संघर्षको सभा एजेन्डा विकास गर्न एक मात्र विकल्प संविधान सभामा जान पार्टी तयार हुनुपर्छ भनी केन्द्रीय सदस्य शंकर पोखरलेले महाधिवेशनमा 'संकटको अग्रगामी निकासका रूपमा संविधानसभा' भनेर आफ्नो फरक मत जाहेर गर्नुभएको थियो ।

मूलतः सुदृढ वहुदलीय व्यवस्था स्थापना गर्न, माओवादी समस्याको शान्तिपूर्ण समाधान खोज्न, त्रिपक्षी राजनीतिक द्वन्द्वलाई हल गर्दै नयाँ शक्तिसन्तुलन निर्माण गर्न, वहुलवादी सामाजिक चरित्रअनुरूप राज्यसत्ताको पुनः संरचना गर्न, संवैधानिक अभ्यासका क्रममा देखिएका कमजोरीहरू हटाउन, जनताको वहुलीय जनवादको दिशामा एक कदम अघि बढ्न लगायत बिषयमा केन्द्रित रही पोखरेलले आफ्नो फरक मत अघि सार्नुभएको थियो ।

तर, फरक मतका लागि पुनः संस्थापन पक्षबाट मुकुन्द न्यौपाने र रघु पन्तले त्यसका विरूद्धमा आफ्नो फरक मत जाहेर गरे । पोखरेलले आफ्नो फरक मत प्रस्तुत गरेपनि त्यसलाई फरक मतका रूपमा लिइएन । उक्त सुझावलाई समावेश गर्दै महासचिवको प्रतिवेदनमा समावेश गरी सुनाइयो । आफ्नो फरक मतमा मतदानसम्ममा जाने पोखरेलले दावी गरेपनि पछि त्यो संभव भएन ।

'संविधान सभासहित सबै विकल्प खुला राख्ने भनेर महासचिवले राजनीतिक प्रस्ताव खुला गरेपछि मेरो मत पनि त्यसैमा समावेस गरियो', राजनीतिक तथा सांगठनिक प्रतिवेदन पारित भएपछि पोखरेलले भन्नुभयो- 'मैले राखेको मतलाई फरक मत भनेर समावेश गरिएन, यो महासचिवकै राजनीतिक दस्तावेजमा समावेश भएर आयो । पार्टीलाई यो कदमसम्म लिने बनाउनुमा मेरो फरक मतको मुख्य भूमिका रह्यो ।'

## केपी ओलीको फरक विधान मसौदाको प्रस्ताव र स्थगन

पार्टीलाई अध्यक्षात्मक प्रणालीमा लगी 'प्रजातान्त्रिकरण' गरिनुपर्ने माग गर्दै नेतृत्व पंक्तिको खरो आलोचना गरी महाधिवेशनमा उत्रेका केपी ओलीले अन्ततः फरक मत फिर्ता लिनुभयो ।

राजनीतिक तथा सांगठनिक र विधान संशोधन मसौदा सबै विषयमा छलफल गर्न दश समूहमा प्रतिनिधिहरूलाई विभाजन गरिएको थियो ।

१ हजार १२ जना प्रतिनिधिहरूलाई ९० देखि १ सय ३ जनासम्म गरी विभाजन गरिएको प्रत्येक समूहमा ओलीको प्रस्तावमा ३ देखि ७ जना मात्र देखिएका थिए । एक समूहमा भने १९ जनाले अध्यक्षात्मक प्रणालीमा जानु पर्ने बताएका थिए ।

प्रत्येक समूहबाट ओलीलाई मत फिर्ता लिन सुझाव आएको थियो । मतदानमै गएर आफ्नो विधान पारित गराउने सूरमा रहेका ओली, वामदेव गौतमहरूले सबै समूहमा उत्साहजनक स्थिति नदेखिएपछि फरक मतको विधान फिर्ता लिनुभएको थियो ।

'संस्थापन पक्षले एक इञ्च पनि लचकता देखाएन, मैले पार्टी एकता र भावानात्मक एकताका लागि आफ्नो फरक विचार फिर्ता लिएँ', ओलीले आफ्नो मत फिर्ता लिएपछि भन्नुभएको थियो ।

आफ्नो पक्षमा ६० प्रतिशत देखिएको औल्याउँदै मत फिर्ता लिएको एकाविहानै आयोजना गरिएको पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो- 'अझै मेरो पक्षमा ६० प्रतिशत प्रतिनिधि रहेको विश्वास गर्छु । तर, दावी गर्दिन, त्यहाँ मतदान भएन ।'

## नेताभन्दा प्रतिनिधि परिपक्व

छैटौं महाधिवेशनको फूटको अवस्थालाई संझेर प्रतिनिधिहरूले यो महाधिवेशनमा बहस, छलफलमा त्यति खुलेर बोल्न चाहेनन् । तर, हलभित्र हुने

**महाधिवेशन प्रतिनिधिहरूले आफ्नो परिपक्वता देखाउँदै मुलुकको अवस्थामा पार्टीलाई एकीकृत बनाएर लानु पर्नेमा बढी जोड दिएका थिए**

हुटिङ्ग र हल्लामा प्रतिनिधिहरू केन्द्रित भएनन् । प्रतिनिधिहरूले आफ्नो परिपक्वता देखाउँदै मुलुकको अवस्थामा पार्टीलाई एकीकृत बनाएर लानु पर्नेमा बढी जोड दिएका थिए ।

त्यसैको फलस्वरूप ओलीलाई सबै समूहबाट फरक विधान मसौदा फिर्ता लिन आग्रह गरिएको थियो । 'संस्थापन पक्षले एक कदम लचकता पनि देखाउन चाहेन, मैले कार्यकर्ताको भावना बुझेर पार्टी तथा कार्यकर्ताको भावानात्मक एकताको लागि मेरो प्रस्ताव स्थगन गर्छु', ओलीले हलमा उक्त घोषणा गर्दा प्रतिनिधिहरूले भन्डै तीन मिनेट ताली बजाएर स्वागत गरेका थिए ।

प्रतिनिधिमध्ये केही महिला प्रतिनिधिहरू भने ओलीले प्रस्ताव फिर्ता लिएपछि धुरूधुरू रोएका थिए ।

## नेतृत्वमा पुरानै अनुहार

महाधिवेशनले ४३ पूर्ण र १२ बैकल्पिक केन्द्रीय सदस्यको चयन गरेको छ । नव निर्वाचित बैकल्पिक सदस्यबाहेक सबै पुरानै अनुहारका छन् । नयाँ अनुहारमा गोकर्ण बिष्ट, रामजी शर्मा, उर्मिला अर्याल, तुलबहादुर गुरूङ, रत्नेश्वर गोइत लगायत छन् । ५५ केन्द्रीय सदस्यका लागि १ सय ७ जनाले उम्मेदवारी दिएका थिए, जसमध्ये नेपाल र ओली पक्षबाट छुट्टा-छुट्टै लिस्ट वितरण गरी प्रचार गरिएको थियो ।

उम्मेदवारमध्ये १३ महिला उम्मेदवार रहेकामा चार पूर्ण र एक बैकल्पिक गरी पाँच महिला निर्वाचित भएका छन् । एमाले गठनपछि पहिलो पटक दलित समुदायबाट छविलाल विश्वकर्मा बैकल्पिक सदस्यमध्ये सबै भन्दा बढी ७ सय ७७ मत प्राप्त गरी नेतृत्वमा पुग्नु भएको छ ।

कुल १ हजार १२ मतदातामध्ये ९ सय ९७ मत खसेको थियो । ती मध्ये ९ सय ७८ सदर मत थियो ।

छानिएका केन्द्रीय सदस्यमध्ये अशोक राईले सबै भन्दा बढी ८ सय ५१ मत प्राप्त गर्नुभएको छ । झलनाथ खनालले ८ सय २४, भरतमोहन अधिकारीले ८ सय २२, सहाना प्रधानले ८ सय १७ मत पाएका थिए । माधवकुमार नेपाल ८ सय ७ मत प्राप्त गरी पाँचौ स्थानमा रहनुभएको थियो । ओलीले ७ सय ९ प्राप्त गरी सत्रौ स्थानमा पुग्नुभयो । वामदेब गौतमले ७ सय ६० मत प्राप्त गर्नुभएको थियो ।

कुल मतदाता मध्ये १५ जनाले मतदानमा भागै लिएका थिएनन् । १९ जनाको मत रद्द भएको थियो, जसमध्ये २० जनाले नेपाल, ओली दुबै नेतालाई भोट नदिएको मत पत्रमा देखिएको थियो । नेतृत्व चयनमा क्षेत्रीय, जातीय, लिङ्गीय आधार मिलाए पनि कर्णाली क्षेत्रबाट प्रतिनिधित्व गराइएको छैन ।

ओली पक्षबाट बिशेष प्रतिव्दन्दी मानिने ईश्वर पोखरेल, रघु पन्त, भीम रावल, विष्णु पौडेल बिरूद्ध ओली पक्ष सक्दो लागिपरेको थियो । पूर्ण सदस्यमा रामचन्द्र झाले सबै भन्दा कम मत ४ सय ५९ र बैकल्पिकमा रामजी शर्माले ४ सय २३ मत प्राप्त गरी निर्वाचित भएका छन् ।


माले एकीकरणपछि नेपाल पक्षमा देखिएका सिद्धिलाल सिंह, किरण गुरूङ, त्रिलोचन ढकाल बिजयी भएका छन् भने वामदेव गौतमसँगै ओली पक्षमा रही उम्मेदवार बनेका बालाराम बाँसकोटा, एकताका तेस्रो धारका रूपमा चिनिएका घनश्याम भुसाल पराजित भएका छन ।

केन्द्रीय कमिटी र विभिन्न विभागका गरी १२ जना पुराना नेताहरू पराजित भएका थिए । पराजित हुने पुरानो कमिटीका सदस्यहरूमा गुरू बराल, सीतानन्दन राय, अनुशासन विभागका सचिव देवेन्द्र घिमिरे, सभापति नरबहादुर खाँड, सल्लाहकार समितिका सचिव वीरबहादुर सिंह लगायत छन् ।

नेतृत्व छनौटमा नेपाल पक्षबाट प्रस्ताव गरिएका सबै उम्मेदवार बिजयी हुनुमा पार्टीभित्रको बलियो गुटबन्दी कारक रहेको देखिन्छ । यो छनौटमा ओली पक्षमा देखिने ६ जनाभन्दा बढी छैनन् ।

प्रतिगामीविरोधी आन्दोलनको अगुवाई माधवकुमार नेपालले गर्न नसकेको भन्ने आरोप आइरहेको समयमा महाधिवेशनले पुनः नेपाललाई महासचिव चुनेपछि अब एमालेले कस्तो भविष्य निर्धारण गर्ला भन्ने चुनौतिपूर्ण प्रश्न एमालेका सामु खडा भएको छ । ❑

> महाधिवेशनले पनि तिनै मृतप्रायः र टिठलाग्दा अक्षर र शब्दावलीलाई मात्र अनुमोदन गर्‍यो ●




# सातौं महाधिवेशनको राजनीतिक पोष्टमार्टम

नारायण ढकाल


**नेकपा एमाले**को सातौं राष्ट्रिय महाधिवेशन अत्यन्त शिथिल कार्यनीतिक सन्देशहरू स्थापना गरेर समापन भयो । महाधिवेशनले नेपाली राजनीतिको चुनौति र गम्भीर पर्यावरणमाथि कुनै पनि कोणबाट सार्थक र अग्रगामीहस्तक्षेप गर्न सकेन । फलतः त्यो ऐतिहासिक घटना नेपाली राजनीतिको एउटा सनातन र सामान्य कार्यतालिकाभन्दा माथि उठ्न सकेन ।

यो महाधिवेशनमाथि धेरै बौद्धिक र तार्किक कोणबाट सकारात्मक आशाहरू नगरिएको चाहिं होइन । एमाले, नेपालको वाम तथा प्रजातान्त्रिक वृत्तमा एउटा अग्रगामी संकाय बनोस् भनी शुभकामना राख्नेहरू प्रशस्त थिए । महाधिवेशनको पूर्वसन्ध्यामा सबै पक्षले कामना पनि गरे कि त्यो समूह विगत एक दशकयता आफैंले निर्माण गरेको राजनीतिक र वैचारिक चक्रव्यूहबाट मुक्त होस् र यो महाधिवेशनले अहिलेका आसन्न चुनौतिहरूमा आफ्नो प्रभावशाली ठाउँ खोजोस् । गतिरोधहरू ध्वंश गर्न अग्रमोर्चामा आफूलाई उभ्याओस् र सैद्धान्तिक एवं वैचारिक अन्योलहरू सफा पारोस् । तर लगातार पाँच दिन, पाँच रातको महाधिवेशनमा निर्धारित कार्य व्यापारले एमालेलाई न त नेपाली प्रजातान्त्रिक आन्दोलनको अग्रमोर्चामा रहने योग्यता प्रदान गर्‍यो, न त वामपन्थी आन्दोलनको अगुवाई गर्ने क्षमता छ भनी सिद्ध गराउने लक्षणहरू नै प्रदर्शन गर्न सक्यो, जसले गर्दा यो समूहको परिचय के हुनुपर्थ्यो र के भयो भन्ने सवालहरू नै अहिलेको राजनीतिक विमर्शको शीर्ष स्थानमा रहन गए ।

केही वर्षदेखि यता नेकपा एमालेले आफ्नो मौलिक राजनीतिक छविमा क्रमशः क्षयीकरण गरिरहेको छ । क्षयीकरण हुनुको पछाडि केही मूलभूत कारणहरू छन्, जसको नयाँ सन्दर्भमा मार्क्सवाद-लेनिनवादका संघटक अंगसित गम्भीर सम्बन्ध र सरोकार छ । जस्तो कि- पाँचौ महाधिवेशनपछि शास्त्रीय ढाँचाको कार्यक्रम नौलो जनवादमा एमालेले परिष्कार र नयाँ खोंजको आरम्भ गर्‍यो । यो कार्यक्रम जनताको बहुदलीय जनवादको शीर्षकमा पारित भयो । निश्चित हो- यो कार्यक्रमले निर्दिष्ट गरेका र वामआन्दोलनको इतिहाससित जोडिएका केही यक्ष प्रश्नहरू युगको माग र वास्तविकताको धरातलमा उभिएका थिए । तर पनि जनताको बहुदलीय जनवादको नाममा आएको कार्यक्रमको रूप र अन्तर्यमा थुप्रै अपूर्णताहरू थिए । सरसर्ती पढ्दा जनताको बहुदलीय जनवाद र वेष्ट मिनिस्ट्रल बान्कीमा कुनै आधारभूत भिन्नता नदेखिने अवस्था थियो । यो कुरालाई सच्याउनु सातौं महाधिवेशनको महत्वपूर्ण कार्यभारभित्र पर्दथ्यो । तर सातौं महाधिवेशनमा पारित राजनीतिक प्रतिवेदन र प्रस्तावले सिद्धान्तको क्षेत्रमा ज्वलन्त बनेका वैचारिक प्रश्न र सिङ्गो पार्टीको समीकरणलाई कुनै कोणबाट पनि हस्तक्षेप गरेनन् । पहिले नै महासचिवद्वारा प्रस्तुत मस्यौदा प्रतिवेदनमा कुनै राजनीतिक गुदी थिएन ।

वामपन्थी आन्दोलनमा स्वतन्त्रताको प्रश्न, साम्राज्यवादी भूमण्डलीकरणको प्रश्न, श्रम र पूँजीको अन्तरविरोधको प्रश्न, महिला मुक्तिको प्रश्न र दलित-आदिवासी जनजाति एवं क्षेत्रीय असन्तुलनको प्रश्नमा आँखा चिम्लनु नै त्यो अठहत्तर पृष्ठको घिसेपिटे लेखनको महत्वपूर्ण विशेषता थियो । तर दुःखको कुरो महाधिवेशनले पनि तिनै मृतप्रायः र टिठलाग्दा अक्षर र शब्दावलीलाई मात्र अनुमोदन गर्‍यो । र, कम्युनिष्ट आन्दोलनले उठाउनुपर्ने यी महत्वपूर्ण कार्यभारबाट आफूलाई बहिर्गमन गरायो । यही नै सारांश हो- सिङ्गो सातौं महाधिवेशनको ।

अर्को, महाधिवेशनले मूर्त रूपमा पारित गरेको 'राजनीतिक संभावनाका सबै विकल्प र ढोकाहरूलाई खोल्ने' भन्ने धारणा आफैंमा निक्कै चर्चित र विवादास्पद बन्न गएको छ । यही कुराले बताउँछ- नेपाली राजनीतिक धरातलमा एमालेले आफ्नो परिचय र आकार क्रमशः गुमाउँदै गइरहेको छ । अर्थात् मुलुक संविधान संशोधनको दिशामा गयो भने पनि ठीकै छ, अथवा जनमत संग्रहको दिशामा गए पनि ठीकै छ, अथवा संविधान सभाको बाटोमा गए पनि ठीकै छ भन्ने धारणा नै 'सबै विकल्पहरू खुल्ला गर्ने' राजनीतिक 'विचार'को अन्तर्य देखिन्छ । अब यहाँ कुनै गम्भीर, बौद्धिक र संवेदनशील किसिमले होइन, सिधासाधा किसिमले प्रश्न उठ्छ- यो भनेको के हो ? एमालेको आफ्नो स्थिर र मौलिक अडान चाहिं के हो ? अर्थात्



'जता भत्क्यो, त्यतै दैलो' भन्ने नेपाली उखानको आदर्श अनुयायी हुन खोजेको त होइन एमाले ? आफ्नो महाधिवेशनबाट त्यत्रो परिश्रम, मेहनत, साधन र समयको प्रयोगबाट प्राप्त गरेको गुदी त्यही हो कि 'राजनीति तरल भएकोले' सबै संभावनाहरू वस्तुगत र यथार्थ छन् ? आहा ! धन्य भनिएन कि राजनीतिक स्थिति तरल भएकोले यथास्थितिमा रहनु वा प्रतिगामी दिशातिर फर्किनु पनि संभावनाका उत्तम र वस्तुनिष्ठ विकल्प हुन् ।

नेकपा एमालेको नेतृत्व तहले यस्तो द्विविधा प्रदर्शन गर्न थालेको कुरा नयाँ पटक्कै होइन । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले संसद विघटन गरेपछि चुनावमा जाने या संसदको पुनर्स्थापना हुने दुईवटा बाटाहरू खुलेका थिए । संसद विघटनको मुद्दा सर्वोच्च अदालतमा थियो । नेपाली कांग्रेस (कोइराला) नेकपा मसाल, एकताकेन्द्र र नेमकिपाहरू स्पष्ट रूपमा विघटनको विरूद्ध संसद पुनर्स्थापनाको पक्षमा थिए । तर नेकपा एमालेमात्रै एउटा त्यस्तो समूह रह्यो, जसले एकैपटक चुनाव वा संसदको पुनर्स्थापनालाई समर्थन गऱ्यो । एकातिर, प्रधानमन्त्रीको विशेषाधिकार पनि ठीक र अर्कातिर संसदको पुनर्स्थापना पनि ठीक भन्ने राजनीतिक लाइन अंगीकार गर्ने एमालेको यो स्वभावलाई 'जता भत्क्यो, त्यतै दैलो' नीतिको संवाहक नभनेर अरू कुन अलंकार प्रयोग गर्ने ?


सातौं महाधिवेशनबाट सकारात्मक रूपमा गरिएको आशा के थियो भने नेकपा एमालेले वैचारिक र सैद्धान्तिक पुनरसंरचनाबाट वर्तमान राजनीतिक शक्तिसन्तुलन र समीकरणमा एउटा मौलिक र सर्वथा प्रभावशाली राजनीतिक 'ल्याण्डस्केप' निर्माण गर्नेछ । त्यसले पहिलो, एमालेलाई संसदवादीहरूको कुडाकर्कट हूलबाट मुक्त पार्नेछ, नेपाली कांग्रेस र एमालेमा कुनै भिन्नता छैन भन्ने मान्यतालाई खण्डन गर्नेछ । र, खासगरी प्रजातन्त्रको आवरणमा विकसित भएको साम्राज्यवाद समर्थित नवउदारवादको चंगुलबाट एमालेलाई रिहा गर्नेछ । दोस्रो, नेकपा माओवादीले अवलम्बन गरेको उग्रवामपन्थी दुस्साहसवादप्रति सार्थक राजनीतिक हस्तक्षेप गरेर एक्काइसौं शताब्दीको वस्तुनिष्ठ, प्रगतिशील र 'ठोस स्थितिको ठोस विश्लेषण' गर्न सक्ने मार्क्सवादी लेनिनवादी पार्टीका रूपमा आफूलाई पुनर्स्थापित गर्नेछ । यस्तो गर्नका निम्ति मुलुकको प्रजातान्त्रीकरण र सामाजिक रूपान्तरणका कार्यसूचीहरू स्पष्ट किटान गरिनेछन् । किनकि सातौं महाधिवेशनमा अर्थहीन रूपमा उठेको अध्यक्ष वा महासचिव प्रणालीको विवाद र द्वन्दवाट पार्टीलाई मुक्त गरी यो दिशातिर आकर्षित गर्नु- एमालेका सबै शुभचिन्तक र चिन्तनशील कार्यकर्ताहरूको मनोकामना थियो । यदि यो मनोकामना पूरा भएको भए नेकपा एमाले नेपालको प्रजातान्त्रिक र वामपन्थी आन्दोलनको दुवै मोर्चामा 'महानायक' हुन्थ्यो । तर दुःख र विडम्बनाको कुरो सातौं महाधिवेशनले त्यो अग्रगामी फड्को मार्नका निम्ति आफ्नो गन्तव्यलाई कुनै पनि कोणबाट पछ्याउन खोजेन । महाधिवेशन त सम्पन्न भयो, तर त्यो महाधिवेशन नोकरशाही प्राविधिकहरूले गरेको औपचारिक भेलाभन्दा बढी बन्न सकेन ।

अन्त्यमा भन्नुपर्दा, सातौं महाधिवेशनको मुख्य उपलब्धि भनेको कामरेड माधवकुमार नेपाल पक्ष र कामरेड के.पी. ओली पक्षबीचको एकतामात्रै हो । छैठौं महाधिवेशनपछिको फूट र विखण्डनको सापेक्षतामा र नेपाली कांग्रेस र सद्भावना पार्टीहरूको फूटको तुलनामा यो एकतालाई सकारात्मक घटनाका रूपमा लिनु स्वाभाविक छ । तर माथि उल्लिखित परिस्थितिले गर्दा यो एउटामात्र राम्रो कुरा पनि एमालेका तमाम वैचारिक र सैद्धान्तिक विचलनहरूमा रक्षाकवच बन्न सकेन । जब कुनै राजनीतिक समूहमा वैचारिक र सैद्धान्तिक विचलनको प्रक्रिया आरम्भ हुन्छ, तब त्यसको भागभोगको इतिहासको अन्त्यका कथा पनि शुरू हुन्छ । सातौं महाधिवेशनको राजनीतिक अन्तर्यको पोष्टमार्टम गर्दा मेरो मनमा उत्पन्न भएको दूर्दान्त सन्त्रास यही नै हो । ❑

> **एकातिर, प्रधानमन्त्रीको विशेषाधिकार पनि ठीक र अर्कातिर संसदको पुनर्स्थापना पनि ठीक भन्ने राजनीतिक लाइन अंगीकार गर्ने एमालेको यो स्वभावलाई 'जता भत्क्यो, त्यतै दैलो' नीतिको संवाहक नभनेर अरू कुन अलंकार प्रयोग गर्ने ?**

> **● धन्य भनिएन कि राजनीतिक स्थिति तरल भएकोले यथास्थितिमा रहनु वा प्रतिगामी दिशातिर फर्किनु पनि संभावनाका उत्तम र वस्तुनिष्ठ विकल्प हुन् ●**

# राप्रपा यता न उता




*राप्रपाका पूर्व अध्यक्ष सूर्यबहादुर थापा र वर्तमान अध्यक्ष पशुपति शमसेर जबरा*

## ब्यवहारमा प्रतिगामी कदमको समर्थन पनि गर्ने, प्रजातान्त्रिक छवि पनि चाहने ?

**आजको** राजनीतिक परिदृष्यमा राष्ट्रिय प्रजातन्त्र पार्टीको भूमिका चरम अवसरवादमा प्रकट भइरहेको छ । गएको असोज १८ गतेको प्रतिगामी कदमपछि अहिलेसम्मका सबैजसो प्रमुख घटनाहरुमा राप्रपाले अत्यन्त विवादास्पद व्यवहार प्रदर्शन गरेको छ । तात्कालीन पार्टी अध्यक्ष सूर्यबहादुर थापाले व्यक्तिगत रुपमा बहुदलीय चरित्रको प्रदर्शन गर्ने अभ्यास गरेका हुन्, तर त्यस्तो अभ्यास सिंगो पार्टीले भने त्यसबेला पनि गरेको थिएन ।

राप्रपाका नेता लोकेन्द्रबहादुर चन्दलाई राजाले प्रधानमन्त्री मनोनित गरेपछि कमल थापाजस्ता नेताहरुले 'आफ्नो पार्टीको नेता देशको प्रधानमन्त्री हुनु हाम्रो लागि गौरवको कुरा हो' भन्ने अभिव्यक्ति दिएका थिए । त्यस्तै खाले अभिव्यक्ति डा. प्रकाशचन्द्र लोहनीहरुको पनि थियो । तर अध्यक्ष सूर्यबहादुर थापा एक्लोले चाहिँ प्रजातन्त्रको विपक्षमा चालिएका कदमहरुको विरोधमा आफूलाई उभ्याउनुभएको थियो । पोखरामा भएको राप्रपाको अधिवेशनले पार्टी अध्यक्षमा पशुपति शमसेर जबरालाई चुन्यो । त्यसपछि राप्रपाको प्रजातान्त्रिक अभ्यास अवसरवादी चरित्रमा रुपान्तरित भयो । पोखरा महाधिवेशनमा राप्रपाले सम्वैधानिक राजतन्त्रका नाउँमा सक्रिय राजतन्त्रलाई मान्यता दिने ढाँचाको प्रस्ताव पारित गरेको थियो । राप्रपा गतिशील राजतन्त्रको पक्षमा छ भन्ने किसिमका व्यहोराहरु त्यसबेला सार्वजनिक भएका थिए । तर असोज १८ गतेको श्री ५ को शाही कदमलाई चाहिँ राप्रपाले शाब्दिक रुपमा खुला समर्थन गरेको छैन । तैपनि उसका यावत् व्यवहारहरु यथास्थितिलाई बल पुऱ्याउने खालका नै देखिँदैछन् ।

पशुपति शमसेर जबरा पार्टी अध्यक्ष भएपछि राप्रपामा यस प्रकारको प्रवृत्ति बढी विकसित भएको सन्दर्भलाई १०४ वर्षे राणा शासनको शासकीय परम्पराबाट संस्कारित भएकाले पनि पशुपति शमसेरका निर्णयहरु अहिलेको प्रजातान्त्रिक अभ्यासको कसीमा विवादास्पद सावित भएका हुन भन्ने लख काट्न सकिने स्थिति पैदा भएको छ । उनको वर्गीय स्वरुप र त्यसले निर्माण गर्ने आचार व्यवहार उनका राजनीतिक कर्महरुमा पनि व्यक्त भएका हुन सक्छन् । आफ्नो पार्टीको नेतालाई घुर्की लगाउने शैलीमा विरोध गर्ने राप्रपाको प्रतिपक्षीय आवरण पनि यसबेला हास्यास्पद बन्न पुगेको छ । एक साताभित्र कि त प्रधानमन्त्री पद छोड्नुपर्ने, कि पार्टी नेताको पद त्याग्नुपर्ने नत्र भने पार्टीले कारवाही गर्नेछ भनेर पशुपति शमसेरको राप्रपाले केही साताअघि विचार सार्वजनिक गरेको थियो । तर त्यो एक साताको म्याद गुज्रेको थुप्रै साता भइसक्दा पनि राप्रपाले लोकेन्द्रबहादुर चन्दलाई कारवाही गर्नु त परै जाओस्, आफ्नो चेतावनीको सम्झनासमेत दिलाएको छैन ।

राप्रपा वस्तुतः सरकार र उसका काम-कारवाहीहरुबाट पार्टीगत फाइदा लिइरहन पनि चाहन्छ । त्यसैगरी आफ्नो छविलाई प्रजातान्त्रिक देखाउनु पर्ने वाध्यता र लोभले गर्दा सरकारको विरोध र आलोचना पनि गर्छ र वास्तविक विरोधीहरुको वैठकमा मिस्सिएर हिंड्छ । राप्रपाको यस्तो दोहोरो भूमिकालाई अन्य दलहरुले पनि आलोचना र असहमति जनाएका छन् । तर त्यस्तो आलोचना र असहमति प्रमुख दलहरुको वैठकमा राप्रपालाई नडाक्ने खालको व्यवहारमा मात्रै व्यक्त भएको छ । राप्रपाका अवसरवादी व्यवहारहरुलाई राजनीतिक रुपले नै किटानीसाथ औंल्याएर आलोचना गर्ने र उसलाई ठीक ठाउँमा राख्न सघाउने व्यवहार एमाले र नेपाली कांग्रेसजस्ता पार्टीहरुबाट पनि भइरहेको छैन ।

यही फागुन ५ गते प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले बोलाउनुभएको सर्वदलीय वैठक वास्तविक अर्थमा पूर्ण असफल भयो । त्यस वैठकमा औपचारिक रुपमा त राप्रपाले समेत भाग लिएन । त्यस वैठकमा भाग नलिने निर्णय प्रमुख संसदीय दलहरुले फागुन २ गते नै सार्वजनिक गरिसकेका थिए । तर राप्रपाका जोगमेहर श्रेष्ठ, डा. प्रकाशचन्द्र लोहनी र कमल थापाको विचार राप्रपाको औपचारिक निर्णयभन्दा फरक रुपमा सार्वजनिक भएर आयो ।

प्रधानमन्त्रीले बोलाएको सर्वदलीय वैठकमा भाग नलिने दलहरुको निर्णय हुँदा त्यो निर्णय गर्न डाकिएको संयुक्त वैठकमै राप्रपाका नेता जोगमेहर श्रेष्ठले भिन्न मत राखेका थिए भने त्यस्तो निर्णयपश्चात् राप्रपाका प्रभावशाली नेता प्रकाशचन्द्र लोहनीले त्यस निर्णयको विपक्षमा आफूलाई प्रस्तुत गरेका थिए । लोहनीको भनाइ थियो : *प्रधानमन्त्रीले बोलाएको सर्वदलीय वैठकमा भाग नलिने निर्णयले अन्यौल र दिशाहीनताको सिर्जना भएको छ ।* त्यस्तै, पछि राप्रपाका अर्का नेता कमल थापाले राप्रपाको मकवानपुर जिल्ला परिषद्को उद्घाटन गर्दै भनेका थिए : *सर्वदलीय वैठक बहिष्कार गरेर राप्रपाले गल्ती गरेको छ ।*

यसरी राप्रपाको वैचारिक अस्थिरता यसपटक उग्र अवसरवादको रुपमा सार्वजनिक भएको छ । पार्टीको निर्णय विपरीत काम गर्ने शेरबहादुर देउवालाई नेपाली कांग्रेसले कार्यवाही गरेर साधारण सदस्यबाट समेत निष्कासित गरेको थियो भने पद्धतिसम्मत तरिकाले पार्टी संचालन गर्ने अन्य पार्टीहरुमा पनि पार्टीको विचार र नीति पालना नगर्ने नेता वा कार्यकर्तालाई दोषको गम्भीरताअनुरुप कार्यवाही गरिन्छ । राप्रपाले चाहिँ पार्टीको विचारअनुरुप प्रधानमन्त्रीले काम गर्नु भएन वा नवगठित 'दौडाहा टोली'मा पार्टीका मान्छे कम परे भन्ने खालको गन्गन् गरेको छ । तर आफ्नो नेतालाई दोषअनुरुपको कार्यवाही गर्नु त परै जाओस्, आफ्नो पार्टीको नेता प्रधानमन्त्री भएकोमा राप्रपालाई बढी गौरव नै लागिरहेकै देखिएको छ । राप्रपाको यस्तो भूमिकाप्रति जिम्मेवार राजनीतिक दलहरुले बढी नै सजग हुन जरुरी छ । यसरी दोहोरो मापदण्ड बोकेर हिँडिरहेको रा.प्र.पा.लाई प्रतिगमनविरोधी आन्दोलनमा आफ्नो साथमा लिने नाममा कतै कांग्रेस र एमाले रा.प्र.पा.कै जस्तो राजनीतिक भासमा जाकिने त हैनन् ? यसमा पनि उनीहरु चनाखो हुनु जरुरी छ ।

❑ - *समीर थापा*

फागुन ७ गते प्रजातन्त्र दिवसको उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्ग तथा देशवासीहरुमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**नेपाल खानेपानी संस्थान**

# वार्ता र शान्तिको भविष्य

○ सुधीर शर्मा

युद्धविराम भएको १५ दिनपछि नै रक्षा र गृहमन्त्रालयले माओवादीलाई लक्षित गरेर चेतावनीपूर्ण विज्ञप्ती जारी गरेपछि कतिपयले ठाने- वार्ता प्रक्रिया विथोलिने भयो । तर यस विपरीत माओवादी पक्षबाट सकारात्मक प्रतिक्रिया आयो । अध्यक्ष प्रचण्डले सरकारको कुरा मान्दै 'चन्दा संकलन कार्य तत्काल रोक्न' कार्यकर्ताहरूलाई सर्कुलर जारी गरे । यसअघि शीर्षस्थ माओवादी नेताहरूले राजासँगै वार्तालाप गरेको भन्ने समाचारको पनि राजदरवार संवाद सचिवालय र माओवादी केन्द्रीय कार्यालयले एकसाथ खण्डन गरेका थिए ।

२०५९ माघ १५ गते संघर्षविराम भएयताका घटनाक्रम हेर्दा लाग्छ- संस्थापन र विद्रोही पक्षबीच अब शत्रुता होइन, मित्रवत् समझदारी कायम भइसकेको छ । तर कांग्रेस, एमाले लगायतका राजनीतिक दलहरूको चाहिं यी दुई शक्तिसँग असमझदारी अझै कायम छ । युद्धविरामको औपचारिक स्वागत गरे पनि त्यसलाई उनीहरूले 'नाटकीय' र 'अप्रत्याशित' भन्न छाडेका छैनन् ।

मुख्य राजनीतिक दलहरूले प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दद्वारा फागुन ५ गते डाकिएको सर्वदलीय बैठक पनि वहिष्कार गरेका छन् । यसबाट उनीहरूले राजाद्वारा गठित चन्द सरकारलाई मान्यता नदिने मात्र होइन, कि सरकारको पहलमा हुने शान्ति प्रक्रियामै उनीहरू असंलग्न रहने खतरनाक संकेतहरूसमेत मिलेको छ । राजदरवार र माओवादीले पूर्व सहमति कायम गरेर आफूहरूलाई वार्ता प्रक्रियाको दर्शकमात्र बनाउन खोजेको तिनको आशंका मेटिएको छैन ।

विश्वस्त समाचार स्रोतको भनाइमा, असोज १८ पछि दरवार पक्ष राजनीतिक दलहरूलाई पाखा लगाएर माओवादीसँग एक्लै सहमतिमा पुग्न प्रयासरत थियो । तर माओवादी पक्ष त्यसो गर्न सहमत भएन । उसले वार्ता सर्वपक्षीय हुनुपर्छ र यो गोलमेचकै रूपमा हुनुपर्छ भनी अड्डी लियो । उसले चन्द सरकारसित वार्ता गरेर उसलाई वैधता दिन पनि मानेन । फलस्वरूप दरवार पक्ष *माओवादी समस्या तथा राष्ट्रिय समस्या समाधान उच्च स्तरीय आयोग* गठन गर्न बाध्य भयो र त्यो गठन गरियो- नारायणसिंह पुनको संयोजकत्वमा । त्यही आयोगको पहलमा बीचमा दुईजना 'सहजकर्ता' भनिएका, तर यथार्थमा सम्पर्क-सूत्रमार्फत् दरवार र माओवादीको द्विपक्षीय सहमतिमा युद्धविराम सम्भव भयो । प्रचण्डले प्रष्टसँग भनेका छन्- "यतिबेला पुरानो सत्ता राजाको हातमा छ । अतः हामीले युद्धविराम राजासँग गरेको हो । राजाले लोकेन्द्र अघि सारे लोकन्द्रसँग वा अर्को कुनै क, ख, ग अघि सारे उसैसँग वार्ता गर्छौं ।"

वार्ताको मुख्यपात्र दरवार र माओवादी भए पनि अहिलको त्रि-ध्रुवीय राजनीतिक समीकरणमा संसदीय शक्तिको समर्थन कता ढल्कन्छ भन्ने कुराले निर्णायक अर्थ राख्छ । त्यसैले यो बीचको शक्तिलाई आफूतर्फ तान्न दुईटै सशक्त शक्तिले कोशिस गर्दैछन् । दरवारले हरेक पार्टीका नेता विशेषसँग भलाकुसारी गर्नु वा प्रचण्डले पार्टीका नेताहरू र वौद्धिक व्यक्तित्वहरूसँग टेलिफोन सम्वाद बढाउनुको कारण यही हुनसक्छ । यतिखेर माओवादी वार्ता टोलीका वरिष्ठ सदस्य कृष्णबहादुर महरा र केन्द्रीय नेता दीनानाथ शर्मा काठमाण्डौं आएका छन् । उनीहरूले पनि अलग अलग पार्टीहरूसँग भेटेर द्विपक्षीय सम्बन्ध राम्रो पार्न र मिलेर साझा एजेण्डा तय गर्न खोज्नुको जरो कारण यही हो ।



युद्धविरामसँगै राजनीतिक जोडघटाउ शुरू भए पनि वार्ताको औपचारिक प्रक्रिया चाहिं हालसम्म थालिएको छैन । युद्धविरामको आचारसंहिता तय गर्ने प्रारम्भिक कार्यमै वार्ताकारहरूको समय खर्च भएको छ । सत्ता पक्ष सकेसम्म वार्तालाई पछि धकेल्न खोज्दैछ । माओवादी पक्ष भने यथाशक्य छिटो वार्ता गर्न चाहिरहेछ । तर युद्धविराम घोषणा भएको तीन साता बितिसक्दा पनि युद्धविरामको साझा आचारसंहिता तयार हुन सकेको छैन । दरवारले राजतन्त्रको विरोध गर्न नपाइने, ठूल्ठूला आमसभा र जुलूस गर्न नपाइनेजस्ता शर्त राखेर माओवादीसमक्ष आफ्नो आचारसंहिता पठाइसकेको छ । माओवादीले त्यसलाई अस्वीकार गर्दै आफ्नो छुट्टै आचारसंहिता दरवारसमक्ष पठाएको छ, जसमा ग्रामीण क्षेत्रमा जहाँ माओवादी कब्जा छ, त्यहाँ सेना जान नपाइने, सदरमुकाम र शहरी क्षेत्रमा सशस्त्र माओवादीहरू आउन नपाइनेजस्ता प्रावधान रहेको बुझिएको छ । गत सालको असफल वार्तामा दुई पक्षमा अविश्वास उत्पन्न हुनुको एउटा व्यावहारिक कारण आचारसंहिताको अभाव पनि थियो । यसपाली पनि चन्दा असूलीको कुरालाई लिएर शुरूमै उब्जेको मतभिन्नता त आपसी सहमतिमा सुल्झेको छ, तर युद्धविरामका शर्तहरू निर्धारण गरिएन भने भोलि अमेरिका र बेल्जियमबाट शाही सेनाका लागि आउन बाँकी



बन्दूकहरू भित्रिंदा वा यस्तै कुनै घटना हुँदा फेरि असमझदारी उत्पन्न हुनसक्छ ।

## दरबारको गोप्य आयोग र युद्धविराम

पछिल्लो अवधिमा गत असोज १८ गते राजाले शासकीय अधिकार आफ्नो हातमा लिएपछि दरबारसँग सोझै सहमति कायम गरेर मिलनविन्दु पहिल्याउन माओवादी उद्यत भएका थिए । शाही कदम चालिएको तीन साता नबित्दै कात्तिक ७ गते माओवादी अध्यक्ष प्रचण्डले राजालाई सम्भवतः पहिलोपटक आफ्नो वक्तव्यमा 'राजा ज्ञानेन्द्र'का रूपमा शिष्ट र औपचारिक सम्बोधन गरेका थिए । र, 'राजाले देश र जनताको हितका लागि आवश्यक त्याग प्रदर्शन गर्नुपर्ने' आग्रह गरेका थिए ।

शायद उसबेला नेपथ्यका वार्तालापहरू सकारात्मक दिशातर्फ उन्मुख थिए, जसको पुष्टि मंसिरको दोस्रो साता सम्पन्न माओवादीको पोलिट्ब्यूरो बैठकले गऱ्यो । सो बैठकले वार्ता प्रक्रिया अगाडि बढाउने निर्णय गर्दै आफ्नो तर्फबाट केन्द्रीय वार्ता टोलीसमेत गठन गऱ्यो । उता दरबारले पनि विभिन्न 'च्यानल'मार्फत् माओवादीसँग सम्पर्क र सम्वाद गर्दैथ्यो, जसले पुस १९ गते विराटनगरमा राजाको अभिनन्दन हुँदासम्ममा निक्कै फड्को माऱ्यो । परिणामस्वरूप त्यस दिन 'पूर्वाञ्चल बन्द' गरेर राजाको कार्यक्रम भाँड्ने योजना बनाएका माओवादीले गडबडीका सबै कार्यक्रम अचानक स्थगित गरे ।

विश्वस्त समाचार स्रोतका अनुसार, माओवादीविरूद्ध लगाइएका आतंककारी आरोप, टाउकाको मूल्य र रेड कर्नर नोटिस फिर्ता लिन दरवार पुसमै सहमत भइसकेको थियो । र, यो कुरा अनेकौं च्यानलमार्फत् माओवादीसमक्ष



# युद्धविरामको घोषणा यसरी भयो

■ कृष्णबहादुर महरा

## हाम्रो नेतृत्वको त कुरै छोडौं, क. सागरसमेत दरवारमा गएका छैनन्

असोज १८ को प्रतिगमनकारी घटनापछि अनेकौं च्यानलमार्फत् दरवारले हामीसित वार्ताको लागि पहल गरेको थियो । सबै च्यानलमार्फत् लगभग उस्तै उस्तै सन्देश र प्रस्तावहरु हामीसमक्ष आइरहेका थिए । त्यसमध्ये एउटा च्यानल अन्तिम घडीमा युद्धविराम घोषणा गर्न ज्यादा प्रभावकारी सिद्ध भयो, कुरो त्यतिमात्र हो । त्यो च्यानल क्षेत्रीय स्तरको जिम्मेवारी पाएका हाम्रै कार्यकर्ता क. सागर हुनुहुन्थ्यो । क. सागरको डि.आर. लामिछानेसित राम्रो व्यक्तिगत सम्बन्ध रहेछ र डि.आर. लामिछानेको एउटै पार्टीमा पहिले काम गरेका नाताले वीरेन्द्र झापालीसित निकट सम्बन्ध रहेछ । हाम्रा घाइते कार्यकर्तालाई उपचार गरेको निहुँमा वीरेन्द्र झापालीलाई सैनिकहरुले दुःख दिन थालेपछि सुरक्षाको निम्ति उहाँ नारायणसिंह पुनको समता पार्टीमा प्रवेश गर्नुभएको रहेछ । त्यही सम्बन्धको कारणले नारायण सिंह पुनसित डि.आर. लामिछाने र वीरेन्द्र झापालीको सम्पर्क सहज हुन पुगेछ ।

यसप्रकार डि. आर. लामिछाने र वीरेन्द्र झापालीको सम्पर्क सूत्रमार्फत् नारायणसिंह पुनसित हाम्रा कार्यकर्ता क. सागरको सम्पर्क स्थापना हुन गएको थियो । शुरुमा मन्त्रिपरिषद्ले हामीसित सिधै सम्पर्क स्थापना गर्न नखोजेको होइन । तर हामीले मन्त्रिपरिषद्लाई वैधता प्रदान गर्न पूर्णतया इन्कार गऱ्यौं । हाम्रो इन्कारीको फलस्वरुप नै दरवारले नारायणसिंह पुनको संयोजकत्वमा 'माओवादी समस्या तथा राष्ट्रिय समस्या समाधान उच्चस्तरिय आयोग' गठन गऱ्यो । त्यसैको संयोजकको हैसियतमा नारायणसिं पुनले दरवारको प्रतिनिधित्व गरेर दरवारको सन्देश यता र यताको सन्देश उता पठाउने कार्य गरे । यता हाम्रा कार्यकर्ता क. सागरले नारायणसिं पुनमार्फत् आएको दरवारको सन्देश र प्रस्ताव हाम्रो केन्द्रसमक्ष पुऱ्याउने कार्य गरे । डि. आर. लामिछाने र वीरेन्द्र झापाली चाहिँ यो प्रक्रियामा पुन र क. सागरबीच सम्पर्क सूत्रमात्रै दिने र सन्देश आदानप्रदान गर्न सहयोग गर्ने सम्पर्कसूत्रमात्रै थिए, सहजकर्ता होइन ।

दरवारले पुसको आधाआधीसम्ममा आतंककारीको आरोप, टाउकोको मूल्य र रेड कर्नर नोटिश फिर्ता गर्न, गोलमेच सम्मेलन आयोजना गरेर त्यहीं अन्तरिम सरकार र संविधान सभाबारे छलफल गर्न मंजुरी जनाइसकेको थियो । तर कुरो अड्क्यो– यो मंजुरीको आधिकारिकतामा । आधिकारिक पत्रविना यो मंजुरी भएको हामीले कसरी पत्याउने भनेर प्रश्न उठायौं । यसको प्रत्युत्तरमा 'माओवादी समस्या तथा राष्ट्रिय समस्या समाधान उच्च स्तरिय आयोग'को तर्फबाट हामीलाई संयोजक नारायण सिं पुनले माघ ३, २०५९ को मितिमा च.नं. १/२०५९/६० भएको एउटा आधिकारिक पत्र लेखे । यो पत्रमा तीनवटा कुरा स्पष्ट पारिएको थियो : एक, माओवादी पक्ष वार्ताद्वारा शान्तिपूर्ण ढंगले समस्या समाधान गर्न तयार छ भने राज्यपक्ष तीनवटा कुरा आतंककारीको आरोप, टाउकोको मूल्य र रेड कर्नर नोटिस् फिर्ता गर्न तयार छ भन्ने । दुई, राज्यपक्ष गोलमेच सम्मेलन आयोजना गर्न र त्यहीं अन्तरिम सरकार र संविधान सभाको सवालमा छलफल गर्न तयार छ भन्ने । र, तेस्रो, यसको बदलामा माओवादी पक्षले युद्धविरामको घोषणा गर्नुपर्छ भन्ने । हाम्रा अध्यक्षबाट पनि त्यसको प्रत्युत्तरमा लगत्तैपछि एउटा पत्र संयोजक नारायणसिं पुनको नाममा पठाउने कार्य भयो, जसमा उपरोक्त कुराहरु भएको खण्डमा हामी युद्धविराम घोषणा गर्न तयार छौं भनेर लेखिएको थियो ।


तर यति भएर पनि दरवारले तुरुन्तै आफ्नो वचन पूरा गरेन, आलटाल गरिरह्यो । यसबीच सशस्त्र प्रहरीका महानिरीक्षक कृष्णमोहन श्रेष्ठको हत्या भएपछि बल्ल पुरानो राज्यपक्षले ज्यादै हतारिएर हामीसित उपरोक्त च्यानलमार्फत् आफू वचन पुरा गर्न तयार भएको सन्देश पठायो । हामीले त्यस वचनको आधिकारिकताको प्रश्न पुनः उठायौं । आधिकारिकताको लागि उसले मन्त्रिपरिषद्को निर्णयको माइन्यूट प्रतिलिपि हामीसमक्ष पठायो । त्यसपछि हाम्रा अध्यक्षले युद्धविराम घोषणा भएको वक्तव्य जारी गर्नुभएको हो ।

सहमति भएको प्रक्रिया के थियो भने पहिले राज्यपक्षले तीनवटा कुरा फिर्ता लिएको र गोलमेच सम्मेलन आयोजना गरी त्यहीं अन्तरिम सरकार र संविधान सभाबारे छलफल गर्न सहमति जनाएर वक्तव्य जारी गर्ने, त्यसको लगत्तैपछि हामीले युद्धविरामको घोषणा गर्ने र राज्यपक्षले पनि त्यही गर्ने । तर प्राविधिक गडवडीले वि.वि.सी.मा गइसकेको हाम्रो वक्तव्य पहिले सार्वजनिक भयो र त्यसपछि मात्र राज्यपक्षको वक्तव्य आयो ।

युद्धविराम घोषणा ठीक यही प्रक्रियामार्फत् भएको हो । हाम्रो नेतृत्वदायी कमरेडहरुको दरवारमा वार्ता भएर युद्धविराम घोषणा भएको भन्ने कुरा हामीप्रति भ्रम सृजना गर्ने नियतले सृजना गरिएको झूठो प्रचारमात्र हो । हाम्रो नेतृत्वको त कुरै छोडौं, क. सागरसमेत दरवारमा जाने कार्य भएको छैन । यससम्बन्धी तथ्य सबूदका सबै आधिकारिक कागजातहरु हामीसित छन् । आवश्यकताको घडीमा कुनै पनि बेला हामी तिनलाई सार्वजनिक गर्न सक्छौं । ❑


श्री ५ ज्ञानेन्द्र

> माओवादीले वार्ता प्रक्रिया अगाडि बढाउने निर्णय र वार्ता टोलीसमेत गठन गऱ्यो । उता दरवारले पनि माओवादीसँग सम्पर्क र सम्वाद गर्दैथ्यो, जसले विराटनगरमा राजाको अभिनन्दन हुँदासम्ममा निक्कै फड्को माऱ्यो ।


ने.क.पा. माओवादीका अध्यक्ष प्रचण्ड

पुऱ्याइएको थियो । तर त्यहाँनेर सहमतिको आधिकारिकताको प्रश्न आयो । माओवादीले दरवार ती कुरामा सहमत भएको भनेर कसरी विश्वस्त हुने भन्ने प्रश्न उठाए । जवाफ बन्न पुग्यो– माओवादी अध्यक्षको नाममा आयोगका संयोजक नारायणसिंह पुनको आधिकारिक पत्र ।


प्रतिनिधिसभाको विघटन हुनासाथ कांग्रेसबाट छुट्टिएर आफ्नै अध्यक्षतामा 'नेपाल समता पार्टी' गठन गरेका सेनाका पूर्व लेफ्टिनेन्ट कर्णेल पुनले शान्तिवार्ताको मध्यस्थता गर्ने चाहना सार्वजनिक रूपमै प्रकट गर्दै आएका थिए । उनको डि.आर. लामिछाने र वीरेन्द्र झापालीजस्ता केही सम्पर्क सूत्रमार्फत् सागर नामका माओवादीका क्षेत्रीय स्तरका सदस्यसँग सम्पर्क भयो । प्रतिविद्रोहको सैद्धान्तिक ज्ञान भएको र जनजाति पृष्ठभूमि रहेको कारण हुनसक्छ, दरवारले पुनलाई नै रूचायो ।

जानकार स्रोतका अनुसार, दरवारले पुनको संयोजकत्वमा एउटा उच्च स्तरीय आयोग 'माओवादी समस्या तथा राष्ट्रिय समस्या समाधान आयोग' गठन गरेर उनैमार्फत् माओवादीसँग अनौपचारिक वार्तालाप थाल्यो । तर पुनबाहेक आयोगका अन्य सदस्यको नाम भने हालसम्म गोप्य राखिएको छ । पुनले मन्त्रीको हैसियतमा भन्दा राजाको प्रतिनिधिका रूपमा काम गरेकाले माओवादीको मागबमोजिम मन्त्री पदबाट राजीनामा दिन लागेका थिए । तर त्यसो गर्दा राजा सक्रिय रहेको देखिने भएर हो वा चन्द सरकारलाई 'वैध' बनाउने मनसायले हो, उनलाई दरवारको तर्फबाट राजीनामा फिर्ता लिन लगाइयो । त्यसपछि पुनको आयोगले माओवादीसँग पत्राचार थाल्यो । त्यसबीच माओवादीमाथि लगाइएका आरोप सरकारले फिर्ता लिने, गोलमेच सम्मेलन आयोजना गर्ने र त्यही अन्तरिम सरकार र संविधानसभाबारे छलफल गर्ने र युद्धविरामको घोषणा माओवादी पक्षबाट गरिने सहमति भयो । त्यसअनुरूप आतंकारीलगायतका आरोप फिर्ता लिइएको माघ १४ गतेको मन्त्रीपरिषद् बैठकको निर्णयको प्रतिलिपि नै माओवादीसमक्ष पुऱ्याइयो र त्यस लगत्तै युद्धविराम घोषणा भयो । र, माओवादीले डा. बाबुराम भट्टराईको संयोजकत्वमा पुनर्गठन गरेको पाँच सदस्यीय वार्ता टोलीले काम थाल्यो ।

## वाध्यताको विराम

वास्तवमा संस्थापन र विद्रोही दुवै पक्षका निम्ति वार्ता वाध्यता बन्दै गएको थियो । माओवादीले अहिले युद्ध रक्षात्मक स्थितिबाट 'रणनैतिक सन्तुलन'को चरणमा प्रवेश गरिसकेको बताएका छन् । युद्धको नियमअनुसार द्वन्दरत विद्रोही र राज्यपक्ष बराबरीको स्थितिमा रहने रणनीतिक सन्तुलनको अवस्था लामो अवधिसम्म कायम रहँदैन, त्यसमा कुनै एक पक्ष हावी भइहाल्छ । अहिले 'सन्तुलन'बाट सत्ता कब्जा गर्ने गरी 'आक्रमण'मा गइहाल्ने राजनीतिक र सैनिक सामर्थ्य माओवादीमा देखिँदैन । कथंकदाचित अन्तिम आक्रमणमा गएको खण्डमा विदेशी सैनिक हस्तक्षेप हुने प्रवल संभावना रहेको उनीहरूको ठम्याई छ । हालसालै शाही सेनाका लागि युरोप र अमेरिकाबाट बन्दूकमात्र आएन, अमेरिकी सैन्य टोली नै प्रशिक्षणका नाममा नेपालका डाँडाकाँडा घुम्न थालेको छ । यसले पनि माओवादीलाई भस्काएको हुनसक्छ । त्यसैले उनीहरूले रणनीतिक आक्रमणमा गएर विदेशी हस्तक्षेप निम्त्याएर क्षति व्यहोर्नु साटो आफ्नो वर्तमान सामर्थ्यले भ्याएजति उपलब्धि हात पार्न वार्ताको मध्यमार्ग अपनाएका हुन सक्छन् ।

यसबीच काठमाण्डौंस्थित आफ्नो दूतावासका दुई सुरक्षाकर्मीको हत्या गरेको लगायतका कारण देखाएर अमेरिकाले माओवादीलाई अन्तर्राष्ट्रिय आतंकवादी समूहहरूको सूचीमा समावेश गर्ने तम्तयारी गर्दैथ्यो भने केही समययता भारतको व्यवहार पनि कडा बन्दैथ्यो । आफूप्रतिको भारत र अमेरिकाको दृष्टिकोण मिल्दै गएको र निर्णायक युद्ध हुँदा आफूहरूलाई दवाउन अमेरिका-भारत मिलेर आउने संभावना माओवादीले बुझेको एक भित्रीया स्रोत दावी गर्छ ।


युद्धविरामबारे स्पष्ट पार्न हाल राजधानीमा सक्रिय माओवादी केन्द्रिय नेता दिनानाथ शर्मा

'जनसेना'लाई ब्रिगेड स्तरमा विस्तार गरे पनि रोल्पा-रूकुमका आधारइलाकामा स्थायी व्यारेक बनाएर अन्तिम निर्णायक युद्ध छेड्नसक्ने अवस्थामा माओवादी पुगेका छैनन् । अब भारतलाई आधार क्षेत्र बनाएर लामो समय युद्ध लडिरहने संभावना पनि गुम्दै गएकाले वार्ता माओवादीको वस्तुगत आवश्यकता बन्न गएको देखिन्छ ।

दरवारका निम्ति पनि वार्ता आवश्यकता बनेको छ । गत सालको वार्ताका बेला करिब दुई दर्जन जिल्लामा मात्र 'जनसरकार' बनाएका माओवादीले यसबीच ५० भन्दा बढी जिल्लामा केन्द्रीय सत्तालाई सदरमुकाममा खुम्च्याएका छन् । एक वर्षअघि प्रहरीमात्र पराजित थियो, अब शाही सेनाले पनि माओवादीलाई लडाईंबाटै हराउने स्थिति रहेन । त्यसकारण संस्थापनका सामु दुईटा बाटा थिए- विदेशी सेनाको सहयोग लिएर भीषण दमनमा उत्रने वा वार्ताको शान्तिपूर्ण निकास रोज्ने । असोज १८ पछि अलोकप्रिय बनेका राजाले शान्ति स्थापना गरेर सफलताको जस लिने बाटो रोजेका छन् ।

यसबाहेक दुईटा तात्कालिन कारण पनि थिए, जसले दरवारलाई वार्ता प्रक्रिया तेज पार्न दवाब दियो । एउटा कारण सशस्त्र प्रहरीका आईजीपी कृष्णमोहन श्रेष्ठको हत्या थियो भने कांग्रेस-एमालेद्वारा शाही कदमविरूद्ध गरेको संयुक्त आन्दोलनको घोषणा अर्को कारण बन्न पुग्यो । सैन्य दृष्टिले परमसेनाधिपति राजा र प्रधानसेनापतिपछि तेस्रो नम्बरमा रहेका अर्ध-सैन्य बलका कमाण्डर श्रेष्ठको हत्याले राजाधानीमै उच्च व्यक्तिहरूको 'सफाया' गर्ने माओवादी योजनाको पुष्टि गऱ्यो । त्यसको तीन दिनपछि नै भएको युद्धविरामले सम्भावित सफाया र राजनीतिक दलहरूको आन्दोलनलाई टारिदिएको छ ।

## अब के होला ?

माओवादीले युद्धविराम अघि र पछि पनि उही तीनवटा माग दोहोऱ्याइरहेका छन् : गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभा । उनीहरूले नयाँ संविधान निर्माणलाई तात्कालिक लक्ष्य बनाउने निधो दुई वर्षअघि नै गरेका थिए । २०५७ माघ-फागुनमा सम्पन्न माओवादीको दोस्रो राष्ट्रिय सम्मेलनले 'देशका सम्पूर्ण राजनैतिक पार्टी, संघ-संस्था तथा जनसंगठहरूका

# वार्ताका तीन प्रयास



*जसको प्रधानमन्त्रीत्व कालमा वार्ता प्रयत्न भए : भट्टराई, देउवा र चन्द*

## २०५६ साल :

आमनिर्वाचनपछि कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठित सरकारले पहिलोचोटी वार्ताका लागि गम्भीर प्रयास गरेको थियो । तत्कालीन गृहमन्त्री पूर्णबहादुर खड्काले २०५६ असोज १० गते माओवादी प्रमुख प्रचण्डलाई विधिवत पत्राचार गरी वार्ता प्रस्ताव राखेका थिए । र, त्यसमा सम्पर्कसूत्रको काम गरेका थिए दुर्गा सुवेदीले । सुवेदीको प्रयासपछि माओवादीले चार महिनादेखि आफ्नो कब्जामा रहेका डीएसपी ठूले राईलाई र सरकारले जेलमा रहेका माओवादी नेता देव गुरुङलाई छाड्ने सदासयता देखाए । त्यसवीच सरकारले शेरबहादुर देउवाको संयोजकत्वमा 'माओवादी समस्या समाधान उच्चस्तरीय सुभाव समिति' नै बनाएर उनलाई वार्ता गर्ने अख्तियारीसमेत दियो । र, माओवादी केन्द्रीय समितिले पनि २०५६ माघमा 'वार्ता गर्न सकिने' निर्णय गऱ्यो । अनि शुरु भयो, देउवा र माओवादी पक्षबीच सम्वाद र भेटघाट । त्यसबखत माओवादीले राखेका बन्दी रिहाईलगायतका तीन वटा शर्तमा छलफल शुरु भएको मात्र थियो, गिरिजाप्रसाद कोइरालाले प्रम भट्टराईलाई नै राजीनामा दिन बाध्य पारे ।

## २०५७ साल :

माओवादी महामन्त्री प्रचण्डले 'वार्ताविरोधी षड्यन्त्र' भएको भन्दै कोइरालाको नेतृत्वमा बनेको नयाँ सरकारसँग वार्ताको सम्भावना क्षीण रहेको बताएका थिए । तर २०५७ जेठमा बसेको माओवादी पार्टीको केन्द्रिय समितिको बैठकले प्रचण्डको भनाईलाई उल्टाएर घोषित पूर्वशर्त पूरा भए वार्ता गर्न सकिने निर्णय गऱ्यो । र, डा. बाबुराम भट्टराईको नेतृत्वमा रामबहादुर थापा र कृष्णबहादुर महरा रहेको वार्ता टोलीसमेत बनायो । तर सरकारी पक्षबाट सकारात्मक प्रतिक्रिया आएन । उल्टो, प्रम कोइरालाले सेना परिचालन गर्ने कडा कुरा गरे । त्यसपछि माओवादी पक्षले २०५७ असोज ९ गते डोल्पाको सदरमुकाम दुनैमा भीषणा आक्रमण गरेपछि सत्ताका कुनाकाप्चासम्म खलबली मच्चियो । सेना परिचालन हुनसक्ने सम्भावना देखेर हुनसक्छ, माओवादीले फेरि पनि "वार्ताको निमित्त तयार रहेको" घोषणा गरे । अघिल्लो सरकारकै पालादेखि वार्ताका लागि प्रयत्नरत् देउवालाई आफ्नो काम जारी राख्ने अनुमति दिन कोइराला पनि बाध्य भए । नयाँ गृहमन्त्री रामचन्द्र पौडेलले कार्तिक ११ गते माओवादी नेता रविन्द्र श्रेष्ठलाई भेटे । त्यसबीच कोइरालाले पनि अर्का माओवादी नेता अग्नि सापकोटालाई भेटेका थिए । माओवादीको माग "दिनेश शर्मालगायतका बन्दी रिहा गरिनुपर्ने" भन्ने थियो । सरकारले ११ महिनादेखि बन्दी रहेका माओवादीका उपत्यका इञ्चार्ज दिनेश शर्मालाई छाड्यो पनि तर माफी मगाएर, जसबाट वार्ता प्रयास एकाएक बिथोलियो । प्रचण्डले त्यसलाई 'कलाविहीन नाटक' को संज्ञा दिदैं वार्ताको सम्भावना करीव-करीव क्षीण भएको प्रतिक्रिया दिए । दिनेश प्रकरणले यति अविश्वास उत्पन्न गऱ्यो कि, निकै प्रयत्न गरिंदा पनि वार्ता प्रयास अघि बढ्न सकेन ।

> तत्कालीन गृहमन्त्री पूर्णबहादुर खड्काले २०५६ असोज १० गते माओवादी प्रमुख प्रचण्डलाई विधिवत पत्राचार गरी वार्ता प्रस्ताव राखेका थिए । र, त्यसमा सम्पर्कसूत्रको काम गरेका थिए दुर्गा सुवेदीले ।

## २०५८ साल :

माओवादीले २०५८ जेठ २९ गते रोल्पाको होलेरीबाट ६९ प्रहरीको अपहरण गरेपछि सेना परिचालन गर्ने प्रयासलाई दरवारले रोकेपछि तत्कालीन प्रम गिरिजाप्रसाद कोइरालाले पदबाट राजिनामा दिए । त्यसपछि प्रधानमन्त्री बन्न पुगेका शेरबहादुर देउवाले शपथग्रहण नगर्दै गरेको युद्धविरामको आह्वानलाई माओवादीले पनि माने । तर सरकार-माओवादीबीच भदौ १४ बाट आरम्भ भएको औपचारिक वार्ता तीन चरणबाट अगाडि बढ्न सकेन ।

वास्तवमा उसवेला प्रहरीलाई पराजित गरेको तर शाही सेनामाथि हमला गर्न नसकेको अवस्थामा माओवादीहरु वार्तामा आएका थिए । त्यसैले युद्धविरामलाई उनीहरुले सैनिक सामर्थ्य सुदृढ गर्ने र खुला राजनीतिक गतिविधि चलाउने अवसरका रुपमा पनि उपयोग गरे । त्यसवेला सैनिक प्रशिक्षणको क्रम बढाइयो, जनमुक्ति सेना र केन्द्रिय जनसरकार गठन गरियो । उता शाही सेनाले पनि गाउँ-गाउँमा टुकडी पुऱ्याउने, व्यारेक थप्ने, स्थलगत जानकारीहरु लिने काम तीव्र पाऱ्यो । युद्धविरामको आचारसंहिता तय नगरिएकाले पनि दुई पक्षबीच पर्याप्त आशंका र अविश्वास जन्मेको थियो ।

त्यसवेला मुख्य पात्रबीच वार्ता भएको थिएन । सरकारले न संविधानसभाको माओवादी माग पुरा गर्न सक्थ्यो, न त उसले संविधानमा आमूल संशोधन गर्ने वा जनमत संग्रह गरेर जनताको राय लिनेतर्फ विचार पुऱ्यायो । सरकारी पक्षले 'प्रो-एक्टिभ' कदम नचालिकन माओवादीले ल्याएको एजेण्डामा प्रतिक्रिया जनाउने काम मात्र गऱ्यो । सेप्टेम्वर ११ पछि आतंकवादविरोधी अन्तर्राष्ट्रिय लहर चलेपछि त माओवादीहरु सम्भौतामा आउन बाध्य हुन्छन् भन्ने समेत ठानियो । माओवादीविरुद्ध प्रतिकार समितिहरुसमेत गठन गरिए । असोज ५ गते काठमाडौंमा गर्न लागिएको केन्द्रिय जनसभामाथि सरकारले रोक लगाएपछि त माओवादीले आफ्ना सामु समर्पण गर्ने वा वार्ता तोड्ने दुइटा विकल्प मात्र रहेको ठाने । र, दोस्रो बाटो रोजे । □

प्रतिनिधिहरूको सर्वपक्षीय सम्मेलन एवं सो सम्मेलनद्वारा अन्तरिम सरकारको निर्वाचन र सो सरकारको नेतृत्वमा जनसंविधान निर्माणको ग्यारेन्टी'लाई कार्यनीति बनाएको थियो । तर त्यसअनुरूप नयाँ संविधान निर्माण नहुने देखेपछि माओवादीहरूले अघिल्लो वर्षको वार्ता तोडेका थिए । त्यसपछि गत असारमा आयोजित केन्द्रीय समितिको बैठकले पुरानै कार्यनीतिलाई निरन्तरता दिने निर्णय गऱ्यो, जसअनुरूप अहिले उनीहरू शान्ति प्रक्रियामा फर्किएका छन् ।

कुन शर्तमा माओवादीहरूले बन्दूक विसाएका हुन् त ? के संविधानसभा नपाएको खण्डमा फेरि उनीहरू लडाइँमा फर्कन्छन् ? यी र यस्ता थुप्रै सवाल छन्, जसको चित्तबुभ्दो जवाफ कुनै पक्षबाट आइरहेको छैन । प्रचण्डहरूले दरवारसँग गोप्य साँठगाँठ नभएको स्पष्टीकरणमात्र दिंदै आएका छन् । तर एउटा खुला सत्य के हो भने माओवादी र दरवारबीच भएको युद्धविरामको सहमतिले 'नेपाल अधिराज्यको संविधान २०४७'लाई लगभग मृत बनाइदिएको छ ।

विश्वस्त स्रोतका अनुसार, अन्तरिम सरकार, संविधानसभा लगायत सम्पूर्ण विषयको निक्योंल गोलमेच वा यस्तै कुनै नाम दिइने सर्वपक्षीय सम्मेलनबाट गरिने सहमति दुई पक्षमाभ भएको छ । त्यस्तो सम्मेलनमा मुख्य राजनीतिक दलहरू र नागरिक समाजका छानिएका प्रतिनिधिहरूलाई सहभागी गराइने योजना छ । अर्थात् अहिलेको वार्ता 'गोलमेच सम्मेलन'सम्म त पुग्नसक्छ । तर त्यहाँबाट अगाडि बढ्न चाहिं ठूलै रस्साकस्सीको सामना गर्नुपर्नेछ । पहिले त, गोलमेच सम्मेलनमा सहभागी हुन पाउने मापदण्डलाई लिएरै मतभिन्नता उब्जन सक्छ । सम्मेलनले गठन गर्ने सरकारको नेतृत्व र बनावट छिनोफानो गर्नुपर्ने अर्को विषय बन्छ । सबभन्दा तीव्र विवाद संविधानलाई लिएर हुनेछ । गोलमेच सम्मेलन हुँदा वर्तमान संविधानको हैसियत के हुने ? यसको निलम्बन वा खारेजी गर्ने भए त्यसको घोषणा कसले गर्ने ? अस्पष्टताहरू थुप्रै छन् ।

मानौं, वालिग मताधिकारको आधारमा संविधानसभाबाट नयाँ

संविधान बनाउने सहमति भयो भने पनि त्यहाँसम्म पुग्न अनेक जटिलता र अड्चन आउनेछन् । संविधानसभाको निर्वाचन गर्नुपूर्व शाही सेना र 'जनसेना'को व्यवस्थापनलाई लिएर पनि समस्या आउनसक्छ । त्यसबेला माओवादीले दुवै सेनालाई मिलाएर छुट्टै राष्ट्रिय सेना बनाइनु पर्ने माग उठाउने निश्चित छ, तर दरवारका निम्ति त्यो मान्य नहुनसक्छ ।

फेरि, गोलमेच सम्मेलन-अन्तरिम सरकार-संविधानसभा भनेको गन्तव्य नभएर प्रक्रियागत कुरामात्र हुन् । किनभने माओवादीले आफ्नो विद्रोहको ऊर्जाका रूपमा उपयोग गरेको सामाजिक-आर्थिक एजेण्डाहरूलाई यसले सम्बोधन गर्ने कुनै ठेगान छैन । र, विद्रोहीहरूले नयाँ सविधानमार्फत् के-कति थप अधिकारको प्रत्याभूति चाहेका हुन् भन्ने पनि प्रष्ट छैन ।

उनीहरूले निर्माण गर्न चाहेको नयाँ सवैधानिक संरचनाको खाका पनि प्रस्तुत गर्न सकेका छैनन् । माओवादीले बहुदलीयता स्वीकार्ने बताएता पनि प्रस्तावित व्यवस्था संसदीय हुने वा अरू कुनै भन्ने कुरा अस्पष्ट नै छ ।

मूल कुरा माओवादीको राजतन्त्रप्रतिको व्यावहारिक दृष्टिकोण के हो भन्ने कुरामै अन्यौल छ । दरवार हत्याकाण्डपछि नयाँ राजालाई मान्यता नदिंदै 'गणतन्त्रको संस्थागत विकास'का लागि आह्वान गर्ने माओवादीहरूले २०५८ असारको होलेरी प्रकरण र अहिलेको युद्धविराममा उनै राजासँग सहमति गरेका छन् । र, 'संविधान सभाको निर्वाचनमा सहमति जनाए राजाको नयाँ मूल्यांकन गरिने' भन्न थालेका छन् ।

माओवादीले कार्यनीतिका नाममा बारम्बार देखाउने विरोधाभाषले गर्दा राजनीतिक दलहरू उनीहरूसँग नजिकिन सकिरहेका छैनन् । कांग्रेस एमालेमा संविधानसभाका पक्षमा व्यापक जनमत बनिसकेको छ, तैपनि उनीहरूले औपचारिक रूपमा यो लाइन लिन सकेका छैनन् । अहिले दरवार र माओवादीमाझ साँठगाँठ भएको शंकाले पनि उनीहरूमा अविश्वास र संशय थपेको छ ।

यता माओवादीले चाहिं वार्ता प्रक्रियालाई 'प्रतिगमनविरोधी संघर्षको माध्यम पनि बनाउने' नीति लिएका छन् । यसका लागि व्यापक रूपमा प्रदर्शन, सभा र जनपरिचालन गर्न उनीहरूले राजनीतिक दलहरूसँग सहकार्यको प्रस्ताव पनि राखिरहेका छन् । स्थानीय स्तरमा गोलमेच सम्मेलन र जनसभाका कार्यक्रम थालिसकेका छन् । शहरी क्षेत्रमा संयुक्त रूपमा जनपरिचालन गर्न सफल भएमा उनीहरूले त्यसलाई जनसंघर्षमा रूपान्तरित गर्ने र विस्तारै चर्काएर जनविद्रोहको कोशिस गर्ने जानकारहरू बताउँछन् । जनविद्रोहको रणनीति सफल नभएको खण्डमा त्यस क्रममा आर्जित ऊर्जालाई माओवादीले संविधानसभाका पक्षमा परिचालित गर्ने प्रयत्न गर्नेछन् । तर समस्या त्यहींनेर छ । संविधानसभाको निर्वाचन र अधिकार हस्तान्तरणको माओवादी माग अन्ततः दरवारका लागि स्वीकार्य हुन्छ कि हुँदैन भन्ने कुरामै शान्ति प्रक्रियाको भविष्य निर्भर छ । ❑


५३ औं राष्ट्रिय प्रजातन्त्र दिवस तथा श्री ५ त्रिभुवन जयन्तीको उपलक्ष्यमा नेपाल विद्युत प्राधिकरण आफ्ना ग्राहकबन्धु, शुभ-चिन्तक तथा सम्पूर्ण देशवासीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछ ।

**डा. जनकलाल कर्माचार्य**

कार्यकारी निर्देशक

तथा

**नेपाल विद्युत प्राधिकरण**


परिवार



# DUCKHAMS




अन्तरराष्ट्रिय **ISO-9002** को उच्च गुणस्तरको लुब्रिकेटिङ्ग आयल







**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**




# दिगो शान्ति र फलदायी वार्ताका लागि के गर्नु जरुरी छ ?

## 'मूल्यांकन'को आयोजनामा विशेष अन्तर्क्रिया

### सक्रिय सहभागीहरु :

कृष्ण खनाल, डा. पीताम्बर शर्मा, नरहरि आचार्य, डा. महेश मास्के, कृष्ण हाछेथु, डा. सरोज धिताल, श्रीकृष्ण अनिरुद्ध गौतम र प्रमोद काफ्ले

## श्याम श्रेष्ठ :

देशले यतिखेर कुनै पनि तरहले शान्ति खोजेको थियो । त्यो शान्ति अहिले छोटो वा लामो समयका लागि भए पनि प्राप्त भएको छ । तर बन्दूकहरूको रोकाइले मात्रै शान्ति हुँदैन, शान्ति रूपान्तरणकारी र अग्रगामी भयो भने मात्रै त्यो दिगो शान्ति हुनसक्छ । त्यो शान्तिको लागि समस्या र चुनौतिहरू ठूल्ठूलै छन् । त्यस स्थितिमा देशले सार्थक र फलदायी वार्ता होस् भन्ने चाहिरहेको छ, त्यसको लागि के के कुरामा याद गरियो र के के कुरामा कदम चालियो भने यो शान्ति दिगो हुनसक्छ, वार्ता फलदायी र अग्रगामी हुनसक्छ भन्ने प्रश्न देशव्यापी रूपमा उठेको छ । यस सम्बन्धमा गम्भीर ढंगले छलफल चलोस् र त्यसबाट केही गतिलो निष्कर्ष निकाल्न सकियोस् तथा त्यसले हामी आफैलाई, वार्तालाई र देश सिंगैलाई केही फाइदा गरोस् भनेर यो छलफल आयोजना गरिएको हो ।

## कृष्ण खनाल :

दिगो युद्धविरामको लागि नभइनहुने कुराहरूमा प्रथमिकता दिनुपर्छ । जुनसुकै पृष्ठभूमिमा भए पनि अहिले युद्धविरामको स्थितिमा हामी आइपुगेका छौं, त्यसलाई बिग्रन दिनु हुँदैन । यहाँ कतिपय कुराहरू रहस्यको रूपमा पनि छन् । कतिपय कुराहरू नाटकीय रूपमा पनि आए । तर जेजति कुराहरू भएतापनि यसलाई दिगो बन्न दिनु जरूरी छ । यसको लागि एउटा प्रमुख कुरा, माओवादीको तर्फबाट युद्धविरामको पृष्ठभूमि बाहिर आउनु जरूरी छ । त्यसपछि मात्र हामी यसमा सहमत र विश्वस्त हुनसक्छौं । सबै नागरिकहरू र पार्टीहरूलाई विश्वास दिलाउन पनि माओवादीहरूले यो कुरा स्पष्ट पार्नु आवश्यक छ ।

युद्धविरामको कुरा देशका सामान्य नागरिकहरू र देशका शीर्षस्थ नेताहरूले एकै चोटि थाहा पाए । यसको लागि शीर्षस्थ नेताहरूसँग सरसल्लाह गर्नुपर्थ्यो । तर गरिएन । यसबाट के बुझिन्छ भने देशको एउटा ठूलो खण्डलाई अविश्वास गरेर यो कुरा अघि बढेको छ । त्यसैकारणले माओवादीहरूले यसबारेमा स्पष्ट पार्नै पर्छ । नत्र भने अरू पार्टीहरूबाट विश्वास प्राप्त गर्न माओवादीहरूलाई गाह्रो पर्छ र त्यसो भएपछि खालि राजा र माओवादीको बीचमा मात्रै यो कुरा सीमित हुने हुन्छ ।

शंका गर्नुपर्ने अर्को कारण जनताको प्रतिनिधित्वलाई शून्यमा पुऱ्याएर यो स्थितिको विकास हुनु हो । संवैधानिक प्रक्रिया जे जस्तो भए पनि यो संविधानले जनतालाई सार्वभौम त मानेको छ । सैद्धान्तिक रूपमा ०४७ को संविधानले यस कुरालाई स्वीकार गरेको छ । त्यसले केही प्रक्रियाहरू निर्माण गरेको छ । ती प्रक्रियाहरूलाई शून्यमा झारेर हामी यहाँ आइपुग्यौं । यो युद्धविरामको राजनैतिक पृष्ठभूमिबाट के देखियो भने युद्धविराममा सहमत हुने दुबै पक्षलाई यो संविधान चाहिएन । अब फेरि हामी एकपटक शाही घोषणाबाटै राजनीति अगाडि बढाउने बाटोमा गइरहेका छौं कि ? त्यस्तो शाही घोषणालाई २०४६ सालमा बन्द गरेका थियौं । राजनैतिक पार्टीहरूले घोषणाको राजनीतिलाई ०४६ सालको आन्दोलनबाट समाप्त गरे । ०४७ सालको संविधानले त्यसलाई पूर्ण रूपमा बन्द गऱ्यो । तर माओवादीको सशस्त्र संघर्ष युद्धविराममा पुग्दा फेरि

घोषणाको पुनरावृत्तिको अवस्था आउन लाग्यो । त्यसैले यो युद्धविरामको घोषणाको पृष्ठभूमि विश्वसनीय ढंगबाट अगाडि आउनुपर्‍यो । कमसेकम जनतालाई युद्धविरामप्रति आश्वस्त पार्नको लागि त्यस्तो स्पष्टता जरूरी छ ।

हिजोको अनुभवले के देखाएको छ भने सरकार र माओवादीतर्फको क्रियाकलापबाट एकले अर्कोलाई युद्धविरामको उलंघन भयो भन्ने आरोपहरू लगाउन सक्ने स्थिति आउन सक्छ । तर युद्धविराममा के के कुराहरू छन्, त्यो कुरामा दुबै स्पष्ट भएनन् । उनीहरू प्रष्ट नभए पनि हामी नागरिक समाज प्रष्ट हुनु पर्‍यो र हामीले युद्धविरामको आचारसंहिता 'यो हुनुपर्छ' भनेर भन्न सक्नु पर्‍यो ।


युद्धविरामको आचारसंहिताको एउटा प्रमुख कुरा- माओवादीहरूले हतियार लिएर हिंड्नु भएन । अर्को कुरा, उनीहरू कम्ब्याट ड्रेस लगाएर हिंड्नु हुने हो कि होइन, त्यो प्रष्ट हुनु पर्‍यो । माओवादीहरूलाई सार्वजनिक रूपमा उपस्थित हुनको लागि हामीले प्रोत्साहित गर्नुपर्‍यो । तर उनीहरू उपस्थित हुँदा अरू जनतालाई त्रास अनुभव हुनु भएन । उनीहरू पनि अरू पार्टीका मानिसहरूजस्तै साधारण रूपमा प्रस्तुत हुनुपर्‍यो । त्यस्तै गरेर, राज्य पनि स्पष्ट हुनुपर्‍यो । अब राज्यले गर्ने कारवाहीमा कानूनको उलंघन हुनु भएन । युद्धविराम हुँदैमा ल एण्ड अर्डर हुँदैन भन्ने कुरा हुँदैन । उसले त्यो ल एण्ड अर्डर त कायम गर्नुपर्‍यो । यसका राज्यले नगरी नहुने कामहरू के के हुन् त ? यसबारे प्रष्ट हुनु जरूरी छ ।

यहाँ यो युद्धविरामबाट भोलि निस्कन सक्ने संभावित निकासबाट त्रसित हुने मान्छे पनि होलान् । तिनीहरूको प्रयास युद्धविरामलाई बिथोल्ने हुनसक्छ । त्यसबाट सरकार, माओवादी मात्र नभएर राजनैतिक पार्टीहरू र नागरिक समाज पनि अरू सचेत हुनु जरूरी छ । अघिल्लो पटकको युद्धविरामको घोषणाको बेलामा भन्दा अहिलेको परिस्थिति धेरै विकसित भइसकेको छ । त्यतिबेलाभन्दा अहिले युद्धविरामको पक्षमा र सहजकर्ताको पक्षमा नागरिक मत व्यापक रूपमा आउनुका साथै राजनैतिक निकासको बारेमा पनि जनताको विचार विकसित भएर आएको छ । असोज १८ पछि त देश साँच्चै नै प्रगतिशील निकासमा आउनुपर्छ, जनताको सार्वभौमिकतामाथि कहीं कतै कुनै किसिमको सम्झौता हुनुहुँदैन भन्ने पक्षमा जनताको मत ह्वात्तै बढेको छ । दरवार र माओवादीले प्राविधिक आधारमा युद्धविरामको घोषणा गरे होलान् । तर त्यसपछिको प्रक्रियामा जनताको मतलाई दुबै पक्षले बुझ्न सकेनन् र त्यसलाई वास्ता गरेनन् भने यसको कार्यान्वयन दरवार र माओवादीका बीचमा मात्र सीमित हुन्छ, जनता यसबाट विमुख हुनथाल्छन् । त्यसबाट समाज र राजनीतिक प्रक्रियालाई नै हानि हुनसक्छ ।

आचारसंहिताको बारेमा अगाडिको अनुभवलाई समेत मनन गरेर गृहकार्य नै गर्नुपर्छ । तैपनि यसमा हुनु पर्ने कुराहरू के के हुन् भने- पहिलो, जनयद्ध भएको शुरू अवस्थादेखि अहिलेसम्म विस्थापित भएका मानिसहरू यथास्थितिमा फर्कने वातावरण हुनुपर्छ । त्यस्तै गरेर, जनयुद्ध प्रभावित क्षेत्रमा औषधीदेखि लिएर खाद्यान्नको आपूर्ति सुलभ हुनुपर्छ । स्वास्थ्य चौकी, स्कूल तथा अन्य संघ संस्थाहरू चल्ने स्थिति हुनुपर्छ । दोश्रो कुरा, अहिले माओवादी पक्षले गाउँ गाउँमा गोलमेच सम्मेलन गर्न लागेको कुरा प्रचारमा आउन थालेको छ । त्यसमा अन्य राजनैतिक पार्टीहरू कसरी प्रस्तुत हुने भन्ने कुरा प्रष्ट हुनुपर्‍यो र माओवादीका चित्त नबुझेका कुराहरू भन्न सक्ने स्थितिको निर्माण हुनु पर्‍यो ।

तेश्रो कुरा, फलदायी र रूपान्तरणकारी वार्ता हुनको लागि माओवादी, राजनैतिक पार्टी तथा नागरिक समाजले सँगै बसेर अन्तरक्रिया गर्नुपर्‍यो । यो अन्तरक्रिया दुई पक्षीय र बहुपक्षीय दुबै हुनसक्छ । आत्मविश्वास निर्माणको लागि पनि यो किसिमको छलफल हुनु अति जरूरी छ ।

यसो गर्दा भोलि हुने गोलमेच सम्मेलनको लागि चाहिने एजेण्डा त्यहींबाट तयार हुन्छ । योबाहेक अनुगमनको प्रक्रिया पनि चाहियो । आचारसंहिताको पालनाको लागि यसपाली अनुगमन नगरी हुँदैन । जस्तो : चन्दा माग्ने कुरामै भनूँ । माओवादीले चन्दा माग्न हुने कि नहुने ? चन्दा त अरू पार्टीले पनि माग्लान् । माओवादीलाई मात्र चन्दा माग्न कसरी



कृष्ण खनाल

वार्ता प्रक्रियामा जनताको मतलाई दुबै पक्षले बुझ्न सकेनन् र त्यसलाई वास्ता गरेनन् भने यसको कार्यान्वयन दरवार र माओवादीका बीचमा मात्र सीमित हुन्छ, जनता यसबाट विमुख हुनथाल्छन्



अन्तर्क्रियाको एक दृश्य



डा. पीताम्बर शर्मा

**अनुगमनलाई सरकार र राजनैतिक दलहरूको जिम्मामा छोडेरमात्रै हुँदैन, त्यसका लागि नागरिक समाज, विशेष गरेर मानव अधिकारवादीहरू संगठित र सक्रिय रूपमा अगाडि आउनुपर्छ**

रोक्ने ? तर यतिखेर माओवादीले चन्दा माग्नु र अरू पार्टीले चन्दा माग्नुमा धेरै अन्तर हुन्छ । अरू पार्टीलाई सजिलैसित चन्दा दिन्नँ भन्न सकिन्छ । माओवादीलाई दिन्नँ भन्दा केही हुने हो कि भन्ने डर हुन्छ । किनभने ऊसँग बन्दूक त अझै पनि छ । तर माओवादीलाई चन्दा उठाउन रोक्नु व्यवहारिक कुरा होइन । त्यसैले माओवादीले चन्दा उठाउँदा यसको मापदण्ड बन्नुपर्‍यो ।

मलाई लाग्छ- तीन तहमा अनुगमन गर्नु जरूरी हुन्छ । एउटा, हरेक पार्टीले आ-आफ्नै अनुगमन इकाइ राख्ने । दोश्रो, सबै पार्टीहरूको संयुक्त अनुगमन इकाइ र तेश्रो, माओवादीलगायत सबै पार्टीहरूलाई स्वीकार्य हुने नागरिक समाज र मानवअधिकारवादीहरूको अनुगमन इकाइ । यस्ता इकाइहरू केन्द्र र स्थानीय दुबै तहमा चाहिन्छन् । यसरी केन्द्रीय र स्थानीय तहमा अनुगमन इकाइ भए भने स्थानीय तहबाट आएका कुराहरूलाई केन्द्रीय तहमा र एक पार्टीमा आएको कुरा अर्को पार्टीसँग रूजु गर्न सजिलो हुन्छ । यसरी जाने हो भने युद्धविरामलाई थाम्न सकिन्छ होलाजस्तो मलाई लाग्छ ।

अहिले हाम्रो कर्तव्य भनेको युद्धविरामलाई थाम्न दिनु नै हो । अहिलेको युद्धविरामको स्थितिलाई हेर्दा दरवार र माओवादी दुबैलाई युद्धविराम गर्न हतार भएको देखिन्छ, हतार हतारमा भएको काम असफलतामा पनि टुंगिनसक्छ । ७-८ वर्षसम्म भएको युद्धमा धेरै जटिलताहरू आइसकेका छन् । यी जटिलताहरूलाई हामीले क्रमशः फुकाउँदै जानुपर्छ । ती जटिलताहरू फुकाउन सकियो भने यो युद्धविराम दिगो हुन्छ । नत्र भने एउटा काम त होला, त्यसबाट परिणाम के निस्कन्छ थाहा हुँदैन ।

## डा. पीताम्बर शर्मा :

वार्ताका प्रसंगमा ३-४ कुरामा सचेत हुनुपर्छजस्तो मलाई लाग्छ ।

पहिलो, पारदर्शिताको कुरा । युद्धविराम गर्नका निम्ति माओवादी र सरकारबीच के-कस्ता समझदारीहरू भएका थिए, सो स्पष्ट रूपमा अगाडि ल्याइनुपर्दछ । वार्ताका निम्ति व्यापक विश्वासको वातावरण बनाउन यो आवश्यक छ ।

दोस्रो, युद्धविरामको आचारसंहिताको कुरा । आचारसंहितामा के हुनुपर्छ, यसको अनुगमन कसले गर्ने, कुन तहमा गर्ने र ती अनुगमनकारीहरूलाई कसले मान्यता दिने भन्ने कुरा स्पष्ट हुनुपर्छ । माओवादी, सरकार, राजनैतिक दलहरू र नागरिक समाज मिलेर केन्द्रदेखि गाउँ तहसम्म संयुक्त रूपमा अनुगमन इकाईहरू गठन गर्नुपर्छ । यी इकाईहरूको भूमिका महत्वपूर्ण हुनेछ । किनकि युद्धविरामपछिको वार्ता, गोलमेच सम्मेलन र अन्तरिम सरकारकाबीचमा निक्कै लामो समय लाग्नसक्छ । युद्धविरामलाई दिगो तुल्याउन आचारसंहिताको पालनाको महत्व ठूलो हुनेछ ।

तेस्रो, वार्तामा राजनैतिक दलहरूको सहभागिताको कुरा । युद्धविरामको प्रकृया र त्यसपछि पनि भइरहेको भनिएका अनौपचारिक वार्ता प्रकृयामा अहिलेसम्म कुनै पनि राजनैतिक दललाई सहभागी गराइएको छैन । स्वाभाविक रूपले यसप्रति राजनैतिक दलहरूका गुनासाहरू छन् । युद्धविराम गर्नकै लागि त बन्दूक लिएका दुई पक्ष- राजा र माओवादी पर्याप्त थिए होलान्, त्यसैले राजनैतिक दलहरूलाई सहभागी नगराइएको होला । तर अब दुई बन्दूकेका बीचमात्रै वार्ता सीमित रहेर राजनैतिक समाधानको बाटो ठम्याउन सकिँदैन । फेरि, युद्धविरामले प्रतिगमनको सन्दर्भलाई बिर्सन मिल्दैन । प्रतिगमनका सन्दर्भमा स्पष्ट सोच र समझदारी कायम गरेर नै माओवादी र राजनैतिक दलहरू अगाडि बढ्नु आवश्यक छ । यस्तो सोच र सहमतिबारे पहल गर्ने भार अब माओवादीमाथि आइपरेको छ ।

युद्धविरामको घोषणाले अग्रगामी निकासका लागि वार्ता र गोलमेच सम्मेलन गर्ने समझदारी राजा र माओवादीबीच भएको कुरालाई बुझायो । अरू अर्थमा २०४७ को संविधान यी दुवै पक्षले मृत भइसकेको ठहर गरिसके । अन्य राजनैतिक दल भने भिन्नाभिन्नै आशयले भए पनि २०४७ को संविधानको बहालीकै पक्षमा छन् । अब माओवादीले यी राजनैतिक दलका भनाइ र प्रश्नहरूको जवाफ समुचित ढंगले दिन सक्नुपर्छ । जसरी राजासँग युद्धविरामको समझदारी भयो, त्यसरी नै राजनैतिक दल- मूख्यतः कांग्रेस र एमालेसँग अग्रगामी निकासको पक्षमा समझदारी र विश्वासको वातावरण बनाउन माओवादीले सक्नुपर्छ । अहिले राजा र मुख्य राजनैतिक दलहरूका बीचमा जुन विश्वासको संकट छ, त्यसको फाइदा लिनतिर लाग्नु माओवादीका निम्ति घातक हुनेछ । प्रतिगमनका विरूद्धमा र जनता र राजनैतिक दलका पक्षमा माओवादीको निर्णय आउनुपर्छ ।

चौथो, गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधान सभाको मागमा वार्ताको कुरा आएको छ । यस्तो वार्तामा राजनैतिक दलहरू र नागरिक समाजलाई कसरी र कुन आधारमा सहभागी तुल्याउने र प्रतिनिधित्व गराउने भन्ने विषयमा पनि स्पष्टता हुनु आवश्यक छ । माओवादीबाट गरिने राजनैतिक दलहरूसँगको संवादले नै गोलमेच सम्मेलनको वातावरण तयार गर्नसक्छ । राजनैतिक दलहरूको अस्तित्वलाई माओवादीले स्वीकार गरेनन् भने वार्ता असफल हुने निश्चित छ ।

औपचारिक वार्ता शुरू हुनुअघि वार्ताको आचारसंहिता बन्नु जरूरी छ । यस्तो आचारसंहिताका लागि राजा र माओवादीले मात्र सूचना जारी गरेर हुँदैन । वार्तामा सहभागी हुने सबै पक्षको सहमति पनि आवश्यक होला ।

युद्धविरामपछि सामान्य जीवनको पुनर्स्थापना गर्नतिर प्राथमिकताका साथ लाग्नुपर्छ भन्ने कुरा आउनु स्वाभाविक हो । तर पुनर्स्थापनाका निम्ति पहिले राजनैतिक र सुरक्षात्मक पूर्वाधार बनाइनुपर्‍यो । अर्थात् युद्धविरामको चरणवद्ध विकासको सोच वार्ताका क्रममा बन्नु र लागु हुनुपर्‍यो । माओवादीको वर्चस्व भएका ठाउँमा सरकारी सेनाले र सरकारी सेना भएका ठाउँमा माओवादीले शान्ति सुरक्षाको वातावरण त बनाउँदैनन् होला । त्यसैले आ-आफ्नो वर्चस्व भएका ठाउँमा सहमतिको आचारसंहिता र त्यसको अनुगमन प्रकृयाका आधारमा शान्ति सुरक्षा र क्रमिक रूपले सामान्य जीवनको पुनर्स्थापनाको वातावरण बनाइनु आवश्यक र व्यावहारिक होला । अहिले तुरून्तै गर्न सकिने भनेको काम औषधि, खाद्यान्न र अन्य आवश्यक वस्तु लैजान

प्रतिवन्ध लागेका ठाउँमा त्यो प्रतिवन्ध फुकाउनु हो ।

संक्षेपमा, पहिलो कुरा, माओवादीले अन्य राजनैतिक दलहरूलाई विश्वासमा लिनुपर्‍यो । दोस्रो, युद्धविरामको आचारसंहिता बनाउनुपर्‍यो । यसमा माओवादी र सरकारी सेना दुवैतिरबाट भइरहेको र संभावित आतंक तुरुन्त बन्द गर्ने र त्यसको अनुगमनको व्यवस्था हुनुपर्‍यो । सैनिक र माओवादी दुवै पक्षले हतियार प्रदर्शन गरेर डर र त्रास सृजना गर्ने वातावरण समाप्त हुनुपर्‍यो । र, तेस्रो, माओवादी र सरकार दुवैले आफ्ना कब्जामा लिएका व्यक्तिहरूबारे विवरण सार्वजनिक गर्नुपर्‍यो । यी सबै कुराहरूका लागि अनुगमनको प्रभावशाली व्यवस्था नभई हुँदैन । अनुगमनलाई सरकार र राजनैतिक दलहरूको जिम्मामा छोडेरमात्रै हुँदैन, त्यसका लागि नागरिक समाज, विशेष गरेर मानवअधिकारवादीहरू संगठित र सक्रिय रूपमा अगाडि आउनुपर्छ ।

## नरहरि आचार्य :

पहिले भएको युद्धविराम र वार्ताको प्रक्रिया तथा अहिले भएको युद्धविराम र हुन लागेको वार्ता प्रक्रियामा केही आधारभूत भिन्नता छन् । पहिले प्रधानमन्त्रीको प्रत्यक्ष अग्रसरतामा युद्धविराम भएको थियो । अहिले कसले जिम्मेवारी लिएर युद्धविराम भएको हो भन्ने कुरा स्पष्ट देखिएको छैन । त्यसैले हिजो वार्ता असफल हुँदा हामीले प्रधानमन्त्रीलाई दोष दिन पायौं । अहिले यो वार्ता असफल भयो भने त्यसको जिम्मेवार कसलाई ठान्ने ? त्यसैले गर्दा सबैले चाहेको र खोजिरहेको युद्धविराम हुँदा पनि मान्छेहरूमा अन्यौल र आशंकाहरू देखिन्छन् ।

पहिले प्रचण्ड र प्र.मं. शेरबहादुर देउवाको बीचमा सहमति भएर वार्ताको थालनी भएता पनि उनीहरूबीच के कुरामा सहमति भएको थियो भन्ने कुरा बाहिर आएको थिएन । युद्धविराम हुँदा के कस्ता शर्तहरू थिए भन्ने कुरा त्यतिबेला पनि प्रकाशमा आएन । त्यसबेला पनि एकले अर्कोलाई समझदारी भएको कुरा पूरा गरेन भन्ने आरोप लगाए । तर त्यो कुरा के हो भनेर देउवाले पनि वार्ता टोलीलाई भनेनन्, प्रचण्डले पनि त्यस्तै गरेका थिए । त्यसबाट के कुरा थाहा पाइयो भने दुवै पक्षबीच के कुरामा समझदारी भएको छ भन्ने कुरा सार्वजनिक हुनु पर्दोरहेछ । त्यसपछि मात्रै नागरिक समाजले कसले गल्ति गर्‍यो भन्ने थाहा पाउँछ र न्याय गर्न सक्ने हुन्छ ।

अर्को कुरा, त्यतिबेलाको अनुभवबाट सिकिएको पाठ सहजकर्ता दुवै पक्षले पत्याएको र बलियो पनि हुनुपर्छ भन्ने हो । त्यतिबेलाका सहजकर्ताहरू त एक किसिमले आफ्नै किसिमको पृष्ठभूमि भएका, परिचित र जिम्मेवार व्यक्तिहरू थिए । तैपनि भित्रभित्रै प्रश्न उठेको थियो । अहिलेका सहजकर्ता भनी सार्वजनिक भएकाहरूको स्थिति त्यो पनि छैन । त्यसैले दुवै पक्षले ठहर गरेमा मात्रै सहजकर्ता हुने रहेछ नत्र भने एउटा न एउटा आरोप सहजकर्तालाई लाग्ने रहेछ । अहिले पनि सहजकर्ताको बारेमा विभिन्न ठाउँबाट प्रश्न उठिरहेको छ ।


त्यतिबेला पनि आचारसंहिता बनाउन खोजिएको थियो । युद्धविराम भइसकेपछि वार्तालाई व्यवस्थित गराउनको लागि दोस्रो चरणको वार्ताको क्रममा आचारसंहिताको ड्राफ्ट भएको थियो । तर तेस्रो पटकको वार्ता पछाडि धकेलिएपछि त्यो ड्राफ्टलाई अगाडि लैजाने स्थिति रहेन ।

त्यतिबेलाको वार्तामा पहिलो पटकका लिखित रूपमै समझदारी भएको थियो । 'हामीसँग मतान्तरहरू छन्, त्यसलाई शान्तिपूर्ण रूपमा समाधान गर्ने दिशामा हामी प्रतिबद्ध हुन्छौं' भन्ने सम्मको बुँदामा दुबै पक्षले हस्ताक्षर नै गरेका थिए । तेस्रो पटकको वार्तामा वर्तमान संविधान खारेज गर्ने, नयाँ संविधान बनाउने, नयाँ संविधान बनाउँदा जनतालाई अधिकार दिने भन्ने कुरा भएको थियो । प्रत्यक्ष रूपमा संविधान सभाको कुरा उठेको थिएन । संविधान सभाको कुरा दोस्रो र तेस्रो वार्ताको बीचमा प्रचण्डको वक्तव्यमार्फत् आएको थियो । त्यसमा 'संविधानसभाको विषयमा जनताका बीचमा जाने र छलफल गर्ने' भन्ने शब्दावली थियो ।

त्यतिबेला वार्ता टुट्नुमा दुवै पक्षमा गम्भीरता नभएकोले पनि हो जस्तो मलाई लागेको छ । पहिलो पटकको वार्तामा आउँदा माओवादी प्रतिनिधिहरूसँग कलम र नोटबुक पनि देखिएन । उहाँहरूले त्यहीं दिएको कागजमा सिसाकलमले नै केही कुराहरू टिप्नुभयो । दोस्रो पटकको वार्तामा पनि उहाँहरूले ल्याउनुभएको माग खेस्राको रूपमा केरमेट गरिएको अवस्थामा थियो । यी कुराहरू देख्दा मलाई त्यतिबेलाको वार्तामा गम्भीरता नभएको र कमजोरी भएको जस्तो लागेको थियो । अहिले पनि त्यतिबेलाको कमजोरीको लक्षण दोहोरिन थालेको छ । १८ असोज पछाडि देशमा एउटा बेग्लै परिस्थिति निर्माण भएको छ । राज्यको कार्यकारिणी अधिकार श्री ५ को हातमा छ अहिले । त्यसैले युद्धविराम त श्री ५ सँगै गर्ने हो । पार्टीहरूले 'युद्धविराम गर्न हामीसँग कुरा गरेनन्' भनेर भन्न मिल्दैन । तर शान्तिवार्ताका राजनीतिक मुद्दाहरू कसरी निर्धारित हुन्छन् भन्ने कुराको चासो अरू पार्टीहरूलाई पनि हुने नै भयो । त्यसको लागि माओवादीले अरू पार्टीहरूसँग गंभीर संवाद गर्नु आवश्यक छ ।

वार्ता फलदायी बनाउने हो भने वार्ता कहाँ पुर्‍याएर टुंग्याउने भन्ने कुरा प्रष्ट हुनुपर्छ । पहिले पनि प्रधानमन्त्री देउवालाई वार्ता कहाँ पुर्‍याएर टुंग्याउने भन्ने धारणागत प्रष्टता थिएन । अहिले पनि त्यो धारणागत प्रष्टताबारे शुरूमा नै अलमल भएको हो कि जस्तो देखिन्छ । अहिले कार्यकारी अधिकार महाराजधिराजमा भएकोले उहाँमा पनि धारणागत स्पष्टता चाहियो । बाहिर अन्तरिम सरकार, गोलमेच सम्मेलन र संविधानसभामा सहमति भएर नै युद्धविराम भएको हो भन्ने कुरा आइरहेको छ, सहजकर्ताहरूले पनि भनेका छन् । तर सरकार पक्षले यस्तो कुरा केही पनि भएको छैन भनेर भनिराखेको पनि छ । त्यसैले धारणागत स्पष्टता पहिले नै आउनुपर्ने जरूरी हुन्छ ।

युद्धविरामको पृष्ठभूमिबारे जानकारी हुनुपर्ने कुराहरू यहाँ आई नै सकेका छन् । आचारसंहिता बन्दाखेरि पहिलो, दुवैतिरबाट व्यक्तिगत आक्रमणको अन्त्य हुनुपर्‍यो । दोस्रो, हतियारको प्रदर्शन पनि दुवैतिरबाट बन्द हुनुपर्‍यो । सामान्य रूपबाट हेर्दा अहिलेसम्म प्रहरी-सैनिकहरू आफ्नो ठाउँमा फर्केको कतै कहीं देखिएको छैन । त्यतिबेला माओवादीहरूले 'हाम्रो हतियार राख्ने ठाउँ छैन, त्यसैले हाम्रो आफ्नो ठाउँमा हतियार लिएर हिंड्छौं, शहरबजारमा लिएर



नरहरि आचार्य

> वार्ता कहाँ पुर्‍याएर टुंग्याउने भन्ने कुरा प्रष्ट हुनुपर्छ । पहिले देउवालाई वार्ता कहाँ पुर्‍याएर टुंग्याउने भन्ने धारणागत प्रष्टता थिएन । अहिले पनि त्यो धारणागत प्रष्टताबारे शुरूमा नै अलमल भएको देखिन्छ ।



डा. महेश मास्के

> सबै राजनैतिक पार्टीहरू र नागरिक समाजले संविधान सभाबारे गम्भीरतापूर्वक सोच्न सकियो भने यो युद्धविरामलाई स्थायित्व दिने र शान्तिको प्रयत्नलाई अगाडि बढाउने काममा टेवा पुग्छ

आउँदैनौं' भनेर भनेका थिए । अहिले पनि त्यस्तै हल्का फुल्का कुराहरू भएका छन् कि अरू केही कुराहरू भएका छन् ? त्यो कुरा स्पष्ट रूपमा बाहिर आउनुपर्‍यो । त्यस्तै गरेर, पहिरनको कुरा आउँछ । माओवादीहरू कम्ब्याट ड्रेस लाएर बाहिर आउन हुने हो कि होइन ? आउनु हुँदैन र उनीहरूसँग त्यसबाहेक अर्को लुगा छैन भने के गर्ने ? त्यो कुरा पनि स्पष्ट हुनुपर्‍यो । यसरी हतियार कहाँ राख्ने, लुगा के गर्ने भन्ने कुराहरू र अरू के के गर्न हुने के के गर्न नहुने भन्ने कुराहरू आचारसंहितामा आउनुपर्छ । पहिलेको वार्तामा आचारसंहिता नबनेको कारणले हरेक पटक आधाभन्दा बढी समय 'तैंले यस्तो गरिस्, तैंले यस्तो गरिनस्' भन्ने आरोप प्रत्यारोपमै समय सकिन्थ्यो । वार्ताको समय सकिने बेलामा मात्रै वार्ताको मूल विषयमा छलफल हुन्थ्यो ।

अहिलेको स्थिति आधारभूत रूपले भिन्न छ । हिजो राज्यपक्ष एकातिर र विद्रोही पक्ष एकातिर थियो, त्यतिबेला सत्तामा रहेका तथा अन्य पार्टीहरूको बीचमा वार्तामा भएका कुराहरूको रिपोर्टिङ्ग भइरहन्थ्यो । अहिले पनि सैद्धान्तिक रूपमा राजनैतिक दलहरूलाई समेत राज्यपक्ष भन्नुपर्ने भएता पनि भन्न नमिल्ने स्थिति छ । १८ असोजदेखि उनीहरू राज्यपक्षबाट बाहिर परेका छन् । र, उनीहरू वार्ता के कसरी भइरहेको छ भन्ने कुरामा अनभिज्ञ छन् । त्यसैले अहिलेको स्थितिमा पहिलेको अनुभवलाई प्रयोग गर्नुपर्ने र भिन्न ढंगबाट सोच्नुपर्ने पनि पर्ने भएको छ ।

## कृष्ण खनाल :

युद्धविरामको परिभाषामा हामीहरू स्पष्ट हुनु जरूरी छ । अरू ठाउँको भन्दा हाम्रो देशको वातावरण भिन्न छ । श्रीलंकामा सरकार र तामिलहरूको आ-आफ्नै क्षेत्राधिकार छ । नेपालमा सरकार र माओवादीको एकै क्षेत्राधिकार छ । युद्धविराम भन्नेबित्तिकै त्यहाँ एउटा युद्धविरामको घेरा हुन्छ । त्यसैले श्रीलंकामा युद्धविराम भन्दा खेरि स्पष्ट बुझिन्छ । तर यहाँ युद्धविराम भन्दा 'आक्रमण र प्रत्याक्रमण नगर भनेको' हुन्छ । यहाँ आक्रमण र प्रत्याक्रमणको स्थिति कस्तो छ भने सैनिक आउँछ, घरबाट मान्छे थुतेर लैजान्छ, माओवादी आएर पनि त्यस्तै गर्छ । युद्धभूमिमा लडिराखेको भए पो यहाँबाट अगाडि नबढ भन्दा युद्ध बन्द हुन्छ । त्यसैले हामीकहाँ युद्धविराम भन्दा, त्यसको घेरा कहाँ हो, त्यो स्पष्ट हुनु जरूरी छ ।

## डा. महेश मास्के :

अहिलेको युद्धविरामलाई जोगाउनु र वार्तालाई निष्कर्षमा पुऱ्याउनु जरूरी छ । वर्तमान संकटको निकास पनि कसरी हुन्छ भन्ने कुराको समझदारीमा पुग्दै यो वार्तालाई निकासमा पुऱ्याउनको निम्ति केही कुराहरूमा स्पष्ट हुनुपर्छ भन्ने कुराहरू एकदमै सशक्त ढंगले यहाँ आएका छन् । यहाँ शब्दको प्रयोगमा मेरो अलिकति भिन्नता छ । कतिपय साथीहरूले वार्ताको कुरा बाहिर ल्याउनुपर्छ भनेर भन्नुभएको छ । तर मलाई वार्ता भएको होइन कि जस्तो लाग्छ । माओवादीको वक्तव्यले नै बताउँछ कि माओवादीको केन्द्रीय समितिको स्तरका व्यक्तिहरू कसैसँग पनि कुरा भएको होइन । एउटा प्रस्ताव आएको हो, त्यो प्रस्तावलाई उनीहरूले अनुमोदन गरेका हुन् र त्यसपछि युद्धविरामको स्थिति भएको हो भन्ने आशय वक्तव्यमा देखिन्छ ।

त्यसैले अहिलेसम्म जे-जति घटनाक्रमहरू भए ती सबै कुराहरू स्पष्ट रूपमा बाहिर आउनुपर्ने हो, त्यो उनीहरूबाट आएको छैन । हुन त युद्धविराम भएको लगत्तैपछि जति हल्ला भएको थियो, त्यो अहिले कम भएको छ । र, अहिले धेरै कुराहरू यहाँ आउन थालेका पनि छन् । अहिले कृष्ण खनालज्यू र नरहरि आचार्यज्यूबाट युद्धविरामको कुरा जनता र नेताहरूले एकैचोटि थाहा पाए भन्ने कुरा आयो, त्यो सही होइन कि ? त्यसबारे तथ्य कुरा ती नेताहरूले पनि बाहिर ल्याउनुपर्‍यो । अहिले सुनिएको कुरा के छ भने माओवादीले युद्धविरामका कुराहरू नेताहरूसमक्ष पुऱ्याएको र नेताहरूले पनि ठीकै छ नि त आतंकवादी लगायतका २/३ वटा कुराहरू हटाइन्छ भने युद्धविराम गरे हुन्छ, युद्धविरामपछि त्यसलाई कसरी अगाडि लैजाने भन्ने कुरा गर्दै गरौंला भन्ने कुरा भनेका थिए । यो कुरा कत्तिको सही हो भन्ने कुरा त समयले बताउला नै ।

अब औपचारिक वार्ता हुँदैछ । त्यसले एउटा जटिलता ल्याएको छ । यो सरकारलाई कुनै पनि पार्टीहरूले वैधता दिएका छैनन् । हुन त सत्ताको शक्ति दरवार र सरकारसँगै छ । त्यसकारण ऊसँग मात्रै वार्ता हुन्छ भन्नेतर्फ माओवादीहरू लाग्यो भने त्यो वार्ता कसरी अगाडि बढ्नसक्छ ? अन्य पार्टीहरूको सहभागिताविना यो वार्ता सफल हुन सक्दैन । त्यसकारण अहिले हल्लाहरूको बीचमा जुन भ्रमहरू फैलिरहेका छन्, त्यसलाई प्रष्ट्याउने काम हुनुपर्छ । अहिले सबभन्दा पहिले माओवादी वार्ता टोलीले अन्य राजनैतिक पार्टीहरूसँग बसेर कुरा गर्नुपर्छ र सहमति खोज्नुपर्छ । अहिले राज्यपक्षको प्रतिनिधिसँग पनि माओवादीहरूका जुन कुराहरू भैरहेका छन्, त्यो अनौपचारिक वार्ता हुनुपर्छ । अनौपचारिक वार्ताबाट एउटा समझदारी बनेपछि मात्र त्यसले औपचारिकता लिन्छ । यो अनौपचारिक वार्ता पनि राज्यको प्रतिनिधि, माओवादी र अन्य राजनैतिक पार्टीहरूको बीचमा हुनुपर्छ । त्यही अनौपचारिक वार्ताको सहमतिबाट गोलमेच सम्मेलनको प्रारूप निक्लन्छ । गोलमेच सम्मेलनमा को को मान्छेहरू आउने ? कस-कसको प्रतिनिधिहरू हुन्छन् ? गोलमेच सम्मेलन कसले बोलाउने भन्ने सहमति भइसकेपछि गोलमेच सम्मेलन डाकिन्छ र त्यसपछि मात्रै औपचारिक वार्ता हुन्छजस्तो मलाई लाग्छ ।

गोलमेच सम्मेलन डाकिसकेपछि पनि एउटा समस्या आउँछ । किनभने गोलमेच सम्मेलनमा त धेरै मान्छेहरू होलान् । सबैले सबैसँग वार्ता गर्ने कुरा त हुँदैन होला । त्यसैले गोलमेच सम्मेलनमा उपस्थित भएका राज्य, माओवादी, अन्य पार्टीहरू तथा नागरिक समाजको टोलीका प्रतिनिधिहरू राखेर एउटा सानो कार्यकारी टोली बनाउनु पर्ला । त्यही टोलीले विस्तृत छलफल गर्छ र त्यसले निर्णय गरेको कुरा अनुमोदनको लागि गोलमेच सम्मेलनमा पेश गर्छ होलाजस्तो मलाई लाग्छ । त्यसैले अहिले नै वार्ता भयो भनीहाल्न मिल्दैन ।

अहिलेको युद्धविरामलाई दिगो र फलदायी बनाउनको लागि गम्भीर प्रयत्न गर्ने हो भने अन्य पार्टीहरू र

माओवादीबीच दूरी बढ्नुहुँदैन । किनभने यहाँ वार्ता नचाहनेहरू पनि होलान् । उनीहरूले माओवादी र अन्य पार्टीहरूबीच दूरी बढाउने काम गर्लान् । त्यसैले उनीहरूको बीच दूरी नबढाउन सबभन्दा बढी जिम्मेवार माओवादी नैं हुनुपर्छ । र, उसले नै सबभन्दा बढी जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्नुपर्छ । त्यसपछि नागरिक समाज र अन्य पार्टीहरूले पनि आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्छ । माओवादीहरू अहिले देशको संकटको निकास संविधान सभा भनेर नै आएका छन् । उनीहरू संविधान सभा कि युद्ध भनेर आएका छन् । एमाले पनि संविधान सभाको बारेमा खुल्ला हुन सकिन्छ भनेर आयो अहिले । अहिले देशमा यो कुराको छनौट गर्नुपर्ने स्थिति आएको छ । सविधान सभा २००७ सालमै उठेको मुद्दा हो भनेर नरहरिजीले लेख्नुभएको कुरा हो । संविधान सभामा सहमति भएपछि नै ०७ सालमा राणा, राजा र ने.कां.को बीचमा सम्झौता भएको हो भन्ने कुरा आएको छ ।


यसरी ऐतिहासिक रूपमा नै नेपालका प्रमुख राजनैतिक पार्टीहरूको लागि थन्किरहेको विषयले अहिले देशलाई निकास दिनसक्छ भने त्यस कुराको सहमतितिर किन नजाने ? यसबारेमा नेपाली कांग्रेसले पनि सोच्नुपर्‍यो । सबै राजनैतिक पार्टीहरू र नागरिक समाजले संविधान सभाबारे गम्भीरतापूर्वक सोच्न सकियो भने यो युद्धविरामलाई स्थायित्व दिने र शान्तिको प्रयत्नलाई अगाडि बढाउने काममा टेवा पुग्छ । होइन भने शान्तिवार्तालाई भाँड्न खोज्नेहरूले वार्तालाई सफल हुन दिँदैनन् । अहिले यो शान्तिवार्ताबाट भारत पनि खुशी छैन भन्ने हल्ला चलेको छ । शान्ति स्थापना गर्ने कार्यमा थुप्रै चुनौतिहरू छन् । त्यसैले अहिले नागरिक समाज र वौद्धिकहरू शान्तिवार्तालाई फलदायी बनाउन प्रयत्नशील हुनुपर्छ भन्ने मलाई लागेको छ ।

## कृष्ण हाछेथु :

युद्धविराम घोषणा भएको दिन सबै खुशी भए । तर युद्धविरामको पृष्ठभूमि शंकास्पद छ । तसर्थ वार्ता कसरी अगाडि बढ्छ भन्ने प्रश्न उठेको छ । पहिले भएको वार्ता र भोलि हुने वार्तामा आधारभूत भिन्नता छ । त्यतिबेला राज्यको प्रतिनिधित्व प्रधानमन्त्रीले गर्थ्यो । त्यसैले त्यतिबेला प्रधानमन्त्री र माओवादीका प्रतिनिधिहरूबीच दुइपक्षीय वार्ता भएको थियो । तर अहिले वार्ताको रूप बहुपक्षीय हुने देखिन्छ । अरू पक्षले वार्ताको मुद्दा पेश नगरेकाले माओवादीले राखेकै सर्वपक्षीय गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधान सभालाई वार्ताको आधार मान्नुपर्छ । यसरी हेर्दा गोलमेच सम्मेलन एउटा प्रक्रिया भयो, त्यसको उद्देश्य संविधान सभा र साधन अन्तरिम सरकार हो ।

वार्तामा कस-कसको प्रतिनिधित्व हुनेछ ? एउटा पक्ष भनेको स्पष्ट त माओवादी नै हो । अर्को पक्ष भनेको संसद विघटन गर्नु अगाडिका कांग्रेस, एमालेलगायतका संसदवादी पार्टीहरू हुन् । यहाँ प्रश्न के छ भने राजा अथवा सरकार तेस्रो पार्टी हो कि होइन ? यसलाई प्राविधिक र राजनैतिक दुई पक्षबाट हेरिनुपर्छ । प्राविधिक कुरा आउँदा निश्चित रूपमा वार्ता वा सहमतिका कुराहरू सरकारसँग गर्नुपर्ने हुन्छ । किनभने सैनिक, प्रहरी तथा स्रोतहरू सरकारसँगै छन् । युद्धविरामको सहमति सरकारसँगै हुन्छ । युद्धविरामपछि राजनैतिक वार्ता गर्न लामो समय लाग्छ र वार्ता पनि लामो समयसम्म चलिरहन्छ होला । त्यसैले युद्धविरामपछि चालिनुपर्ने प्राविधिक कदमहरू सरकारसँगै बसेर चाल्नुपर्ने हुन्छ र यसमा अरू राजनैतिक पार्टीहरूको सहभागिता तुलनात्मक रूपमा कम हुन्छ ।

अहिले वार्ताको प्राविधिक पक्षलाई नै बढी जोड दिनुपर्छ । यसमा कसरी सामान्य स्थितिको वातावरण स्थापित गर्ने भन्ने नै मूल सवाल हो । पहिलो जोड दिनुपर्ने कुरा- विस्थापितहरूलाई गाउँ फर्किने वा आ-आफ्नो ठाउँमा फर्कने वातावरण तयार गर्नु हो । वातावरण तयार गर्ने क्रममा माओवादीले प्रयोग गर्ने गरेको हतियार, पोशाक के गर्ने भन्ने कुरा आउँछ । दोस्रो, विकासका पूर्वाधारको पुनर्निर्माणका कुराहरू पनि सँगसँगै जान सक्छ । तेस्रो कुरा, तत्काल हतियार नबिसाएता पनि कमसेकम माओवादी र सरकारले थप हतियार नबढाउने काम गर्नुपर्छ । चौथो कुरा, जनताले आफ्नो कुरा राख्दा 'म असुरक्षित हुन्नँ' भन्ने भाव ल्याउनको लागि माओवादीले आफ्नो जनसरकार र जनअदालतबारे पुनर्विचार गर्नुपर्छ । पाँचौं, माओवादीको नाममा गिरफ्तार गरिएकाहरूलाई रिहाइ गर्नुपर्छ । वार्तालाई सकारात्मक रूपमा लाने हो भने यी कुराहरू लागु हुनुपर्छ । वार्ता छिटो नटुंगिन पनि सक्छ । वार्ता छिट्टो टुंगिएन भन्दैमा यी कामहरू रोकिनु हुँदैन । यी कुराहरू टुंग्याउँदै जाँदा त्यसले वार्ताको लागि सकारात्मक वातावरण पनि बनाउँदै जान्छ ।



कृष्ण हाछेथु

वार्तामा कस-कसको प्रतिनिधित्व हुनेछ ? एउटा पक्ष माओवादी अर्को पक्ष संसदवादी पार्टीहरू भने राजा अथवा सरकार तेस्रो पार्टी हो कि होइन ? यसलाई प्राविधिक र राजनैतिक दुई पक्षबाट हेरिनुपर्छ ।

वार्ताको लक्ष्य भनेको अबको राजनीतिक प्रणाली कस्तो बनाउने भन्ने कुरा हो । मेरो विचारमा बुद्धिमत्ता के हुन्छ भने राजा वार्तामा प्रत्यक्ष सहभागी हुनुहुँदैन । त्यस्तै गरेर यो सरकारको भूमिका सहजकर्ताको मात्र हुनुपर्छ । किनभने यो जनताबाट निर्वाचित सरकार होइन । यो सरकारलाई जनताको प्रतिनिधिमूलक संस्था भन्न मिल्दैन । यो राजाले बनाएको सरकार हो । त्यसैले राजनैतिक प्रणालीको कुरा आउँदा सरकार वा राजा स्वयं वार्ताको कर्ता हुनुहुँदैन । राजनैतिक प्रणालीको लागि वार्ता हुँदा माओवादीको मूल सरोकार अन्य राजनैतिक पार्टीहरूसँग हुन्छ । राजनैतिक पार्टी दर्शक होइन । राजनैतिक पार्टी भनेको पार्टनर हो । गोलमेच सम्मेलन भनेको सिंहदरवारमै हुनुपर्छ भन्ने छैन । गोलमेच सम्मेलन कुनै बेला माओवादीले, कुनै बेला एमालेले, कुनै बेला नेपाली कांग्रेसले बोलाउन सक्लान् । त्यसरी बोलाइएका गोलमेच सम्मेलनहरूमा जसले गोलमेच सम्मेलन बोलाउँछ, त्यही त्यसको अध्यक्ष हुन्छ । यसरी एक प्रकारले साझेदारीको भावना प्रत्याभूत गरेर समस्याको निकास निकाल्ने प्रक्रिया चाल्नुपर्छ । यसो गरिएन भने वार्ता अगाडि बढ्दैन ।

त्यसैले अहिले हुने वार्ताको स्वरूप कहिले द्विपक्षीय हुन्छ, कहिले बहुपक्षीय । वार्तामा प्रतिनिधित्व गर्ने व्यक्तिहरूको वैचारिक पहिचान र घोषित लक्ष्य फरक फरक छ । राजा र राजाको प्रतिनिधित्व गरिरहेकाहरू अधिकार र शक्तिसहितको राजतन्त्र खोजिरहेका छन् भने माओवादीहरू गणतन्त्रको नारा दिइरहेका छन् । तर वार्ताबाट न त गणतन्त्र आउँछ, न सक्रिय राजतन्त्र नै आउँछ । वार्ताबाट आउने सम्भावित परिणाम भनेको पूर्ण संवैधानिक राजतन्त्र हो । पूर्ण संवैधानिक राजतन्त्र नै ल्याउने हो भने किन संविधान सभामा जाने त ?



डा. सरोज धिताल

> वार्ता प्रयास असफल नहोस् भन्ने हो भने भिन्नताहरूबारे केन्द्रित हुनुभन्दा पनि वार्तासँग सरोकार राख्ने हरेक पक्षबीच के के समानता छन् भन्ने कुरामा केन्द्रित हुनु जरूरी छ ।

संविधान सभामा जानु राजनैतिक विवादलाई एउटा पक्षमा टुंगो लगाउनुको साथै अरू पनि थुप्रै मुद्दाहरूलाई सम्बोधन गर्नको लागि पनि आवश्यक हुन्छ । संविधान संशोधनले मात्रै यी सबै कुराहरूलाई प्राविधिक रूपमा सम्बोधन गर्न सकिएता पनि भावनात्मक रूपमा सम्बोधन गर्न सकिँदैन । विगत १२ वर्षको दौरानमा क्षेत्रीय, जातीय तथा धार्मिक मुद्दाहरूलाई लिएर अगाडि बढेका सामाजिक आन्दोलनहरूले धर्म निरपेक्षता, जातीय र भाषिक समानता र संघीय स्वरूपको राज्यको पक्षमा बलियो जनमत बनाएको छ । यसलाई संविधान सभाले मात्र सम्बोधन गर्नसक्छ । संविधान सभाबाट दबिएका जनताको भावना जगाउनसक्छ । संविधान सभाको घोषणाबाट एउटा नयाँ राजनैतिक संस्कृतिको विकास हुन्छ ।

गाउँ-गाउँमा सामन्तवाद र असामाजिक तत्वविरूद्ध सामुहिक प्रतिरोध गर्ने प्रवृत्ति बढ्दै गएको । त्यसले जनताको थिचिएका र दबिएका कुराहरू सामूहिक रूपमा प्रस्फुटन गर्ने संस्कृतिको विजारोपण भएको छ । त्यो संस्कृतिलाई जोगाउन पनि संविधान सभामा जानु आवश्यक छ । र, यसले देशलाई साँच्चिकै अग्रगतिमा लैजानसक्छ भन्ने मलाई लाग्छ ।

## कृष्ण खनाल :

यो ७ वर्षमा देशमा भएको द्वन्दबाट राज्य पूर्ण रूपमा दुई खेमामा विभाजित भएको छ । एकातिर आधिकारिक रूप र संरचनाको रूपमा राज्य छ, अर्कोतिर माओवादी । बाँकी अरू राजनैतिक शक्तिहरू ती दुई पक्षको बीचमा ध्रुवीकरण भएका छैनन् । धेरैजसो ठाउँमा समाज पूर्णतः यो पक्ष र ऊ पक्ष भनेर विभाजित हुन्छ । तर हामीकहाँ त्यस्तो स्थिति पैदा भएको छैन । त्यसैले राज्यको आधिकारिक प्रतिनिधित्व गर्ने राजा वा सरकार कुन हो, थाहा छैन । अहिले राजनैतिक पार्टीहरूले राज्यको आधिकारिक प्रतिनिधित्व गर्दैनन् । सरकार पनि राज्यको समग्र प्रतिनिधित्व गर्न सक्दैन । त्यसैले वार्तामा राज्यको प्रतिनिधित्व गर्ने शक्ति, अधिकतम जनताको प्रतिनिधित्व गर्ने राजनैतिक पार्टीहरू र द्वन्दको प्रतिनिधित्व गर्ने एउटा पार्टी गरी तृपक्षीय सम्झौता हुनुपर्छ । नागरिक समाज पनि त्यहाँ हुनुपर्छ, तर उसले पार्टी भएर सम्झौता गर्न सक्तैन । नागरिक समाज त्यहाँ वाचडग वा साक्षीको रूपमा मात्र रहन सक्छ । आवश्यक परेको बेलामा वा जनताको स्वतन्त्रताको मूल्यमा सम्झौता हुनलाग्यो भने नागरिक समाजले त्यहाँ हस्तक्षेप पनि गर्न सक्छ । नागरिक समाजले वार्तामा सम्झौताकर्ता भएर सम्झौता गर्‍यो र त्यहाँ केही गल्ती गर्‍यो भने त्यसलाई समात्ने कसले ? त्यसैले नागरिक समाजको भूमिका महत्वपूर्ण छ, तर सीमित छ ।

## डा. पीताम्बर शर्मा :

के कुरा बुझ्नु आवश्यक छ भने माओवादीसँग एउटा वृहत सामाजिक, आर्थिक र राजनैतिक एजेण्डा छ । त्यस अर्थमा माओवादी सैन्य शक्तिका साथै राजनैतिक शक्ति पनि हो । आफ्नो एजेण्डाका पक्षमा राजनैतिक दलहरूसँग संवाद स्थापित गर्नु र आफ्नो एजेण्डालाई साझा एजेण्डा बनाउने किमिसले माओवादी प्रस्तुत हुनुपर्छ भन्ने मलाई लाग्छ ।

हाम्रो चाहना जनता निरपेक्ष रूपले सार्वभौम हुनुपर्छ भन्ने हो । त्यस्तो अभ्यास गर्ने जनताको सार्वभौमिकतालाई इन्कार गर्ने सबैखाले शक्तिका विरूद्ध एक जुट भएर उभिनुपर्छ । अहिले जनताको सार्वभौमिकताको सबैभन्दा चर्को विरोधी को हो त ? उत्तर स्पष्ट छ : त्यो त्यही शक्ति हो, जसले असोज १८ गते जनताको सार्वभौमसत्ताको अपहरण गर्‍यो ।

## डा. सरोज धिताल :

यहाँ जति पनि कुराहरू आइरहेका छन्, तिनमा मैले धेरै सहमति नै देखिरहेको छु र तिनै कुरा दोहोर्‍याइरहने आवश्यकता म देखिरहेको छैन ।

हामी यतिबेला वार्ताको कुरा गरिरहेका छौं । यो वार्ता जे कारणले हुन खोजेको भए पनि र त्यसको पृष्ठभूमि जेसुकै भएतापनि अहिले हाम्रो अगाडि दुईवटा तथ्य छ ।

एक, यो वार्ता हुने हो कि हैन, भए पनि कहाँ गएर टुङ्गिने हो भन्ने आशंका धेरथोर सबैमा छ ।

दुई, यो एउटा अवसर हो । यसको सही उपयोग कसरी गर्ने र शान्तिलाई स्थायित्व कसरी दिने भन्ने पीर सबैमा छ ।

वार्ता प्रक्रिया राम्रोसँग र सफलतापूर्वक टुङ्गियोस् भन्ने चाहना जनतामा मात्र हैन, माओवादी, राजा र राजनैतिक पार्टीको पनि हुनुपर्छ । तर 'राम्रोसंग' र 'सफलतापूर्वक' भन्नुको अर्थ हरेकका लागि फरक हुनसक्छ । यही भिन्नताले एकअर्काबीच अविश्वास र असमझदारीको वातावरण सिर्जना गर्ने हो ।

त्यसैले, यसपालिको वार्ता प्रयास असफल नहोस् भन्ने चाहना गर्ने हो भने यी भिन्नताहरूबारे केन्द्रित हुनुभन्दा पनि वार्तासँग सरोकार राख्ने हरेक पक्षबीच के के समानता छन् त भन्ने कुरामा केन्द्रित हुनु जरूरी छ ।

अब के के होलान् त समानताका आधारहरू र सहमतिका विन्दुहरू ? अहिले तत्काल मेरो मनमा आएका कुराहरूमा एउटा कुरा हो- शान्ति । शान्तिको चाहना हामीबीच सहमतिको एउटा विन्दु बन्नसक्छ । हामी शान्ति चाहन्छौं ।

तर कस्तो शान्ति हो हामीले खोजेको ? हामीले मूर्दा शान्ति त चाहेको हैन । हामीलाई यस्तो शान्ति चाहियो, जहाँ मान्छेले स्वतन्त्रता अनुभव गर्नसक्छ । डरले सिर्जना गरेको निस्तब्धता शान्ति हैन ।

त्यसो भए त्यो स्वतन्त्रतासहितको शान्ति के त ? यसमा पनि हरेक पक्षबीचको समानता खोजौं- अहिले बहुलवादको विरोधमा सिद्धान्ततः कोही पनि छैनन् । कसैले खुल्ला विरोध गरेका छैन । बहुलवादको- माओवादीहरूले पनि छैन, राजाले पनि छैन । बहुलवादको अभ्यासमा अहिले देखिएको व्यवस्था भनेको बहुदलीय व्यवस्था हो ।

तर कस्तो बहुदलीय व्यवस्था ? विगत १२ वर्ष अभ्यास गरेको जस्तो मात्रैले जनता सन्तुष्ट छैनन् । पार्टीहरू कुशासन र भ्रष्टाचारमा लिप्त भए । त्यसैले उनीहरूलाई राम्ररी बाँध्ने अनुशासनको डोरी पनि चाहियो । बहुदलीयताले मात्रै खान नदिने रहेछ भन्ने पनि बुझियो । त्यसैले अर्को सहमतिको विन्दु खोजौं र

यो विन्दु भनेको सामाजिक न्याय र समानतामा आधारित समाज हुनसक्छ । माओवादीले समाजवादको कुरा गर्छन् । कांग्रेस र एमाले पनि समाजवादको कुरा गर्छन् । अरू कम्युनिष्टहरू पनि गर्छन् ।

यसरी विभिन्न पक्षबीच समानताका आधारहरू र सहमतिका विन्दुहरू खोज्न सकेमात्र वार्ताको सफलताको सम्भावना रहन्छ ।

के कुरा स्पष्ट छ भने हामी परिवर्तन चाहिरहेका छौं । अहिले भएको प्रतिक्रान्तिलाई उल्टाउन खोजिरहेका छौं । र, यो परिवर्तनबारे जति राम्रो सहमति हुन सक्यो, दिगो शान्ति र सार्थक तथा सफल वार्ताको सम्भावना त्यति नै बलियो हुन्छ ।

त्यसैले कसले के खोजेको हो भन्ने कुरा बुझ्नु अति जरूरी छ ।

माओवादीले खोजेको वास्तवमा के हो ?

राजाले खोजेको वास्तवमा के हो ?

पार्टीहरू के खोजिरहेका छन् ? नागरिक समाज के खोजिरहेको छ ?

जसले जे खोजेको भए पनि असोज १८ पछि आएको परिस्थितिले सबैलाई गम्भीर बनाएको हुनुपर्छ । अब आउने स्थिति भनेको असोज १८ अघिको जस्तो कुनै हालतमा हुन सक्तैन । कस्तो बनाउने हो- हाम्रो हातमा छ । र, आफ्नै हातमा लिने हो भविष्य भने आफ्नो चाहनाको कुरा नलुकाई बाहिर ल्याउनुपर्‍यो । जनताको सामु नाङ्गै उभिनुपर्‍यो र आपसमा समानताका विन्दु खोज्न सक्नुपर्‍यो ।

अब बन्ने संविधानले बहुदलीयतालाई बलियो र स्वस्थ बनायो रे- माओवादीहरू त्यस संविधानअन्तर्गत चुनाव लड्ने नै हो त ? नयाँ संविधान गणतन्त्रात्मक भयो रे- राजाले श्रीपेच फुकाल्ने नै हो त ? केही गरी राजतन्त्रात्मक संविधान नै बन्यो रे- सबैले मान्ने नै हो त ? सबैले आ-आफ्नो धारणामा स्पष्ट भएर मिलन विन्दु कतै खोज्नै नसके त वार्ताको औचित्य के भयो र ?


त्यसैले यो प्रक्रियालाई साँच्चै सहजीकरण गर्ने हो भने नागरिक समाज पनि स्पष्ट हुनुपर्छ- हामीले चाहेको भविष्य कस्तो हो भन्ने कुरामा !

अहिले वार्ताको सार्थकता र सफलतामा देखिएका खतराहरूमा पहिलो खतरा नै विभिन्न पक्षका चाहनाहरू बारेको अस्पष्टता हो ।

दोस्रो खतरा हो- एकले अर्काको अहंमा चोट पुर्‍याउने गरी अभिव्यक्ति दिनु । अघिल्लो पटकको वार्तामा सरकार पक्षबाट त्यस्तो भएको छ । तेस्रो खतरा- सहजकर्ताहरूको गुणात्मकतामा देखिइरहेको छ । अहिले 'सहजकर्ता'का रूपमा देखापरेकाहरूबारे सबैले के भनिरहेका छन्, लुकेको कुरा हैन ।

हाछेथुले भन्नुभएको कुरामा ध्यान दिनैपर्छ- उपाय जेसुकै अपनाएको भएतापनि, बाटो जस्तोसुकै लिएता पनि माओवादीहरूले उठाएका सवालहरूप्रति गम्भीर नभै समस्या समाधान हुँदैन । उनीहरूका सकारात्मक कुरालाई नलिने हो भने र उनीहरूका निश्चित चाहनाहरूलाई आदर नगर्ने हो भने शान्ति प्रक्रियालाई स्थायित्व दिन सकिँदैन । यो 'खेलको नियम'को पालना गराउन हामीजस्तो नागरिक समाजले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ ।

## श्रीकृष्ण अनिरुद्ध गौतम :



श्रीकृष्ण अनिरुद्ध गौतम


अहिले दुई पक्षको बीचमा बन्द कोठाभित्र कुरा भइरहेको छ । हामी बाहिर बोलिरहेका छौं । अहिले सबभन्दा प्रमुख कुरा पारदर्शीता हो । अहिले के कुराहरू भइरहेका छन्, त्यो पारदर्शी भइरहेको छैन । जे कुराहरू भइरहेका छन्, ती कुराहरू बाहिर आउनुपर्‍यो ।

वार्ता राज्यको प्रतिनिधित्व गर्ने र विद्रोहीहरूको बीच नै हुन्छ । तर १८ असोजपछि राज्यको प्रतिनिधित्व राजतन्त्रले गर्छ कि गर्दैन ? -प्रश्न उठेको छ । अहिले माओवादीको र अन्य राजनैतिक पार्टीहरू दुवैको राजासँगै कुरा हुने स्थिति छ । राजाले राजनैतिक पार्टीहरूलाई बाहिर पारेर माओवादीहरूसँग कुरा गर्न चाहिरहेका छन् । तर राजाले राजनैतिक पार्टीहरूलाई बाहिर पारेतापनि उनीहरू राजासंग कुरा गर्न इच्छुक छन् । राजासँग कुरा गर्न नपाएकोले उनीहरू आन्दोलन

> ‘जबसम्म माओवादी र अन्य राजनैतिक पार्टीहरू एक ठाउँमा आउँदैनन्, तबसम्म राजासँगको कुराकानी बलियो हुँदैन’



गर्ने भनिरहेका छन् । जबसम्म माओवादी र अन्य राजनैतिक पार्टीहरू एक ठाउँमा आउँदैनन्, तबसम्म राजासँगको कुराकानी बलियो हुँदैन । माओवादी र अन्य पार्टीहरूले राजासँग व्यक्तिगत रूपमा कुरा गरिरहे भने सबै बेफाइदामा हुन्छन् र त्यसको फाइदा राजालाई हुन्छ । अहिलेको स्थिति त्यतातिर गइरहेको जस्तो मलाई लागिरहेको छ । त्यसैले राजासँग वार्ता गर्ने माओवादी र अन्य राजनैतिक पार्टीहरू एकै ठाउँमा आउनुपर्‍यो र उनीहरूको एउटा साझा एजेण्डा हुनुपर्‍यो । यी जनताका शक्ति, सबै पार्टीहरू एक ठाउँमा र राजासंस्था एक ठाउँमा भयो र कुराकानी भयो भने बल्ल हामी निष्कर्षमा पुग्न सक्छौं जस्तो मलाई लाग्छ ।



प्रमोद काफ्ले

**वार्तामा आउने सबै पहलुहरूलाई स्पष्ट रूपमा अगाडि राख्नसक्ने क्षमता भएका सहजकर्ताहरू भए भने वार्ता पनि सहज रूपमा अगाडि बढ्नसक्छ ।**

## कृष्ण खनाल :

केही दिन अगाडि इन्टरनेटमा आएको बाबुराम भट्टराईको लेखमा राजा, माओवादी र संसदवादी त्रिकोणात्मक शक्ति सन्तुलनको कुरा भनिएको छ । त्यसमा म अस्पष्ट भएँ । त्रिकोणात्मक शक्तिको प्रतिस्पर्धा भनेको भए त्यो स्पष्ट हुन्थ्यो । बाबुराम भट्टराईको लेखमा त्यो कुरा त्यसै चिप्लिएर आएको त पक्कै होइन होला । सचेत रूपमै त्यो शब्द परेको हुनसक्छ । अहिले श्रीकृष्णजीको कुरा सुन्दा मलाई के लाग्यो भने यहाँ त्रिकोणात्मक प्रतिस्पर्धा छैन । उहाँले भन्नुभएजस्तै राजा र राजनैतिक पार्टीहरूको छुट्टाछुट्टै सम्पर्क छ । अनि माओवादी र राजनैतिक पार्टीहरूको बीचमा पनि एक अर्काको आन्तरिक चाहना जान्नेसम्म मात्रै मुश्किलले प्रयास हुँदैछ । माओवादीले पनि कांग्रेस, एमाले, राप्रपा र अन्य पार्टीहरूसँग छुट्टाछुट्टै च्यानलबाट सम्पर्क गरिरहेको छ । यो बेठीक छ । यस्तो भयो भन्ने प्रत्येकसँग कुरा फरक फरक हुनसक्छ । त्यसको जाँचबूझ गर्ने कहाँ ? राजाले पनि विभिन्न पार्टीहरूसँग गरेको कुरा एकअर्कोलाई थाहा नदिने, माओवादीले पनि एकअर्कोसँग गरेको कुराको यथार्थता थाहा हुन नदिने परिस्थिति देखिएको छ । यो परिस्थितिलाई भत्काइयो भनेमात्र वार्तालाई अगाडि लैजान सकिन्छ होला ।

मेरो एउटा सल्लाह के छ भने 'मूल्यांकन'ले गरेजस्तै विभिन्न पेशाका नागरिक समाजको बीचमा भिन्दाभिन्दै ४/५ वटा छलफलहरू चलाउनु आवश्यक छ । ती छलफलहरूमा एक समूहको छलफल र अर्को समूहको छलफलको बीचमा के कति समानता हुने रहेछ भन्ने कुरा थाहा पाउन सकिन्छ । यसरी छलफल गरेर निस्केको निर्णय नै फलदायी हुन्छजस्तो मलाई लाग्छ ।

## प्रमोद काफ्ले :

अहिले युद्धविराम भएर सबै मानिसहरू खुशी भएका छन् । किनभने देशमा सबैले शान्ति चाहेका छन् र यो युद्धविरामबाट शान्तिको सुविस्ता मिलेको छ । तर युद्धविरामको प्रक्रिया गलत भएको छ । प्रक्रिया गलत भएपछि यसले झन् भयावह स्थिति ल्याउनसक्छ । अहिलेको सरकारलाई कसैले पनि वैधानिकता दिएका छैनन् । तर अहिले माओवादीले सरकारलाई वैधानिकता दिएको जस्तो भएको छ । यदि राजासँग माओवादीले युद्धविराममात्रै गरेको हो भने त्यतिसम्म स्वीकार्न सकिएला, तर माओवादीले यो सरकारसँग वार्ता गर्नुहुँदैन । यदि राजा र माओवादीको बीचमा मात्रै वार्ता भयो भने त बन्दूकले बन्दूकलाई मान्यता दिएको हुन्छ । यसबाट सिधै बन्दूकको संस्कृति हावी हुन्छ । राजाले पनि त्यही गर्न खोजेको हो र माओवादीले पनि त्यसलाई मान्यता दिएकोजस्तो देखिएको छ ।

त्यसैले यो बन्दूकको संस्कृति आउन नदिन माओवादीले सबभन्दा पहिले आफ्नो बटम लाइन के हो, त्यो स्पष्ट भन्नुपर्‍यो र अन्य पार्टीहरूसँग वार्ता गर्नुपर्‍यो । अहिलेको स्थितिमा वार्ता भयो भने सहमति नै हुँदैन । अहिले वार्ताको लागि सहजकर्ताको भूमिका धेरै महत्वपूर्ण हुन्छ । वार्तामा आउने सबै पहलुहरूलाई स्पष्ट रूपमा अगाडि राख्नसक्ने क्षमता भएका सहजकर्ताहरू भए भने वार्ता पनि सहज रूपमा अगाडि बढ्नसक्छ । तर अहिले सहजकर्ताबाट वार्तालाई सहज गर्नुभन्दा बढी जटिलता आइराखेको छ । सहजकर्ता भनेको एकजना दुईजना मात्र हुनुहुँदैन । यसमा नागरिक समाजको ठूलो समूह नै चाहिन्छ । जस्तो : नर्वेका मध्यस्थकर्ताहरूको पछाडि ठूलो संख्यामा विज्ञहरू थिए र अगाडि एक दुईजनामात्र थिए । हामीकहाँ पनि एक दुईजना सहजकर्ताहरू अगाडि देखिने र उनीहरूको पछाडि थुप्रै विज्ञ तथा प्रवुद्ध नागरिकहरू हुनुपर्छ । र, उनीहरूले गरेका गृहकार्यहरूलाई अगाडि देखिएका सहजकर्ताहरूले अनुशरण गर्नुपर्छ ।

अर्को, अहिलेको वार्तामा मानव अधिकारको बुँदा प्राथमिकताको विषय बन्नुपर्छ । पहिले ०४६ सालसम्म भएका मानवअधिकारको हननको कुराहरूलाई उपेक्षा गर्दा दण्डविहीनतालाई प्रोत्साहन मिल्न गयो । अहिले त्यतिबेलाभन्दा धेरै बेसी मानिसहरू मारिएका छन् र हराएका पनि छन् । त्यस्तै गरेर कति मान्छेहरू अंगभंग भएका छन्, कति मान्छेहरूको घर जलेको छ । यति धेरै मान्छेहरूमाथि परेको मारलाई उपेक्षा गर्दा उनीहरू विद्रोही भएर निस्कन सक्छन् । त्यसैले पीडितलाई राहत, पुनर्निर्माण र मानवअधिकार : यी तीनवटा कुरालाई एउटा प्याकेजको रूपमा सम्बोधन गर्नुपर्छ ।

## नरहरि आचार्य :

अहिले राज्यको प्रतिनिधिको रूपमा सत्ता राजासँग भएको कारणले माओवादीले राजासँग युद्धविराम गरेका छन् । अन्य राजनैतिक पार्टीहरूले पनि राजासँग अहिले संघर्ष गरिरहेको पृष्ठभूमि र परिस्थिति छ । संवैधानिक राजनीतिक दल र माओवादीका बीचमा राजनैतिक एजेण्डाहरू मिसिन लागिरहेको परिस्थितिमा माओवादी पक्षले राजनैतिक पार्टीलाई युद्धविराम भएको परिस्थिति र अहिलेको आफ्नो अडानबारेमा आफ्नो दृष्टिकोण प्रष्ट पार्नुपर्दछ । यो दृष्टिकोण प्रष्ट पार्ने काम पनि दुई तहमा गर्नुपर्दछ । पहिलो, कुनै एउटा पार्टीसँग मात्र जोडिएको विषय छ भने सम्बन्धित पार्टीसँग बसेर द्विपक्षीय रूपमा, दोस्रो, सामूहिक विषयको लागि सामूहिक रूपमा बसेर बहुपक्षीय रूपमा । उनीहरूको यो दृष्टिकोण सार्वजनिक रूपमा पनि बाहिर आउनुपर्छ । अहिले उनीहरूको स्पष्ट दृष्टिकोण बाहिर नआएको कारणले ठूलो समस्या र अवरोध खडा भएको छ । किनभने दरबारले शर्तसहितको संविधान सभा दिने कुरामा स्वीकृति गरेको, त्यसलाई

माओवादीले पनि स्वीकारीसकेको छ भन्ने कुरा व्यापक रूपमा बाहिर आइरहेको छ । यसको वास्तविकता के हो त्यो स्पष्ट पार्नु अति जरूरी भएको छ । यो कुरा स्पष्ट रूपमा बाहिर आएन भने अगाडि बढ्न सकिँदैन ।

अर्को, राजनैतिक दलहरूले पनि आफ्नो स्थितिलाई स्पष्ट पार्नु जरूरी छ । १८ असोजअघिको स्थितिमा फर्किनुपर्छ भन्ने कुरा केही पार्टीहरूले गरिरहेका छन् । तर १८ असोज अगाडि ठ्याक्कै फर्किन सकिने स्थिति छैन भनेर अघि नै चर्चा भएको छ । किनभने अहिले २०५७ सालमा बनेको संविधानमा उल्लेख भएको 'सार्वभौमसत्ता जनतामा निहित छ' भन्ने कुरा नै उल्लंघन भइसकेको छ । त्यसको पुनर्स्थापना गर्ने कुरामा सबै पार्टीहरू एकमत छन् । तर कसरी गर्ने भन्ने कुरामा त्यतिबेला चुनावको संभावना भएको कारणले उनीहरूले जनतामा आ-आफ्नै किसिमले कुराहरू लगे । त्यसमा केही भिन्नभिन्न विचारहरू आए । अब चुनाव नहुने भएपछि जनताको सार्वभौमसत्ता पुनर्स्थापनाको लागि अब नयाँ ढंगबाट अगाडि बढ्नुपर्छ । त्यसैले त्यसको लागि सबै पार्टीहरू एक ठाउँमा आउनुपर्‍यो । माओवादी पनि उनीहरूसँग बन्दूक भएकोले मात्र फरक देखिएका हुन्, नभए उनीहरू पनि राजनैतिक पार्टी नै हुन् । माओवादीहरू पनि यस कुराको लागि एकै ठाउँमा आउनुपर्ने हुन्छ । यसैको लागि पनि यस कुरामा उनीहरू कहाँसम्म जान सक्छन् ? केसम्म हुँदा उनीहरूलाई आपत्ति हुँदैन भन्ने कुरामा अन्य राजनैतिक पार्टीहरूले आफ्नो स्पष्ट दृष्टिकोण अगाडि ल्याउनु पर्ने हुन्छ । यदि यो कुरामा स्पष्ट भएन भने एक ठाउँमा आउन गाह्रो हुन्छ ।


त्यस्तै गरेर, नागरिक समाजले पनि अहिलेको परिस्थितिमा देखापरेका कठिनाइहरू र अप्ठ्याराहरूलाई हेरेर माओवादी र अन्य राजनैतिक पार्टीका कमी-कमजोरीहरू के के हुन् र उनीहरूले के के गर्नुपर्छ भन्ने कुरा भनिदिनुपर्छ ।

माओवादीहरूले हतियार लिइराखेको हुनाले उनीहरूमा केही भिन्नता त देखिन्छ । तर असोज १८ गते पछाडि मूल द्वन्द्व राजसंस्था र राजनैतिक पार्टीहरूको बीचमा रहेको छ । त्यसैले अहिले प्रतिगमनको विरूद्ध लड्नको लागि मानवीय पक्ष, सैनिक पक्ष र राजनैतिक पक्षका कुराहरूलाई केलाएर त्यसको समाधानमा जानुपर्छ । अहिले मानवीय पक्ष र सैनिक पक्षका कुराहरू भनेको त त्यसलाई तत्काल कसरी व्यवस्थित गर्ने भन्ने कुरामात्र हो, त्यसमा त्यति मतभेद हुँदैन होला । दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने त राजनैतिक पक्षको कुरा हो । यसमा अलि बढी मतभेद आउनसक्छ । त्यसमा पनि समान विन्दुहरू के के हुन् ? ती कुराहरूमा एक ठाउँमा बस्नुपर्छ । बहुलता र बहुदलीय प्रतिस्पर्धालाई स्वीकार गरिसकेपछि धेरै कुरा एउटै बनाउनुपर्छ भन्ने जरूरी भएन । त्यसपछि बाँकी रहेको पद्धतिगत कुरालाई सुरक्षा गर्ने स्थलको निर्माण गर्ने काम गर्नुपर्छ । त्यसको लागि यी तीनवटा पक्षमा के के कुरा पर्छन् भन्ने कुरा छुट्याउँदै जानुपर्छ । मुख्य कुरा राजनैतिक पार्टीहरू र माओवादीबीचको अस्पष्टता र उनीहरूको सम्बन्धका जटिलताहरूलाई सुधार गर्दै जानुपर्‍यो । साथै, अब साझा कुरा बनाउन सामूहिक रूपमा प्रयत्न गर्दै जानुपर्‍यो । यो काम गर्न सक्दा वार्ता तथा अन्य कामहरूलाई अगाडि लैजान सजिलो हुन्छ ।

अहिलेको वार्तालाई प्रतिगमनविरूद्ध सँगै लानुपर्छ । माओवादीले पनि यसलाई स्वीकारेको देखिन्छ । अहिले राजनैतिक पार्टीहरू र माओवादीबीचमा भइरहेको कुराकानी पनि एक किसिमको वार्ताकै प्रक्रिया हो । यसलाई प्रतिगमनविरूद्धको लडाइँमा रूपान्तरित गर्न त्यसको विरूद्ध भएका शक्तिहरूबीच स्पष्टता हुनु जरूरी हुन्छ । र, प्रतिगमनविरोधी शक्तिहरूको बीचमा साझा बूँदा बन्नुपर्छ । अहिले राज्यको प्रतिनिधिको रूपमा राजा नै मुख्य रूपमा भएको कारणले राजासँग हुने वार्तालाई र प्रतिगमनको विरूद्धको लडाइँलाई कसरी सँगसँगै लाने भन्ने समस्यामात्र हो । तर यसरी नहेरेर यो समुच्चालाई नै वार्ताको प्रक्रिया मान्ने हो भने वार्ता र प्रतिगमनविरोधी संघर्षलाई सँगसँगै लान सकिन्छ । यस निम्ति राजनीतिक दल र माओवादी पक्षका बीच खुलस्त संवाद जरूरी छ ।

## कृष्ण खनाल :

संविधान सभा या अग्रगामी संवैधानिक सुधारप्रति माओवादीहरू स्पष्ट भएर आउने हो भने वार्ता र प्रतिगमनविरूद्धको संघर्ष त एउटै ठाउँमा मिसिन्छ । ❑❑



नरहरि आचार्य

'अहिलेको वार्तालाई प्रतिगमनविरूद्ध सँगै लानुपर्छ । यसलाई प्रतिगमन-विरूद्धको लडाइँमा रूपान्तरित गर्न त्यसको विरूद्ध भएका शक्तिहरूबीच स्पष्टता हुनु जरूरी हुन्छ ।'






# फिलिपिनी कम्युनिष्ट पार्टीले नेतृत्व गरेको जनयुद्ध


फिकपाका नेता होसे मारिया सिसो

(फिलिपिनी कम्युनिष्ट पार्टीको केन्द्रीय समितिको विषयपत्र)

**फिलिपीनी** कम्युनिष्ट पार्टी फिलिपिन्समा जनताको युद्धको नेतृत्व गर्दछ । एउटा अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक मुलुकमा नयाँ जनवादी क्रान्तिको विजय हासिल गर्नु तथा समाजवादी क्रान्ति र निर्माणमा अगाडि बढ्नु त्यसको लक्ष्य हो । सशस्त्र क्रान्तिले उल्लेखनीय विजयहरू हासिल गरेको छ, त्यस्तो विजय कार्यकर्ताहरू, कम्युनिष्ट पार्टीका लडाकुहरू, नयाँ जनसेना र विशाल फिलिपीनी जनसमुदायको कष्टसाध्य संघर्ष र बलिदानहरूबाट प्राप्त भएको हो ।

> नौवटा स्वचालित राइफल र २६ वटा साना राइफल र पेस्तोलहरूले सजिएका साठीजना लाल-लडाकाहरूद्वारा आफ्नो संगठन शुरू गरिएको नयाँ जनसेना र जनयुद्धको कथा

## पार्टी र जनसेना

सन् १९६८ डिसेम्बर २६ मा फिलिपिनी कम्युनिष्ट पार्टीको (CPP) पुनर्स्थापनाको लगत्तैपछि यसले २९ मार्च १९६९ मा नयाँ जनसेना (NPA) गठन गर्‍यो । त्यस नयाँ जनसेनाले मात्र नौवटा स्वचालित राइफल र २६ वटा साना राइफल र पेस्तोलहरूले सजिएका साठीजना लाल-लडाकाहरूद्वारा आफ्नो संगठन शुरू गरेको थियो । योसँग तारलाक प्रान्तको दोस्रो जिल्लाका ८० हजार किसानहरूको प्रारम्भिक जनाधार थियो । त्यो जनाधार पुरानो क्रान्तिकारी आन्दोलनको विरासतमा प्राप्त भएको थियो र एउटा शहरी जनाधार पनि थियो, जहाँ १५ हजारभन्दा बढी मानिसहरू थिएनन् ।

पार्टीले मार्क्सवाद लेनिनवाद, माओत्सेतुङ्ग विचारधारा र नयाँ जनवादी क्रान्तिको सामान्य सोचको निर्देशनमा नयाँ जनसेना स्थापना गरेको थियो । दीर्घकालीन ऐतिहासिक कालखण्डहरूमा संकटका बोझहरू हटाउँदै आएको फिलिपिन्सको अर्ध-औपनिवेशिक र अर्ध-सामन्ती अवस्थाहरूको आदेशद्वारा पार्टीको एकछत्र नेतृत्वमा नयाँ जनसेनाले दीर्घकालीन जनयुद्ध चलाउँछ ।

श्रमिक वर्गको अग्रगामी अगुवा दस्ताको रूपमा फिलिपीनी कम्युनिष्ट पार्टीले नयाँ जनवादी र समाजवादी क्रान्तिका चरणहरू संचालन गर्ने निश्चित गरेको छ । नयाँ जनसेनाको निर्माणद्वारा पार्टीले क्रान्तिको केन्द्रीय प्रश्नलाई जवाफ दिन्छ । त्यसको अर्थ हो- राजनीतिक शक्ति कब्जा गरेर र सबभन्दा प्रभावकारी तरिकाले श्रमिकवर्ग र किसानहरूको अधारभूत एकता निर्माण गरेर त्यस्तो जवाफ दिइन्छ । जनसेना फिलिपीनी कम्युनिष्ट पार्टीको एकछत्र नेतृत्वअन्तर्गत रहेको छ । चालु नयाँ जनवादी चरण र त्यसपछि अन्ततः समाजवादी चरणको फिलिपीनी क्रान्तिको नेतृत्वदायी वर्ग भनेको श्रमिक वर्गको अगुवा दस्ता नै हो भन्ने मार्क्सवादी लेनिनवादी सिद्धान्तअनुरूप नै यसो गरिएको हो । पार्टीले बन्दूकको सही संचालन गर्ने पर्दछ । ठूला दलाल पूँजीपतिहरूको शोषक वर्ग र जमिन्दारहरूलाई सत्ताच्यूत गर्ने, राष्ट्रिय र सामाजिक मुक्तिलाई प्रभावकारी तुल्याउन, श्रमिक जनतालाई सशक्तीकरण गर्न र समाजवादी समाजमा साम्यवाद प्राप्त नभएसम्म श्रमिक वर्गको शासनलाई सुनिश्चित गर्न बन्दूकलाई एउटा साधनको रूपमा तैनाथ गर्नुपर्दछ ।

नयाँ जनसेना (NPA) को शीर्ष भाग र चुरोमा पार्टी रहेको छ । पार्टीले जनसेनाको दिशा राजनीतिक र सांगठनिक किसिमले तय गर्दछ । पार्टीका नेतृत्वदायी अंगहरूले जनसेनाको विविध तहका कमानहरूलाई नेतृत्व दिन्छन् । जनसेनामा पार्टीको एकछत्र नेतृत्वलाई सुनिश्चित गर्नलाई जनसेनाभित्र पार्टी युनिट र कार्यकर्ताहरू रहने गर्छन् । जनवादी केन्द्रीयताको सिद्धान्तले पार्टी र जनसेना दुवैलाई निर्देशित गर्ने गर्दछ ।

अहिलेको सामाजिक परिस्थितिभित्र गाउँहरूमा जनसेना निर्माण गर्ने क्रममा शत्रुलाई सत्ताच्यूत गर्न र राजनीतिक सत्ता कब्जा गर्न पार्टीले सबभन्दा प्रभावकारी ढंगले सर्वहारा क्रान्तिकारी कर्तव्य पूरा गरिरहेको छ । अन्ततः कुनै पनि क्रान्तिको केन्द्रीय काम भनेको राजनीतिक सत्ता हत्याउनु नै हो ।

## सशत्र संघर्ष, कानूनी संघर्ष र संयुक्त मोर्चा

जनयुद्धलाई अघि बढाउन फि.क.पा.ले क्रान्तिकारी सशस्त्र संघर्षलाई ग्रहण र संयोजन गर्ने गर्दछ । त्यसको निम्ति यसले शहर आधारित वैधानिक प्रजातान्त्रिक आन्दोलन, स्थानीय राजनीतिक अंगहरू र राष्ट्रिय प्रजातान्त्रिक मोर्चा तथा विविध वैधानिक संघर्षहरूलाई गोलबन्द गरेर क्रान्तिकारी संयुक्त मोर्चा निर्माण पनि गर्दछ । गाउँले शहरलाई घेर्ने र राष्ट्रव्यापी रूपमा आक्रमण भएर शहरहरूलाई कब्जा गर्न सकिने संभावना नहोउन्जेल शक्ति संचय गर्ने कार्यनीतिक दिशाअनुरूप क्रान्तिकारी सशस्त्र संघर्ष संचालन गरिन्छ ।


युद्धरत जनसेनाका एक छापामार

राजनीतिक सत्ता कब्जा गर्ने उद्देश्यका लागि आजको फिलिपिन्समा सशस्त्र संघर्ष नै क्रान्तिकारी संघर्षको प्रधान स्वरूप हो । संघर्षका कानूनी रूपहरू अपरिहार्य र महत्वपूर्ण भएपनि ती रूपहरू दोस्रो श्रेणीका संघर्षका रूपहरू हुन् । मूख्यतः सशस्त्र संघर्षलाई र अंशतः कानूनी संघर्षलाई अघि बढाउन नै संयुक्त मोर्चा गरिन्छ । सर्वहाराको अगुवा दस्ताको वर्गीय नेतृत्वविना क्रान्तिकारी संयुक्त मोर्चा हुनैसक्दैन ।

फि.क.पा.का सर्वहारा क्रान्तिकारीहरूले सधैँ नै बैधानिक प्रजातान्त्रिक आन्दोलनको भूमिका र महत्व चिनेका छन् र सन् १९६० को दशकदेखि नै उनीहरूले सामन्तवाद तथा साम्राज्यवादविरोधी वैधानिक जनसंगठनहरू गठन गर्ने काममा जिम्मेवारीपूर्ण भूमिका निर्वाह गरेका छन् । श्रमिकहरू, किसानहरू, युवाहरू, महिलाहरू र समाजका अरू देशभक्त र प्रगतिशील क्षेत्रहरूलाई उनीहरूले जागृत पार्ने, संगठित गर्ने र परिचालन गर्ने काम गरेका छन् । यसरी पार्टीको पुनर्स्थापना र सशस्त्र क्रान्तिको नवीन शुरूवात गर्न उनीहरूले जग हाल्ने काम गरेका छन् । सर्वहारा क्रान्तिकारीहरूले राज्य र क्रान्तिको मार्क्सवादी-लेनिनवादी सिद्धान्तको व्यग्रतापूर्वक अध्ययन गरेका छन् । यस्तो अध्ययन पार्टीमा गोप्य बैठकहरू र वैधानिक प्रजातान्त्रिक जनआन्दोलन विकास गर्दा पनि गरिएको छ ।

सन् १९६१ देखि १९६८ सम्मको वैधानिक प्रजातान्त्रिक जनआन्दोलनले भर्खरै पुनर्स्थापित पार्टीलाई राष्ट्रव्यापी रूपमा र जनसमुदायको भित्री तहसम्म जरा हाल्न सक्षम तुल्यायो । सन् १९६९ देखि फि.क.पा.ले शहर आधारित वैधानिक प्रजातान्त्रिक जनआन्दोलन र गाउँ आधारित सशस्त्र क्रान्तिकारी आन्दोलनलाई समन्वय गर्दै आएको छ । दुईमध्ये कुनै एउटा आन्दोलनको विकासले अर्को आन्दोलनलाई सघाएको छ । जनसेनामा सेवा गर्न कामदार र शिक्षित युवाहरू गाउँतिर गएका छन् । गाउँका क्रान्तिकारी शक्तिहरूलाई बलियो पार्न तिनीहरू अपरिहार्य हुँदै आएका छन् । जनसेनाको अस्तित्वले शहर र सम्पूर्ण गाउँका जनताहरूलाई शत्रुसँग लड्न र तिनीहरूलाई हराउन आफूसित सशक्त साधन छ भन्ने आश्वस्त गराएको छ । जनसेनाविना जनतासँग केही हुँदैन । कमरेड माओत्सेतुङ्गले पहिलो चोटि यो कुरा भन्नुहुँदा चीनको लागि यो सत्य थियो । यो कुरा फिलिपिन्सको लागि अझै सत्य छ । जनसेनाविना राजनीतिक शक्तिको क्रान्तिकारी अंगहरू हुनै सक्दैनन्, क्रान्तिकारी जनआन्दोलन हुनैसक्दैन र प्रभावकारी भूमिसुधार अभियान तथा छापामार क्षेत्रहरूमा जनताका लागि सामाजिक क्रान्तिकारी स्थानीय प्रतिक्रियावादीहरूविरूद्ध गरिने नयाँ जनवादी क्रान्तिको कार्यक्षेत्रभित्र पार्टी र नयाँ जनसेनाले जनवादी क्रान्तिको मुख्य अन्तर्यको रूपमा रहेको भूमिसुधार गर्न सामन्तवादविरोधी कार्यदिशा अपनाउँछ । यसनिम्ति तिनीहरू मुख्यतः गरीब किसान र कृषि मजदूरमा घर गर्छन्, मध्यम किसानलाई अधीनस्थ पार्छन्, धनी किसानलाई तटस्थ पार्छन्, बदमास कुलीनवर्गको सत्तालाई एक्ल्याएर नष्ट पार्न प्रबुद्धवर्ग र बदमास कुलीनहरूबीच फाटो पारेर फाइदा लिन्छन् ।

शहरहरूलाई गाउँले घेर्ने र शहरहरू कब्जा गर्न तथा राष्ट्रव्यापी रूपमा आक्रामक हुन संभव नहुञ्जेल एउटा विस्तारित समयसम्म शक्ति संचय गर्ने कार्यनीतिक दिशा अख्तियार गर्नुको पछाडि क्रान्तिकारी वर्गीय तर्कहरू छन् । संयुक्त मोर्चाको जग हाल्ने र विजय प्राप्त गर्नका लागि सशस्त्र संघर्षको शक्तिशाली तालमेलविना वैधानिक प्रजातान्त्रिक जनआन्दोलनसमेत शोषक वर्गलाई छकाउन र हल्लाउन पनि कमजोर हुन जान्छन् ।



फिकपाको जन्मजयन्ती मनाउँदै गरेका गाउँलेहरु



**जनसेनामा महिलाहरूको सहभागिता र नेतृत्वको अभाव छैन एक महिला छापामार**

*पार्टीले शहर आधारित वैधानिक प्रजातान्त्रिक जनआन्दोलन र गाउँ आधारित सशस्त्र क्रान्तिकारी आन्दोलनलाई समन्वय गर्दै आएको छ*

राष्ट्रिय संयुक्त मोर्चाले मजदूर र किसानहरूका वर्गहरूलाई जम्मा पार्छ, शहरी निम्न तथा मध्यम पूँजीपतिहरूलाई परास्त गर्छ र ठूला दलाल पूँजीपति (Compradore) र जमिन्दारहरूबीचमा हुने फूटको फाइदा लिन्छ । त्यो काम चुत्था प्रतिक्रियावादीहरू र तिनका साम्राज्यवादी मालिकहरूलाई कुनै पनि उपलब्ध समयमा एक्ल्याउन र पराजित गर्न गरिन्छ ।

## जनदिशा र स्वावलम्बन

विदेशी एकाधिकार पूँजीवाद र मजदूर र किसानको एकतालाई अघि बढाउन दीर्घकालीन अनुमति दिइन्छ । साथै, शत्रुहरू शहरहरूमा अझै मोर्चा कसेर रहेको अवस्थामा समेत जनवादी शक्तिका अंगहरू निर्माण गर्न पनि यसले अनुमति दिन्छ ।

हाम्रा जनता बहुसंख्य किसानहरू नै हुन् । तिनीहरूले जनसख्याको ७० प्रतिशत भाग ओगटेका छन् । तिनीहरू नयाँ जनवादी क्रान्तिका मुख्य शक्ति हुन् । तर पनि सर्वहारा नै यसको नेतृत्वदायी शक्ति हो । जनवादी क्रान्तिको मुख्य अन्तर्य कृषि क्रान्ति हो । यो क्रान्ति पूरा हुनै पर्दछ । त्यसो नभएमा सर्वहारा र पार्टीले कृषि क्षेत्रको समर्थन हासिल गर्न सक्दैन । साथै, जनसेनालाई सबल पार्ने र दीर्घकालीन जनयुद्धलाई अघि बढाउने आधार नै कमजोर हुन्छ ।

पार्टी र जनसेनाले जनदिशा (Massline) लिन्छन् । तिनीहरूले जनसमुदायबाट सिक्छन् र जनसमुदायलाई जनयुद्धमा तिनीहरूको



***हत्याको विरोध** : फिकपासँग नजिक रहेको मानिने बायान पार्टीका अध्यक्ष रोलाण्डो ओलालियाको शवयात्रामा सहभागी दश लाख मानिसहरुको भीड*

रूचिअनुसार भाग दिन्छन् । यसरी पार्टी र जनसेनाले जनसमुदायसँग अझ बढी नजिकको सम्बन्ध गाँस्छन् र जनसमुदायालई साथ लिएर संघर्षमा अघि बढ्छन् ।

सामाजिक अन्वेषण, आधारभूत जनशिक्षा (Mass education), ठोस जनसंगठन र जनअभियानहरू कृषि मजदूर र गैरकृषि क्षेत्रका मजदूरहरू, किसानहरू, समुदाय, युवा, महिला, सांस्कृतिककर्मीहरू र केटाकेटीहरूबीच संचालन गरिन्छन् । तिनीहरूका जनसंगठनहरू राजनीतिक सत्ताका अंगहरूका ठोस आधारहरू हुन् र ती संगठनहरू स्थानीय पार्टी शाखाहरू, जनसेना तथा जन मिलिसियाका इकाईहरूका राम्रा मुहानहरू हुन् । जनअभियानहरू र प्रजातान्त्रिक राजनीतिक सत्ताका अंगहरूको काम गाउँतिरका पीर-मर्काहरू बुझ्नु र तिनीहरूलाई लिएर शत्रुहरूविरूद्ध बैठकहरू चलाउनु, आधारभूत जनशिक्षा, जनसंगठन, भूमिसुधार, उत्पादन, आत्मसुरक्षाको तालिम, स्वास्थ्य र सफाई, जनता र सांस्कृतिक कामबीचमा भिन्नताहरूको रूपान्तरण गर्नु हो ।

गाउँ क्षेत्रमा भूमिसुधार नै अझै सबभन्दा महत्वपूर्ण जनअभियान हो, खास गरेर । किनभने, एक त प्रतिक्रियावादी शासनले यसलाई विरोध गरेको छ, जमिन्दार वर्गले जमीनको पुनर्संग्रह गरिरहेको छ र बहुराष्ट्रिय फर्म र ठूला दलाल पूँजीपति र तिनका एजेन्टहरूले प्रतिक्रियावादी सरकारका विविध कानूनहरूअन्तर्गत जमीनहरू हत्याइरहेका छन् । किसान समुदायको बीचमा जमीनको भोक यसअघिको कुनै पनि बेलामा भन्दा अहिले बढी तीव्र भएको छ । त्यसैले जमीनको समस्याको समाधान अझै पनि जनवादी क्रान्तिको मुख्य अन्तर्वस्तु हो ।

अहिलेसम्म जमीनको भाडा दर घटाउने र सुदखोरी हटाउनेजस्ता न्यूनतम भूमि सुधारका कामहरू भएका छन् । यो काम जापानी आक्रमणविरूद्ध चीनमा भएको मुक्तियुद्धको अवधिमा चिनियाँ कम्युनिष्ट पार्टीले लिएको भूमिसुधारको नीतिजस्तै हो ।

जमीनको अधिग्रहण र जोत्नेलाई निःशुल्क वितरण गर्ने भूमिसुधारको अधिकतम कार्यक्रम पार्टी, जनसेना र राजनीतिक शक्तिका अंगहरू प्रबुद्ध र जाली कुलीनहरूका बीचमा उत्पन्न अन्तरविरोधहरूलाई सहाल्न सक्नेगरी पर्याप्त बलिया भएका उपयुक्त समयमा संचालन गरिनुपर्दछ । कृषि क्रान्ति नयाँ जनवादी क्रान्तिको अविचलित वस्तु हो । यस तथ्यलाई ध्यान दिएर हामीले यसबारे अध्ययन गरेका छौं । हाम्रो आफ्नै अनुभव र सन् १९२० को दशकमा एशियामा भएको किसान आन्दोलनदेखि सन् १९६० को पछिल्लो र १९७० को दशकको अघिल्लो चरणमा भएको नक्सलवादी आन्दोलनसम्मको उदाहरणबाट जमीनको असामाजिक अधिग्रहणबारे पाठहरू सिकेका छौं ।

स्वावलम्बनको सिद्धान्तअनुसार, जनसेनाले सशस्त्र क्रान्ति संचालन गर्दछ । यसको ३१ वर्षको इतिहासमा यो वलशाली रूपमा विकसित भएको छ । त्यस्तै, जनताको सहभागिता र समर्थनमा यो अघि बढेको छ । क्रान्तिकारी संघर्षको प्रक्रियामा क्रान्तिकारी कमाण्डर र योद्धाहरूले युद्ध गर्न र आफ्नो लड्ने क्षमता बढाउन सिकेका छन् । लगभग सबैजसो तिनीहरूका हतियारहरू शत्रुहरूविरूद्ध चतुऱ्याइंका साथ गरिएका हमलाहरूबाट संकलन गरिएका छन् । हतियारहरू आयात गर्ने पहिलेका सबै प्रयत्नहरूको नतिजा कि त सारै थोरै हतियारमात्र आयात गर्नसकिने अथवा कि फाइदा नहुने र अन्ततः प्रत्युत्पादक हुने देखियो । अहिलेको अन्तर्राष्ट्रिय परिस्थितिअन्तर्गत जनसेनाले के थाहा पाएको छ भने यसले क्रान्तिकारी सशस्त्र संघर्ष पहिलेभन्दा बढ्ता स्वावलम्बी ढंगले हाँक्नुपर्ने छ ।

राजनीतिक सत्ता कब्जा गर्न र क्रान्तिकारी वर्गद्वारा समाजको जण्ड रूपान्तरण गर्नका लागि क्रान्ति एउटा आम जनसमुदायको अभिभारा हो । फिलिपिन्सका क्रान्तिकारी शक्तिहरू र जनतासँग सशस्त्र क्रान्ति चलाउनुको अर्को विकल्प छैन । त्यस्तो क्रान्तिले विदेशी एकाधिकार पूँजीवाद, घरेलु सामन्तवाद र नोकरशाही पूँजीवादको शोषण उत्पीडनलाई निर्णायक रूपले समाप्त पार्दछ र समाजवादी क्रान्तितर्फ अग्रसर गराउँछ ।

जनताको युद्धको परिणामस्वरूप अहिले फिलिपिन्समा दुईखाले राजनीतिक शक्तिहरू अस्तित्वमा छन् । प्रतिक्रियावादी सत्ता अझै शहरहरूमा मोर्चा कसेर बसेको छ । तर क्रान्तिकारी राजनीतिक सत्ता जागृत भएको छ र प्रतिक्रियावादी सत्तालाई फ्याँकेर मुलुकभरि त्यसलाई विस्थापित नगरून्जेल यसको वृद्धि लगातार भइरहनेछ । राष्ट्रव्यापी रूपमा राजनीतिक सत्ता कब्जा गरेपछि मात्रै नयाँ जनवादी क्रान्ति आधारभूत रूपमा पूरा हुनेछ र समाजवादी क्रान्तिलाई सूत्रपात गर्न सर्वहारा वर्गले अवसर र जमीन प्राप्त गर्नेछ ।



*अत्याधुनिक हतियारका साथ सरकारी सैनिकहरु*

**सबैजसो तिनीहरूका हतियारहरू शत्रुहरूविरूद्ध चतुऱ्याइंका साथ गरिएका हमलाहरूबाट संकलन गरिएका छन्**



*फिलिपिन्सको पूर्वी विसयास क्षेत्रहरुमा क्रियाशील जनसेनाको एक कम्पनी*

## भूलहरू सच्याउने र क्रान्तिलाई अघि बढाउने

सशस्त्र क्रान्तिका आफ्ना घुम्ती र मोडहरू छन् । शासन व्यवस्थाले तेर्स्याएका भीषण कठिनाइहरू छन्, विशेषतः अमेरिकी साम्राज्यवादको प्रयोगअन्तर्गत यसको आतंकवादतर्फको झुकावका साथै आत्मगत त्रुटिहरूद्वारा विचारधारा र 'वाम' तथा 'दक्षिण' राजनीतिक कार्यदिशामा परेका धक्काहरू पनि छन् ।

यदि सन् १९८०-१९९१ को अवधिमा लामो समयसम्म नसच्याइएका निश्चित ठूला भूलहरू नभएका भए नयाँ जनसेनाका विजयहरू अहिलेभन्दा ठूला हुने थिए । भूलहरूमा 'वाम' अवसरवादी भूलका साथै असामयिक नियमितीकरण (regularization) र 'कार्यनीतिक प्रतिआक्रमणकारी', शहरी पुनरूत्थानवादी र सैनिक दुस्साहसवादका साथै सुधारवादजस्ता दक्षिणपन्थी अवसरवाद र संसदवादहरू छन्, जसले गर्दा थुप्रै कार्यकर्ताहरू गाउँले क्षेत्रहरूमा जाने क्रम घट्न गयो ।

सन् १९९२ देखि समग्र तथा पूरापूर शुद्धिकरणको आन्दोलन चलाइँदै आइएको छ । यसले ठूल्ठूला विजयहरू प्राप्त गरेको छ । ठूल्ठूला गल्ती र दोषहरू सच्याउने र तिनीहरूमाथि विजय प्राप्त गर्ने काम भएको छ । यसले सबै क्रान्तिकारी शक्तिहरू र जनतामा शत्रुविरूद्ध जाइलाग्ने मनोबल र योग्यता बढाएको छ । वर्षौंको सफलतापूर्ण सशस्त्र क्रान्तिकारी संघर्षद्वारा जनसेनाएउटा भीषण शक्तिको रूपमा स्थापित भएको छ । यो लडाइँमा खारिएको छ र यससँग क्रान्तिकारी अनुभवको सम्पत्ति छ । यो बलियो भएर आएको छ र अमेरिका समर्थित मार्कोसको लामो फासीवादी शासनकालविरूद्ध संकटपूर्ण संघर्षद्वारा खारिएको छ । त्यस्तै, यो आज त्यही खाले प्रजातान्त्रिक कालविरूद्धको संघर्षद्वारा पनि खारिएको छ । यसले अमेरिका समर्थित रामोस र एस्ट्राडा शासनलाई पनि निराश पारिदिएको छ र लडाइँको मैदानमा विजय प्राप्त गरिरहेको छ ।

जनसेनासँग स्वचालित राइफल भएका हजारौं पूर्णकालिक छापामार योद्धाहरू छन् । त्यसबाहेक झन् बढी संख्यामा स्थानीय छापामारहरूको शक्ति छ । साथै, अलि कमसल हतियारहरू भएका मिलिसिया र आत्मसुरक्षाका इकाईहरू पनि छन् । ती सबै शक्तिहरू सयभन्दा बढी छापामार मोर्चाहरूमा क्रियाशील छन् । फिलिपिन्समा ७३ वटा प्रान्तहरूमध्ये ६० वटाभन्दा बढी प्रान्तका घना र महत्वपूर्ण भागहरूलाई तिनीहरूले ढाकेका छन् ।

राजनीतिक सत्ता स्थानीय अंगहरूद्वारा शासित लाखौंको संख्यामा रहेका ठाउँहरूमा ग्रामीण जनाधार क्रियाशील छ । त्यसभित्र थुप्रै जनसंगठनहरू पर्छन् । त्यस्ता संगठनहरूमा किसान, मजदूर, युवा, महिला, सांस्कृतिकर्मीहरू र केटोकटीका संगठनहरू भनेका जनताको सरकारका समितिहरू हुन् । ती समितिहरूलाई विभिन्न किसिमका कार्य समितिहरूले सघाउँछन् । त्यस्ता कार्य समितिहरूले जनसंगठनहरू, शिक्षा, स्वास्थ्य, भूमिसुधार, उत्पादन, अर्थ, रक्षा, सांस्कृतिक क्रियाकलापहरू, मध्यस्थता आदि क्षेत्रसहित अरू पनि त्यस्ता क्रियाकलापहरू गर्छन् । अत्यन्त सानो र नमूनाको शुरूवातबाट जनसेनाअहिलेको आत्मनिर्भर अवस्थामा पुगेको छ । यसका विजयहरू ती जनताको अनन्त सहभागिता र समर्थनको कारणले हासिल भएका हुन्, जसले आफ्नो क्रान्तिकारी सेनालाई कदर गर्छन् र आफ्नो राष्ट्रिय तथा सामाजिक मुक्तिका लागि लड्छन् ।


अर्ध-औपनिवेशिक र अर्ध-सामन्ती शासन प्रणालीको दीर्घ संकटले जनसेनाको स्थापना कार्यलाई प्रेरित र न्यायोचित ठहर गरेर त्यसको निम्ति जोड दिएको छ र पुरानो सत्ताको संकटलाई झन् खराब तुल्याईदिएको छ । विद्यमान शासन प्रणालीलाई फ्याँकेर राष्ट्रिय मुक्ति र जनतन्त्र प्राप्त नगरून्जेल जनताको युद्ध जारी रहनेछ । नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर समाजवादी क्रान्तितिर अग्रसर नहोउन्जेल फिलिपिनी कम्युनिष्ट पार्टी र नयाँ जनसेनाले शत्रुसँग लड्ने निश्चय गरेको छ ।

फिलिपिन्समा सशस्त्र क्रान्ति संचालन गर्नु हाम्रो अन्तर्राष्ट्रियतावादी दायित्व हो । यो सशस्त्र क्रान्तिले फिलिपिनी जनताको मात्र होइन, विश्वकै जनताको सेवा गर्दछ । सर्वहारावर्ग र समाजवादको दक्ष तथा साम्राज्यवाद र सबै प्रतिक्रियावादको विपक्षमा लाग्ने अन्य जनताको विश्वव्यापी संघर्षमा यो एउटा योगदान हो ।

आत्मनिर्भर भएर र सर्वहाराहरूको सहयोग मुक्ति, जनतन्त्र र समाजवादका निम्ति संघर्षरत् विदेशी जनताको समर्थनबाट नयाँ जनवादी क्रान्ति र फिलिपिनी क्रान्तिका समाजवादी चरणहरूमा जित हासिल गर्ने कुरामा हामी विश्वस्त छौं ।

एकाधिकार पूँजीवादले आफ्नो उत्पीडन र शोषणलाई निश्चित रूपमा गहिर्याउँदै लगेजस्तै सर्वहारावर्ग र विश्वका जनताहरू पनि आफ्नो मुक्तिका लागि लडाइँ लडिरहनेछन् । साम्राज्यवादविरोधी बृहत आन्दोलन र विश्व सर्वहारा क्रान्ति फेरि उठ्नेछ र एक्काइसौं शताब्दीमा त्यसले झन् ठूला विजयहरू हासिल गर्नेछ । एकाधिकार पूँजीवाद र समाजवादबीचको युगीन संघर्ष त्यतिबेलासम्म जारी रहनेछ, जतिबेलासम्म विश्वस्तरमा नै साम्राज्यवाद पराजित हुँदैन र मानव जाति साम्यवादको अन्तिम लक्ष्यसम्म पुग्दैन । ❑

**अनुवाद : समीर थापा**



मार्कोस

**राजनीतिक सत्ता कब्जा गर्न र क्रान्तिकारी वर्गद्वारा समाजको जण्ड रूपान्तरण गर्नका लागि क्रान्ति एउटा आम जनसमुदायको अभिभारा हो । फिलिपिन्सका क्रान्तिकारी शक्तिहरू र जनतासँग सशस्त्र क्रान्ति चलाउनुको अर्को विकल्प छैन**

## अन्धविश्वासीहरुद्वारा अत्याधुनिक विज्ञानको दुरुपयोग

# परलोकका जीवहरूको क्लोनिङ्गबाटै जीवहरू पृथ्वीमा आएको दावी

■ तुल्सीदास महर्जन

'**यो पृथ्वीमा** जीवहरू कहाँबाट आए ? उनीहरू यति धेरै आकार-प्रकारमा कसरी विभाजित भए ?'


यी प्रश्नहरूको सम्वन्धमा विज्ञानमा 'क्रम विकासको सिद्धान्त' (Theory of evolution) ले राम्ररी व्याख्या गरेको छ । जीवको उत्पत्ति र विकासको सम्वन्धमा मूलतः चार्ल्स डार्विनले ल्याएको क्रम विकासको सिद्धान्त नै सत्यको नजीक रहेको कुरा वैज्ञानिकहरूले बताउँदै आएका छन् । तर अचम्मको कुरो, सन् १९९७ मा क्लोनिङ्गको कुरो बढी चर्चामा आएपछि यूरोपमा रेलियन नामक एउटा नयाँ धार्मिक सम्प्रदायको जन्म भयो, जसले पृथ्वीमा जीवको उत्पत्ति अन्तरिक्षबाट अथवा परलोकबाट आएको कुनै अज्ञात जीवको क्लोनबाट भएको कुरा बतायो । यो भनाइ हिजो अन्य धार्मिक सम्प्रदायहरूले परलोकका परमात्माबाट पृथ्वीमा मानवलगायत सम्पूर्ण जीवहरूको सृष्टि भएको हो भन्ने व्याख्यासित धेरै हदसम्म मेल खान्छ ।

के साँच्चि नै यी रेलियनहरूले भनेजस्तै पृथ्वीमा जीवको उत्पत्ति परलोकबाट आएका जीवको क्लोनिङ्गबाटै भएको हो त ?

यस सम्बन्धमा कुनै खास धारणा बनाउनुभन्दा पहिले क्लोनिङ्गको बारेमा नै छोटो चर्चा गर्नु सान्दर्भिक होला ।

### क्लोनिङ्को इतिहास

'क्लोन' ग्रीक शब्द हो र यसको अर्थ हो- ट्वीग (twig) । ट्वीगको अर्थ टुसो हो ।



*विकासवादका प्रतिपादक प्रसिद्ध वैज्ञानिक चार्ल्स डार्विन*

बिरूवाहरूमा हाङ्गाबिङ्गा त्यतिकै पलाउदाँ त्यसलाई टूसो आएको भनिन्छ । तर क्लोनलाई अहिले जुन अर्थमा बुझिन्छ, यो बेलायती जीवशास्त्री जे.बि.एस. हाल्डेनले गरेको अन्वेषणको नतिजा अनुसार छ । उनले सन् १९६३ मा के सिद्धान्त प्रतिपादन गरे भने मानवलगायत सबै जीवहरूको वंशाणुगत रूपमै दुरूस्त प्रतिलिपि सिर्जना गर्न सकिन्छ । र, त्यसलाई उनले टूसोको रूपमा बुझी 'क्लोन' भनी नामाकरण गरे ।

हाल्डेनले सैद्धान्तिक रूपमा पुष्टि गरेको क्लोनिङ्ग पद्धतिलाई ३४ वर्षपछाडि आएर स्कटल्याण्डको वैज्ञानिक संस्था रोस्लीन इन्स्टिच्यूटका वैज्ञानिक इयान विल्मट र उनको अनुसन्धान टोलीले प्रयोगात्मक रूपमा प्रमाणित गरिदिए । उनले प्रयोगको क्रममा 'इयू' (ewe) नामको एक ६ वर्षीया भैंडीको छालाबाट स्वस्थ कोष झिकी क्लोनिङ्ग पद्धतिबाट 'डोली' नामको उस्तै दुरूस्त भैंडीको जन्म गराएका थिए ।


सन् १९९७ कै अक्टोवर ३ मा अर्को सफल क्लोनिङ्ग परीक्षण भयो । अमेरिकाको हवाई द्वीपस्थित हवाई विश्वविद्यालयका वैज्ञानिकहरूले क्लोनिङ्ग पद्धतिबाट मुसालाई जन्म गराए । उनीहरूले त्यस मुसालाई 'क्यूमिलिना' नाम दिए । त्यो मुसा दुई वर्ष सात महिना बाँचेर मर्‍यो । 'क्यूमिलिना'लाई जन्म गराउन प्रयोग गरिएको क्लोनिङ्ग प्रविधि 'डोली' जन्माउँदाको प्रविधिभन्दा उन्नत छ भन्ने दावी हवाईका वैज्ञानिकहरू गर्छन् ।

सन् १९९८ मा अर्को क्लोनिङ्ग परीक्षण जापानमा भयो । जापानी वैज्ञानिकहरूले स्कटल्याण्डमा 'डोली' जन्माउँदा प्रयोग गरिएको प्रविधि नै प्रयोग गरेका थिए । 'इसिकावा प्रिफेक्चरल लाइभस्टक रिसर्च सेन्टर' मा गरिएको उक्त क्लोनिङ्ग परीक्षणबाट एक जोडी दुरूस्त उस्तै प्रकारका बाच्छाहरू जन्मेका थिए ।


सन् २०००मा अमेरिकाको भर्जिनियामा क्लोनिङ्ग प्रविधिबाट पाँच सुँगुरहरूलाई जन्म गराइयो । यसमा 'डोली'को लागि प्रयोग गरिएको प्रविधिभन्दा अलि फरक प्रविधि प्रयोग गरिएको कुरा संलग्न वैज्ञानिकहरू वताउँछन् ।

सन् २००१मा अमेरिकाको 'एडभान्स्ड सेल टेक्नोलोजी इन्कर्पोरेशन'का वैज्ञानिकहरूले 'गउर' नामको एक इन्डियन गोरूलाई क्लोनिङ्ग पद्धतिबाट जन्म गराए । त्यस्तैगरी सन् २००१ मै अमेरिकाको टेक्सासका वैज्ञानिकहरूले एउटा विरालोको बच्चालाई पनि क्लोनिङ्ग पद्धतिबाट जन्म गराए । यसरी जम्मा ६ पटक विभिन्न जनावरहरूको क्लोनिङ्ग गरिसकिएर अहिले मानव क्लोनिङ्गको चर्चा चलिरहेको छ ।


## 'डोली' भेडीको मृत्यु



डोली भेडीको साथमा वैज्ञानिक इयान विल्मट



जे.बि.एस. हाल्डेन




## क्लोनिङ्गबाट डोली भेडीको जन्म प्रक्रिया

### के क्लोनिङ्गबाट दुरूस्त उस्तै मान्छे तयार हुन सक्ला ?

सन् १९९७ मा 'डोली' भेँडीलाई क्लोनिङ्ग पद्धतिबाट जन्म गराएको लगत्तै विश्वभरि एउटा बहस चल्यो । त्यो बहस के थियो- यदि मानव क्लोन तयार गर्न सफल होइन्छ भने हिटलरको कोषबाट हिटलर, आइन्स्टाइनको कोषबाट आइन्स्टाइन जस्तैगरी एक जनाको दुरूस्त अर्को मानिस तयार गर्न सकिन्छ कि सकिँदैन ? यो बहस अहिले पनि चलिरहेको छ । तर क्लोनिङ्ग गरेर पनि मानिसमात्र होइन, कुनै पनि जीवको सयमा सय प्रतिशत दुरूस्त अर्को प्रतिलिपि तयार गर्न सकिँदैन भन्ने तर्क राख्नेहरूको कुरा बढी विज्ञानसम्मत देखिन्छ ।

### क्लोन-जीव कसरी तयार गरिन्छ ?

क्लोनिङ्ग एक जटिल प्रक्रिया हो । यसमा सबभन्दा पहिले जसको क्लोन गर्नु पर्ने हो, त्यसको शरीरको कुनै कोष झिकेर त्यसभित्रको न्यूक्लेस निकाली परीक्षणशालामा सुरक्षासाथ राखिन्छ । त्यस्तैगरी क्लोन-बच्चा जुन पोथी जीवको शरीरभित्र हुर्काउनु पर्ने हो, उसको पाठेघरभित्रबाट डिम्ब (ovum) झिकेर त्यसभित्रको न्यूक्लेस पनि झिकिन्छ र त्यसलाई फालिन्छ । त्यसपछि विशेष प्रविधिको सहयोगमा न्यूक्लेस नभएको डिम्बमा क्लोनिङ्गको लागि अर्को व्यक्तिको शरीरको कोषबाट झिकेर सुरक्षित राखिएको न्यूक्लेस सावधानीपूर्वक प्रत्यारोपण गरिन्छ । र, विद्युतीय झड्का दिई त्यस डिम्बलाई कोष विभाजन प्रक्रियामा जान प्रेरित गराइन्छ ।

स्मरणीय के छ भने डिम्ब एक प्रजनन् कोष हो, जसमा क्रोमोजोमको संख्या आधामात्र हुन्छ । जस्तो कि मानव कोषमा जम्मा क्रोमोजोमको संख्या ४६ हुन्छ भने मानव डिम्बमा २३ मात्र हुन्छ । गर्भाधानमा पुरूषको शुक्रकीट (जसमा पनि क्रोमोजोम संख्या २३ नै हुन्छ) डिम्बभित्र पस्दा त्यो संख्या ४६ पुगी कोष विभाजन प्रक्रियाको थालनी भएको हुन्छ । क्लोनिङ्गमा गर्भाधान गराइएको हुँदैन । तर जब डिम्बमा पूरा संख्या (४६ वटा) क्रोमोजोम भएको न्यूक्लेसलाई विद्युतीय झड्का दिई पसाइन्छ, तब त्यहाँ गर्भाधानको बेलाजस्तै कोष विभाजनको लागि वातावरण तयार हुन्छ । फरक यति हुन्छ कि गर्भाधान हुँदा डिम्बमा आमाको पनि आधा क्रोमोजोम संख्या हुने भएकोले त्यहाँ उसको पनि DNA हरू हुन्छन् अर्थात् त्यहाँ उसका पनि वंशाणुहरू हुन्छन्, तर क्लोनिङ्गको प्रक्रियामा रहेको डिम्बमा क्लोन गरिने व्यक्तिको मात्र DNA हरू हुने भएकोले त्यहाँ उसका मात्र वंशाणुहरू हुन्छन् ।

डिम्बले कोष विभाजनको प्रक्रिया थालनी गरिसकेपछि भ्रूण तयार गर्छ र त्यसलाई आमाको पाठेघरमा प्रतिस्थापन गरिन्छ । र, पाठेघरमा निश्चित समय बिताइसकेपछि भ्रूण पूर्ण विकसित बच्चामा परिणत हुन्छ र त्यसको जन्म हुन्छ । आमाको DNA नभएको बच्चा भएकोले त्यसमा आमाको वंशाणुगत गुणहरू रहेका हुँदैनन् । क्लोनिङ्गको लागि कोष झिकिएको व्यक्तिका संपूर्ण वंशाणुगत गुणहरू त्यो बच्चामा रहेका हुन्छन् । यसरी वैज्ञानिकहरूले प्रयोगशालामा क्लोनिङ्ग पद्धति पूरा गरेका हुन्छन् ।

### आमाको DNA नहुँदा पनि बच्चामा उसका केही गुणहरू सर्छन् :

वैज्ञानिकहरूले के बताउन थालेका छन् भने, भलै क्लोन-बच्चामा आमाको DNA रहेको हुँदैन, तैपनि केही मात्रामा आमाको गुण उसमा सरेकै हुन्छ । तर कसरी ?

वैज्ञानिकहरू के भन्छन् भने कोषको न्यूक्लेस बाहिर साइटोप्लाज्ममा माइटोकोन्ड्रिया भन्ने एउटा अङ्ग हुन्छ, जसमा RNA हरू रहेका हुन्छन् । ती RNA हरूले आमाका केही विशेष गुणहरू बोकेका हुन्छन् । क्लोनिङ्गमा डिम्बको न्यूक्लेस झिकी अर्काको न्यूक्लेस राखिन्छ, तर त्यसले माइटोकोन्ड्रियालाई छोएको हुँदैन । त्यसैले क्लोन-बच्चामा करिब करिब सबै गुणहरू अर्को व्यक्तिको हुने भए पनि केही गुणहरू आमाका पनि सरेकै हुन्छन् ।

अर्को कुरा, जीवहरूमा यस्ता पनि गुणहरू हुन्छन्, जुन वंशाणुमा मात्र भर नपरी वातावरणसँग पनि भर पर्ने गर्छन् । त्यस्ता गुणहरूले गर्दा पनि क्लोन-बच्चा क्लोनिङ्गको लागि कोष प्रदान गर्ने जीवजस्तो दुरूस्त हुँदैन । परीक्षणबाट पनि यो कुरा पुष्टि भइसकेको छ । जस्तो कि पहिलो क्लोन-बिरालो त्यसको क्लोनिङ्गको लागि कोष प्रदान गर्ने बिरालोजस्तो दुरूस्त रहेन । किनकि त्यो बिरालोको भुवा वंशाणुका साथसाथै वातावरणमा पनि भरपर्ने किसिमको थियो । वैज्ञानिकहरू के भन्छन् भने व्यक्तिको रूप भनेको वंशाणु र वातावरणको संयोगले निर्माण हुने कुरा हो, जसलाई वंशाणुले मात्र नियन्त्रण गर्न सक्दैन ।

मानव क्लोनको सन्दर्भमा कुरा गर्दा निश्चिय नै क्लोन-बच्चा क्लोनिङ्गको लागि कोष प्रदान गर्ने व्यक्तिको वंशाणुगत जुम्ल्याहा (genetic twin) हुन्छ । तर, मान्छे वंशाणुगत ढंगले मात्र नभई अन्य कारणबाट पनि निर्माण भएको हुन्छ । क्लोनिङ्गको लागि कोष प्रदान गर्ने व्यक्ति जस्तोसुकै भएपनि क्लोन-बच्चाको व्यक्तित्व, चरित्र, विद्वता र प्रतिभा आफ्नै खालको हुन्छ । किनकि वंशाणुगत गुणहरू क्लोन गरिए पनि व्यक्तिको दिमाग अथवा मन, संयोगका कुराहरू, वातावरण र व्यक्तिको अनुभवलाई कहिल्यै क्लोन गर्न सकिँदैन । तर यी गुणहरू यस्ता हुन्, जसले मान्छेको व्यक्तिगत चरित्र निर्माण गर्न प्रमुख भूमिका खेलेका हुन्छन् । त्यसैले क्लोन-हिटलर, हिटलरजस्तै तानाशाह हुन्छ भन्ने

**क्लोनिङ्गको लागि कोष प्रदान् गर्ने व्यक्ति जस्तोसुकै भएपनि क्लोन-बच्चाको व्यक्तित्व, चरित्र, विद्वता र प्रतिभा आफ्नै खालको हुन्छ**



*क्लोनाइडका अध्यक्ष विजित्ते बोइस्सेलायर*

**हिटलर आइन्स्टाइनजस्ता मरिसकेका व्यक्तिहरूको प्रतिलिपि व्यक्ति जन्माउने भन्ने कुरा त भनै हावा कुरा हुन् । किनकि क्लोनिङ्को लागि जीवित कोष चाहिन्छ**

हुँदैन, क्लोन-आइन्स्टाइन, आइन्स्टाइनजस्तै विख्यात वैज्ञानिक हुन्छ भन्ने हुँदैन, त्यस्तै क्लोन-मदरटेरेसा, मदरटेरेसाजस्तै दयालु हुन्छे भन्ने हुँदैन ।

तपाईंले चाहेर पनि आफ्नो वा कसैको दुरूस्त प्रतिलिपि-व्यक्ति कहिल्यै जन्माउन सक्नु हुन्न । अभ, मरिसकेका व्यक्तिहरू जस्तो कि हिटलर, आइन्स्टाइन आदिको प्रतिलिपि व्यक्ति जन्माउने भन्ने कुरा त भनै हावा कुरा हुन् । किनकि क्लोनिङ्को लागि जीवित कोष चाहिन्छ । मरिसकेको मान्छेको जीवित कोष तपाईं कहाँबाट ल्याउनु हुन्छ ? भर्खरै मरेको व्यक्तिको क्लोनिङ्ग त एक हदसम्म सम्भव होला, किनकि उसका सबै कोषहरू मरिसकेका हुँदैनन् र तत्कालै उसको शरीरबाट कोष भिकियो भने त्यसलाई क्लोनिङ्गको लागि उपयोग गर्न सकिन्छ । तर कोषलाई जीवित राख्न सकिएन भने क्लोनिङ्ग सम्भव हुँदैन ।

### रेलियन सम्प्रदाय र क्लोनाइड के हुन् ?

जस्तो कि शुरूमै भनियो– रेलियन एक धार्मिक सम्प्रदाय हो । यो सम्प्रदायको एउटा अनौठो मान्यता छ । त्यसका अनुसार अन्तरिक्षको कुनै टाढाको ठाउँबाट उडनतस्तरीमा बसेर आएको जीवबाट नै आजभन्दा २५,००० वर्ष पहिले सर्वप्रथम पृथ्वीमा जीवको आगमन भयो । र, त्यो जीवको क्लोनिङ्गबाट नै मानव स्वयंको पनि सृष्टि भयो । रेलिएनका 'रेल' अर्थात् प्रमुख क्लाउड वोरिल्होन फ्रान्सका एक पूर्वपत्रकार हुन् । उनले नै सन् १९७३ मा यो सम्प्रदायको स्थापना गरेका हुन् । उनका अनुसार उनले परलोकबाट आएको एक अद्भुत जीवलाई भेटेका थिए र त्यो परलोकको जीवले नै उनलाई बुद्ध, जेसस र मोहम्मदजस्ता महापुरूषहरू सबै परलोकबाट दीक्षित भएर आएका हुन् भन्ने कुरा बताएका थिए । र, उनले त्यसको लगत्तै रेलियन सम्प्रदायको स्थापना गरेका हुन् । उनका अनुसार अहिले रेलियनका विश्वभरि करिब ५५००० अनुयायीहरू छन् ।

'रेल' अर्थात् क्लाउड वोरिल्होनले नै सन् १९९७ मा क्लोनाइड कम्पनीको स्थापना गरेका थिए । उनी आफूलाई भविष्यद्रष्टा तथा परलोकका दूतको रूपमा प्रस्तुत गर्छन् । र, उनले आफ्नो कम्पनी मानव-क्लोन निर्माण गर्न स्थापना गरेको, जसमा प्रतिष्ठित वैज्ञानिकहरू समेत रहेको कुरा बताउँछन् । अमेरिकाको लासभेगासमा आधारित यो कम्पनीले मानव क्लोनिङ्ग कहां गरिएको र त्यसमा संलग्न वैज्ञानिकहरू को को हुन् भन्ने कुराको भने अहिलेसम्म खुलासा गरेको छैन ।

### विज्ञान र धार्मिक अन्धता :

क्लोनाइड कम्पनीसँग सम्बन्धित रेलियन सम्प्रदायको विश्वासलाई हेर्दा अहिले एक्काइसौं शताब्दीमा पनि विकसित भनी कहलिएका पश्चिमी मुलुकहरूमा समेत धार्मिक अन्धता बाँकी रहेको देखिन्छ । पश्चिमी मुलुकहरूमा रहेको अन्धता त भनै खतरनाक देखिन्छ, किनकि त्यहाँका अन्धविश्वासीहरूले अन्धविश्वास फैलाउनका लागि अत्याधुनिक विज्ञानको दुरूपयोग गरेका छन् । यसको ज्वलन्त उदाहरण अहिले रेलियन सम्प्रदाय नै बनेको छ ।

रेलियन सम्प्रदायको विश्वासलाई मान्ने हो भने अहिलेसम्म वैज्ञानिकहरूले जीव विकाससम्बन्धी जुन सिद्धान्तहरू प्रतिपादन गरेका छन्, ती सबैलाई रद्दीको टोकरीमा फाले पनि भयो । अब डार्विनको विकासवादको सिद्धान्तलाई फोहोरमा मिल्काइदिए भयो । त्यस्तै, अब थुप्रै जीवशास्त्री तथा मानवशास्त्रीहरूले उत्खनन् गरी पत्ता लगाएका लाखौं वर्ष पुराना मानव पुर्खाका अवशेषहरूलाई ती केही नभई ढुंगा वा चट्टानका रूपहरू मात्र हुन् भनिदिए पनि भयो । करोडौं वर्ष पुराना जीवावशेषहरूलाई अब माटोमात्र रहेछ भने पनि भयो । किनकि रेलियनहरूका अनुसार पृथ्वीमा जीवहरू परलोकबाट आजभन्दा करिब २५००० वर्ष पहिले आएका हुन् । उनीहरूका अनुसार जीवहरू डार्विनले भनेजस्तै क्रमिक विकासबाट थरीथरीका जीवहरूमा विकास भएका होइनन्, परलोकबाट आएका जीवहरूबाट क्लोनिङ्ग गरी जन्माइएका हुन् ।

कस्तो अचम्म ! उनीहरू क्लोनिङ्गजस्तो अत्याधुनिक वैज्ञानिक प्रविधिको कुरा पनि गरिरहेछन् र २५ हजार वर्षपहिले परलोकबाट जीवहरू आएको जस्ता हावादारी विरोधाभासपूर्ण कुराहरू पनि गरिरहेका छन् ।

पश्चिममा वैज्ञानिकहरू समेत यस्ता हावादारी कुराहरू गरेर धार्मिक अन्धता फैलाउन हिँडेको देख्दा विज्ञानमा कम विकसित हामी पूर्वेलीहरूले पनि लाज मान्नु पर्ने स्थिति पैदा भएको छ ।

मानव-क्लोन असम्भव कुरा होइन । र, यो विज्ञानको एउटा महत्वपूर्ण उपलब्धि पनि अवश्यै हुनेछ । तर अहिले मानव-क्लोन तयार गरियो भनी जुन हल्ला फिँजाइएको छ, यो एक ठट्टा नै हो भन्ने कुरा प्रष्ट नै देखिएको छ । त्यतिमात्र होइन, यस हल्लाभित्र विज्ञानविरोधी नियत लुकेको पनि प्रष्ट छ । विज्ञान जगत यस विषयमा सचेत हुनु जरूरी छ ।

### क्लोनिङ्को सफलतामाथि पुनः प्रश्न

भर्खरै मात्र डोली भेंडीको मृत्यु भएको छ । स्मरणीय छ, क्लोनिङ्गबाट जन्माइएको पहिलो भेंडी डोली हो । रोस्लीन इन्स्टिच्यूटका वैज्ञानिकहरूले बताएअनुसार ६ वर्षीया डोलीको फोक्सोमा गम्भीर प्रकारको रोग लाग्न पुग्यो । सामान्यतः भेंडा वा भेंडीको आयु ११ वर्षको रहेको हुन्छ । तर डोली चाहिं ५ वर्ष पहिले नै मरेको छ । त्यसको फोक्सोमा जुन रोग लाग्यो, त्यस्तो रोग भेंडा वा भेंडीहरूको बुढेशकालमा मात्र लाग्ने कुरा वैज्ञानिकहरू बताउँछन् । त्यसैले डोलीको मृत्युले एउटा के कुरा सिकाएको छ भने क्लोनिङ्ग गरी बच्चा जन्माउन सकिने भए पनि त्यसलाई सहज ढंगले हुर्काउन गाह्रो पर्ने रहेछ । त्यसले क्लोनिङ्ग पद्धतिलाई अभै शंकाको घेरामै राखिनु पर्ने आवश्यकता पैदा गरेको छ । ❑

**पश्चिममा वैज्ञानिकहरु समेत यस्ता हावादारी कुराहरु गरेर धार्मिक अन्धता फैलाउन हिँडेको देख्दा विज्ञानमा कम विकसित हामी पुर्वेलीहरुले पनि लाज मान्नु पर्ने स्थिति पैदा भएको छ**



सन् २००० मा अमेरिकामा क्लोनिङ्ग गरी जन्माइएका पाँच सुंगुरहरु



डोली भेडी जो भर्खरै फोक्सोमा रोग लागरेर मरी



# बुद्ध दर्शनका विशेष योगदानहरू

○ प्रज्ञानरत्न

बुद्धले विकास गर्नुभएको क्षणिकवादी सोचलाई अर्को शब्दमा अनित्यवादी सोच भने पनि हुन्छ । संसारको हरेक वस्तु अनित्य छ, अर्थात् अस्थायी छ, त्यो क्षण-क्षण बदलिरहन्छ, खालि भौतिक वस्तुमात्र होइन, आत्मा र अनुभूतिहरू पनि हरेक क्षण बदलिरहन्छन् भन्ने बुद्धको चिन्तन देखिन्छ । उपनिषद्हरूको ठीक विपरीत बुद्ध कुनै चीरस्थायी आत्माको अस्तित्व नै स्वीकार गर्नुहुन्न । प्रारम्भिक बौद्ध दर्शनको यो मौलिक विशेषता हो । बौद्ध दर्शनमा भेटिने यो अनित्यवादी विचार अत्यन्त द्वन्दवादी देखिन्छ । पुलिगण्डलाको यो भनाइ सटिक र सही देखिन्छ । *(हेर्नुहोस् Fundamentals of Indian Philosophy, New York 1975, पृष्ठ ६१)* । बुद्धका सम्पूर्ण शिक्षाहरू विश्व ब्रम्हाण्डका कुनै पनि कुरालाई बनिबनाउ र स्थिर कुरोको रूपमा नहेरेर प्रक्रियामा हेर्ने चिन्तनमा आधारित देखिन्छन् । यो चिन्तन द्वन्दवादको गुदी कुरोसित मेल खान्छ ।

यस सम्बन्धमा बुद्धका यी भनाइहरू अत्यन्त महत्वपूर्ण छन् :

– "यो अटल नियम हो... रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान अनित्य छ ।" *(हेर्नुहोस्- अंगुक्ष निकाय ३-१-३४)*

– "रूप... वेदना...संज्ञा... संस्कार... विज्ञान नित्य, ध्रुव, शास्वत, अविकारी छैन, यो संसारमा विज्ञानसम्मत कुरो हो । म पनि त्यसै भन्छु । यसो भनेपछि, सम्भाएपछि पनि जसले बुझ्दैन, देख्दैन त्यस्तो बालक अन्धा, आँखाविहीन अजानका निम्ति म के गर्नसक्छु ?" *(हेर्नुहोस्- संयुक्त-निकाय, १६)*

– "भिक्षुहरू, यो राम्रो कुरो हो कि अजान... व्यक्ति यी चार महाभूतले बनेको शरीरलाई आत्मा भन्ठान्छ, किन्तु चित्तलाई त्यस्तो ठान्नु ठीक छैन । यस्तो किन ? चार महाभूतको यो शरीर एक... दुई... तीन... चार... पाँच... छ... सात वर्षसम्म पनि अस्तित्वमा देखिन्छ, तर जसलाई चित्त, मन या विज्ञान भनिन्छ, त्यो रात र दिनमा पनि त्यतिबेलै उत्पन्न हुन्छ, त्यतिबेलै नष्ट हुन्छ ।" *(हेर्नुहोस्- संयुक्त निकाय १२-१७)*

अहिले खास शब्दको जुन अर्थ छ, बुद्धको समयमा तिनै शब्दको अर्थ त्योभन्दा भिन्न थियो र भौतिक पिण्ड वा शरीरलाई त्यतिबेला रूप भनिन्थ्यो, इन्द्रियजन्य अनुभूतिलाई त्यतिखेर वेदना भनिन्थ्यो, धारणालाई त्यतिबेला संज्ञा भनिन्थ्यो, काम, क्रोध, घृणा, लोभ, मोहजस्ता मनोवृत्तिलाई त्यतिखेर संस्कार भनिन्थ्यो र चेतनालाई विज्ञान भनिन्थ्यो । बुद्धले यही अर्थमा माथिका उक्तिहरूमा भौतिक पिण्ड, इन्द्रियजन्य अनुभूति, होश, मनोवृत्ति र चेतनालाई पनि अनित्य भन्नुभएको हो । र, यिनीहरू सबैलाई निरन्तर परिवर्तनको प्रक्रियामा हेर्नुपर्छ भन्नुभएको हो । भौतिक पिण्ड, इन्द्रियजन्य अनुभूत्ति, होश, मनोवृति र चेतना- यी सबैलाई बुद्धले "त्यतिबेलै उत्पन्न हुने, त्यतिबेलै नष्ट हुने" कुरो भन्नु, सबै कुरालाई परिवर्तनको प्रक्रियामा हेर भन्नु अहिलेको आँखाबाट हेर्दा साधारण कुरो लाग्नसक्छ, तर आधुनिक प्राकृतिक विज्ञान पटक्कै विकसित नभएको त्यो समयमा बुद्धले संसारलाई स्थिर मान्ने तत्कालीन पण्डा-पुरोहित र उपनिषद्हरूसित विचार-द्वन्द चलाउने क्रममा यो भन्नु ज्यादै ठूलो दार्शनिक महत्वको कुरो थियो । निरन्तर उत्पत्ति र विनाशको धारणा अघि सार्ने बुद्धको "क्षणिकवाद" अथवा "अनित्यवाद" विश्वमा द्वन्दात्मक दर्शनको विकासमा ज्यादै महत्वपूर्ण योगदान थियो ।

बुद्धको क्षणिकवादको अर्को विशेषता के देखिन्छ भने यसका अनुसार संसारमा परिवर्तनको प्रक्रिया छ, तर यसको कर्ता कोही छैन । दर्शनशास्त्री एम. हिरियन्नाका अनुसार बुद्धको विचारमा, "क्रिया छ, तर कर्ता कोही छैन ।" *(हेर्नुहोस्- भारतीय दर्शनकी रुपरेखा "प्रारम्भिक बौद्धधर्म", नयाँ दिल्ली-१९९७, पृष्ठ-१४३)* भनाइको

> **संसारमा प्रत्येक वस्तुको स्वगति छ, गतिको कारण वस्तु बाहिर छैन । बुद्धको यही सोचले संसारको सृष्टिमा ईश्वरको आवश्यकतालाई निषेध गर्छ ।**

तात्पर्य के हो भने- संसार लगातार बदलिरहेछ, तर यो बदलाहटको कारक छैन । संसारमा प्रत्येक वस्तुको स्वगति छ, गतिको कारण वस्तु बाहिर छैन । बुद्धको यही सोचले संसारको सृष्टिमा ईश्वरको आवश्यकतालाई निषेध गर्छ । जुन क्षण एउटा वस्तु नष्ट हुन्छ, त्यसै क्षण त्यसैबाट अर्को नयाँ वस्तु पैदा हुन्छ । संसारको स्वगतिको यो सिद्धान्त बिल्कुलै द्वन्दात्मक छ । यो विश्वमा द्वन्दात्मक दर्शनको विकासमा बुद्धको महान योगदान हो । एम. हिरियन्नाका अनुसार बुद्धले नै पहिलो पटक संसारमा कर्ताविनाको क्रियाको सिद्धान्त प्रतिपादन गर्नुभएको हो ।

## अनात्मवाद

बुद्ध दर्शनको अर्को महत्वपूर्ण योगदान हो- अनात्मवाद । अनात्मवादको प्रस्थापना पनि प्रतीत्यसमुत्पादको सिद्धान्तको अर्को उपज हो । अनात्मवाद भन्नाले बुद्ध आत्माको अस्तित्व स्वीकार गर्नुहुन्नथ्यो भनेर अर्थ्याउने गरिएको पाइन्छ । तर वास्तविकता भने त्यस्तो होइन । प्राचीन दार्शनिकहरू र उपनिषद्हरू वस्तुभन्दा अलग्गै, भौतिक संसारभन्दा अलग्गै स्वतन्त्र सत्ताका रूपमा स्थायी र स्थिर आत्माको अस्तित्व छ भन्छन् । बुद्ध भने वस्तुभन्दा अलग्गै त्यस्तो स्थायी र स्थिर आत्माको अस्तित्व स्वीकार गर्नुहुन्नथ्यो । कुरो त्यतिमात्रै हो । तर बुद्धले आत्माको अस्तित्व नै छैन भन्ने धारणा राख्नुहुन्थ्यो भन्ने कुरा होइन । बुद्धको धारणा तरल र परिवर्तनशील आत्माको अवधारणा हो । बुद्ध विभिन्न भौतिक, मानसिक घटकहरूको कुल जोडका रूपमा आत्मालाई बुझ्नुहुन्थ्यो ।

हरेक क्षण बदलिरहेको भौतिक शरीर, संवेदनाहरू, होश र चेतनाको कुल योग नै बुद्धको ठम्याइमा आत्मा हो । त्यसैले बुद्धको ठम्याइमा अनात्मवाद भन्नाले आत्माकै अस्तित्वको इन्कारी होइन, उपनिषद्हरूले वकालत गरेजस्तो स्वतन्त्र, स्थायी र स्थिर आत्माको अस्तित्वको इन्कारीमात्र हो । यस मानेमा हिन्दू, ईसाई, इस्लाम, जैन र यहुदी धर्म-दर्शनभन्दा बुद्ध धर्म-दर्शन नितान्त भिन्न देखिन्छ । ती सबै धर्मले आत्मालाई स्थायी र स्थिर अस्तित्वका रूपमा स्वीकार्छन्, बुद्ध धर्म-दर्शनले त्यसको ठीक विपरित विचार राख्छ । बुद्धका अनुसार मान्छेमा मान्छेभन्दा बाहिर आत्मा नाम गरेको कुनै स्थिर र स्थायी कुरो छैन । *(हेर्नुहोस्- विसुद्धिमाग्ग-१४)* वस्तुभन्दा अलग्गै आत्माको स्वतन्त्र अस्तित्व छैन । ठीक यही अर्थमा बुद्धले 'अनात्म' को सिद्धान्त अघि सार्नु भएको हो । अनात्मवाद बुद्धको मौलिक योगदान हो ।

बुद्धका अनुसार हरेक मान्छे ५ वटा घटकहरूबाट निर्मित छ । बुद्ध ती प्रत्येक घटकहरूलाई 'स्कन्ध' भन्नुहुन्छ । बुद्धले भनेका पाँचवटा स्कन्धहरू यसप्रकार छन् :

१. रूप (भौतिक पदार्थ)
२. वेदना (इन्द्रियजन्य अनुभूति)
३. संज्ञा (धारणा)
४. संस्कार (मानसिक वृतिहरू जस्तो लोभ, घृणा, काम, क्रोध आदि)
५. विज्ञान (चेतना)

बुद्धका अनुसार रूप, वेदना, संज्ञा, संस्कार

र विज्ञान यी पाँचैवटा स्कन्धहरूको कुल योग नै आत्मा हो । *(हेर्नुहोस्- संयुक्त, ३,१२७-१२८)* जसरी एउटा रथमा पांग्रा हुन्छन्, घोडा हुन्छ, सारथी बस्ने ठाउँ हुन्छ, अन्य मान्छे बस्ने ठाउँ हुन्छ, छत हुन्छ, तर तीमध्ये कुनै एकलाई देखाएर यो रथ हो भन्न सकिन्न, ठीक त्यसरी नै पाँचवटा स्कन्धमध्ये कुनै एकलाई देखाएर यो आत्मा हो भन्न सकिन्न । जसरी सबै वस्तुहरूको कुल जोड नै रथ हो, त्यसरी नै पाँचवटै स्कन्धहरूको कुल योग नै आत्मा हो । अर्को छुट्टै चीरस्थायी आत्माको कुनै अस्तित्व छैन । पाँचैवटा स्कन्ध अनित्य छन् र ती निरन्तर बदलिरहन्छन् । अरू भौतिक पदार्थभन्दा वेदना, संज्ञा, संस्कार, विज्ञान चाँडो चाँडो बदलिन्छन् । "ती त्यही क्षण पैदा हुन्छन्, त्यही क्षण नष्ट हुन्छन् ।" *(हेर्नुहोस् संयुक्त निकाय १२.१७)* त्यसको कुल योग आत्मामात्रै स्थिर र स्थायी हुनसक्दैन ।

बुद्धको भनाइ छ, स्थायी र स्थिर आत्मा छ कि छैन भन्ने थाहा पाउन कतै जानु पर्दैन, आफैंभित्र गहिरोसम्म नियाले पुग्छ । ध्यानद्वारा आफैंभित्र गहिरोमा नियाल्ने हो भने प्रत्येक मान्छेले भौतिक पदार्थको अनुभूति गर्छ, थरि थरिका संवेदनाहरू तत्क्षण उठ्छन्, तत्क्षण नष्ट हुन्छन्, मनमा विचार र धारणाहरू उठेको-लोप भएको देखिन्छ, लोभ, मोह, प्रेम, घृणाजस्ता मनोवृत्तिहरू पैदा भएको, गायब भएको भेटिन्छन्, चेतनाको पनि चाल पत्तो पाइन्छ, तर आत्मा नामको कुनै स्थायी र स्थिर कुरो भेटिन्न । मान्छेले आफू भनेर जे भेट्छ र जे सोच्छ, ती पाँचवटा स्कन्धहरूमध्ये कुनै एकमा पर्छन् । स्कन्धहरूभन्दा बाहिर र माथि आफू वा आत्माको कुनै अस्तित्व भेटिन्न । त्यसैले जेलाई हामी आफू वा आत्मा भन्छौं, त्यो हरदम परिवर्तनशील स्कन्धहरूको कुल हो, त्यो स्कन्धहरूको कुल जम्माभन्दा बाहिरको र माथिको कुनै कुरा होइन ।

यसप्रकार बुद्ध स्कन्धहरूको कुल योगको रूपमा अस्वीकार गर्नुहुन्न, स्कन्धहरूको पछाडि र माथि स्थायी र अपरिवर्तनशील सत्ताका रूपमा आत्माको अस्तित्व छ भन्नेकुरा मात्र उहाँ अस्वीकार गर्नुहुन्छ । *(हेर्नुहोस्- आर पुलीगंड्लाको Buddhism Fundamentals of Indian Philosophy, न्यूयोर्क- १९७५, पृष्ठ-६५)* बुद्धको अनात्मवादको तात्पर्य यही हो ।

वस्तु संवेदना विचारभन्दा अलग्गै स्थायी र स्थिर स्वतन्त्र आत्माको अस्तित्व स्वीकार नगर्ने बुद्धको विचार उपनिषद्हरूको दवदवा चलेको बेला उथलपुथलकारी क्रान्तिकारी विचार थियो । यसले सृष्टिकर्ता ईश्वरको अवधारणालाई जरैमा बंचरो हान्ने काम गरेको थियो । कुनै परमात्माले वस्तुको वा भौतिक जगतको सृष्टि गरेको होइन, स्वतन्त्र, स्थायी आत्मा वा परमात्मा भन्ने कुरा नै संसारमा अस्तित्वमा छैन भन्ने बुद्धको धारणाले तत्कालीन समयमा दार्शनिक जगतमा भूईंचालो नै ल्याइदिएको हुनुपर्छ । ❑



# के यो युद्धविरामको बेला पनि माओवादीले चुरीफुरी नै गर्ने हो ?

- चन्द्रदेव नेपाली

अहिलेको युद्धविरामको बेला गत पटकको युद्धविरामको बेलामा झैं माओवादीले व्यापक चुरीफुरी पो गर्ने हुन् कि ?

उनीहरुले जनतालाई साथ लिनेभन्दा ज्यादा जनतालाई चिढाउने गतिविधि नै पो गर्ने हुन् कि ? फेरि जबरजस्ती चन्दा आतंक पो फैलाउने हुन् कि ? 'फेरि राजधानी घेर्ने', टाइपका हल्ला र योजनाहरु पो गरिने हुन् कि ?

वास्तवमा आमजनताका दिमागमा यस्ता प्रश्नहरु आज पैदाभएका छन् । माओवादीहरुप्रति सहानुभूति राख्ने जनताहरु सशंकित छन्, सत्तारुढ वर्गका मानिसहरु दाउ खोजिरहेछन् । उनीहरु चाहन्छन्- माओवादीले फेरि यस्तै खाले 'अलोकप्रिय भइने' उरन्ठेउला कामहरु गरोस् र माओवादीलाई पुनः वैचारिक प्रहार गर्न पाइयोस् । सहानुभूति राख्ने जनता चाहिरहेछ- माओवादीले बुद्धिमानीपूर्वक काम गरोस् र सबै वाम तथा प्रजातान्त्रिक शक्तिहरुलाई एकतावद्ध गरी मुलुकमा स्थायी शान्ति र प्रगतिको प्रकृया शुरु होस् । तर घरेलु प्रतिकृयावादी र साम्राज्यवादीहरु चाहिरहेछन्- माओवादी र अन्य वाम तथा प्रजातान्त्रिक शक्तिहरुसँग फूट बढोस् र मुलुक भाँडभैलोमा जाकिन पुगोस् । उनीहरु चाहिरहेछन्- माओवादी दरवारिया पुरुत्थानवादीहरुको बठ्याइँ र धूर्त्याइँको जालमा फसोस् र अलोकप्रिय होस् अनि अप्ठेरोमा पनि परोस् ।

वास्तवमा हाम्रो समाजमा विद्यमान यी फरक फरक चाहनाहरुवारे माओवादी नेतृत्वमात्र हैन, उसका तल्लो तहका सक्रिय कार्यकर्ताहरु पनि चनाखो नहुने हो भने फेरि यसपल्ट पनि माओवादीपंक्ति, हजारौंको संख्यामा ज्यान सर्मपण गरेर पनि देश र जनताको पक्षमा गम्भीर हुन नसकेको नै प्रमाणित हुनेछ । यसबाट सहानुभूतिशील जनता निराशिने र प्रतिकृयावादी तप्का हैसिने त छँदैछ, योभन्दा बढी माओवादीले एउटा राम्रो अवसर गुमाएको पनि ठहरिने छ । अलोकप्रिय नहुनु र प्रतिकृयावादीलाई निहुँ नदिनुमात्र पर्याप्त छैन, प्राप्त अवसरको सर्वोत्तम सदुपयोग गर्न सक्नु, त्यसलाई गुम्न नदिनु पनि जरुरी छ ।

यो कोणबाट सोच्ने हो भने माओवादी पंक्तिले जबर्जस्तीवाला पद्धति त्याग्नुपर्छ, चाहे त्यो चन्दा संकलनको मामलामा होस् वा सभामा मान्छे जुटाउने मामलामा नै किन नहोस्, वा आफ्नो पंक्तिमा जनतालाई आवद्ध गर्ने मामलामै किन नहोस् । जनताले राजीखुसीले दिएको दान वा योगदानमा टिक्ने संस्कृति यसले बसाल्नुपर्छ ।

माओवादीले आफूभित्रका अधकल्चा मान्छेहरुलाई उचित निर्देशन र उपयुक्त वैचारिक प्रशिक्षण नदिने हो भने 'माओवादी आए, घरका कुखुरा खाएर गए,' भन्ने खालको छाप यदाकदा दोहोरिरहेने छ, जसले माओवादीको समग्र पंक्ति र कालखण्डकै बद्नाम गर्नेछ ।

माओवादीले कतिपय गाउँहरुमा 'प्रतिकृयावादी सत्ताको दलाल' मानेका मान्छेहरु स्थानीय माओवादी कार्यकर्ताका व्यक्तिगत पूर्वाग्रह, लेनदेन र रिसइवीका आधारमा त्यस्तो मानिएका थुप्रै छन् । उनीहरुलाई घर वा गाउँ छाड्न वाध्य बनाएर माओवादीले अनावश्यक दुश्मनी मोलिरहनु उसैले दावी गरेको जननीति विरोधी कुरा हो ।

माओवादी नेतृत्वले बुझ्नु पर्ने कुरा के छ भने, उसको पार्टी पंक्तिका धेरै व्यक्तिहरु देशमा आमूल परिवर्तनको लागि ज्यानै दिन सजिलै तयार छन् । आफ्नो ज्यान जस्तो महत्वपूर्ण कुरा समर्पण गर्न तयार ती व्यक्तिहरुको विडम्वना के हो भने उनीहरु व्यवहारमा साना साना कुरामा अहंकार त्याग्न भने तयार छैनन् । ज्यान फाल्न तयार छन्, तर व्यवहारमा संकुचित हृदय फाल्न तयार छैनन्, अधीरता फाल्न तयार छैनन्, जनताप्रतिको रुखो व्यवहारशैली फाल्न तयार छैनन् । देश र अन्ततः संसारै परिवर्तन गर्न ज्यान फालेर हिंडेका यी मान्छेहरु आफूलाई परिमार्जन नगर्ने, जानकार नबनाउने र सौम्य नबनाउने हठ वा हचुवापन त्याग्न तयार छैनन् ।

यो विडम्वनाका विरुद्ध के माओवादी पंक्ति सचेत छ ? आजको जल्दोबल्दो प्रश्न हो यो ।

हो, माओवादीलाई मात्र हातखुट्टा बाँध्ने खाले एकतर्फी संभावित सरकारी आचारसंहिताहरु पनि बेठीक हुन् । यस्ता एकतर्फी व्यवहारहरुबारे माओवादी र आम जनतासमेत सचेत हुनैपर्छ, त्यस्ता व्यवहारहरुको भण्डाफोर र विरोध गर्नैपर्छ । तर माओवादी स्वयंमा कमजोरीहरु र त्रुटीहरु बढ्दै जाने हुन् भने अर्को पक्षका ज्यादतीहरुले समेत ओड र आड पाउने स्थिति पैदा हुने निश्चित छ । ❑❑

> आफ्नो ज्यान जस्तो महत्वपूर्ण कुरा समर्पण गर्न तयार ती व्यक्तिहरूको विडम्वना के हो भने उनीहरू व्यवहारमा साना साना कुरामा अहंकार त्याग्न भने तयार छैनन्



अग्निको कथाको
*एक दृश्य*

# कथादेश र अग्निको कथा

■ गोविन्द वर्तमान

प्रदर्शन र स्तरिय प्रदर्शनको अभाव भोगिरहेको नेपाली रंगमंचलाई उकास्न नाट्यकर्मीहरूको संस्था *आरोहण* पुनः क्रियाशील भएको छ । त्यसको ताजा प्रमाणको रूपमा *आरोहणले* नाटक र कथाहरूको मंचन प्रारम्भ गरेको छ । यही माघ २५ गते नाटक *अग्निको कथा* मंचन गरेर यसले सुषुप्त नाट्यजगतलाई ब्यूँझाइदिएको थियो भने फागुन १ गते *कथादेश* प्रस्तुत गरेर रंगमंचको क्षेत्रमा उज्यालो छर्ने काम गरेको छ ।

*अग्निको कथा* अभि सुवेदीद्वारा लिखित नाटक हो, जसमा पुस्तकको महत्ता र ज्ञानको अवस्थितिमाथि चिन्तन गरिएको छ । आरोहणका साधक सुनिल पोखरेलद्वारा निर्देशित त्यस नाटकमा जीवन र त्यसको सार्थकता, ज्ञान र त्यसको अवस्थिति, जीवन र विश्वासको सम्बन्धजस्ता गम्भीरतम विषयहरूमाथि विचार गर्ने काव्यात्मक प्रयास भएको छ । ०४६ सालमा सगरमाथामुनीको प्रसिद्ध गुम्बा थ्याङ्बोचेमा आगलागी हुँदा *त्यहाँको* पुस्तकालयका बौद्ध ग्रन्थहरू जलेर ज्ञानका स्रोतहरू नष्ट भएको दुःखद् घटनाको बीजलाई यस नाटकमा आख्यानको कलेवरमा अंकुरित गरिएको छ । नाटककार अभि सुवेदी स्वयंले पनि केही महिनाअगाडि पुस्तकहरू जलेको उत्तरदायित्व वहन गर्ने कष्ट झेल्नु परेको थियो । त्यही वैयक्तिक पीडाको विस्तृति र घनत्वलाई थ्याङ्बोचेको दुर्घटनासँग जोडेर नाटककारले त्यस पीडालाई व्यष्टिबाट समष्टिमा स्थानान्तरण गर्नुभएझैं लाग्छ । यसै गरी, यस नाटकलाई हेर्दा नाटककार अभि सुवेदीको दग्ध हृदयबाट अझै धुवाँ आइरहेको प्रतीत हुन्छ ।

नाटकको निष्कर्श केही अमूर्त र छरपष्टजस्तो लागे पनि समग्रमा यस नाटकले ज्ञानको औचित्यलाई जीवनको आनन्दमा खोज्ने प्रयत्न गरेको पाइन्छ । जीवन यात्रा हो र शब्दको महत्ता अपराजेय छ भन्ने सन्देश हामी नाटकका दृष्यहरूका विभिन्न क्षणहरूमा देख्न सक्छौं । दिनभरि हरीसँग उडेर थाकेको चराको अर्धमुदित आँखामा पनि शब्दहरू हुन्छन् भन्ने नाटकको सन्देशले नाटककारको ज्ञानप्रतिको प्रतिवद्धतालाई देखाउँछ । पुस्तक जल्नुको पीडालाई आहत भिक्षुको माध्यमबाट नाटककारले विस्मयशील हुँदै नेका छन्- *अब खरानीमा ज्ञानको सम्झना छरिएको छ ।* यो वक्तव्य पनि ज्ञानप्रतिको प्रतिवद्धताबाट निःसृत छ । यस किसिमको गम्भीर विषयमा आधारित नाटकलाई अत्यन्त आकर्षक ढंगले प्रस्तुत गर्नु निर्देशक सुनिल पोखरेलको रंगमंचीय प्रतिवद्धता र कलात्मक कौशलको पनि खुलस्त प्रमाण हो । यस नाटकमा भिक्षुणी पूर्णिमाको नेतृत्वदायी विचारले नाटकलाई दखल दिएको छ भने कविको भूमिकाले त्यसमा सौन्दर्य थपेको छ । पूर्णिमाको भूमिकामा निशा शर्माले गरेको अभिनयले *सहस्र सारसमा* गरेको अभिनयको संझना दिलाउँछ । फागुन ३ गतेदेखि यो नाटक बानेश्वरस्थित गुरूकूल परिसरको सम नाटकघरमा सार्वजनिक प्रदर्शन भएको थियो भने अब *कथादेशको* प्रदर्शन शुरू भएको छ ।

*आरोहणको* दोस्रो प्रस्तुति *कथादेश* अर्को त्यस्तो कलात्मक प्रक्षेपण हो, जसले नेपाली रंगमंचीय सुस्ततालाई अग्रगामी यात्राको निम्ति विशिष्ट ऊर्जा प्रदान गर्दछ । नेपाली रंगमंचका क्षेत्रमा एक शक्तिशाली निर्देशकका रूपमा चिनिंदै गरेका र वृहत संभावनाहरूसहितका नाट्यकर्मी अनुप बरालले *कथादेशलाई* निर्देशन गरेका छन् । तीनवटा कथाहरूको रंगमंचीय प्रस्तुति नाटक प्रस्तुतिभन्दा कम रोचक छैन । बरू कतिपय अर्थमा यो प्रस्तुति नाटकभन्दा बढी रोचक र दर्शनीय भएको छ । यस पटकको *कथादेशमा* अनुपले भारतीय कथाकारद्वय प्रेमचन्द र अमृता प्रीतमका कथाहरू *कात्रो* र *जंगली बुटी* तथा नेपालका युवा कथाकार महेश विक्रम शाहको कथा *चिहान* प्रस्तुत गरेका छन् ।

नेपालमा बहुपठित कथा *कात्रोको* मंचन हेर्दा निर्देशकले त्यसलाई नेपाली जमीनसँग नजिक तुल्याउन गरेको प्रयत्नले समेत दर्शकलाई मोहित पार्दछ । *कफनका* घिसू र माधव कथादेशमा घमाने र माधव भएका छन् । ती दुवैलाई नेपाली गाउँका ठेट नेपाली सार्कीका रूपमा हामी देख्छौं । तिनीहरूका भेषभूषा र हाउभाउहरूमा हामी भारतका चमारहरू होइन, नेपाली सार्कीहरूलाई



*पूर्णिमा निशा शर्मा*



*सुनिल पोखरेल*



*अनुप बराल*

आफ्ना दरिद्रताहरूसँग चिढिदै, कुण्ठित हुँदै र रिसाउँदै बाँचिरहेको देख्छौं । संवादमा समेत नेपालीपन ल्याउनु निर्देशक बरालको सीपमात्र होइन, नेपाली रंगमंचको स्वपहिचानको निम्ति उनमा रहेको प्रतिवद्धतासमेत हो ।

कथाहरूको मंचन कस्तो होला ? यस प्रश्नलाई साथमा लिएर थुप्रै दर्शकहरू हलभित्र पस्छन् । तर कथाका ओजस्वी पात्रहरू आफ्नो भूमिकाबाट रंगमंचमा तत्क्षण कथावाचकका रूपमा रूपान्तरित हुँदा दर्शकहरूको प्रश्नले उत्तर पाइसकेको हुन्छ । रंगमंचको समुचित प्रकाश व्यवस्था र सूत्रधारजस्तो लाग्ने गरी कथा वाचकको रूपमा पात्रहरूको तत्क्षण भूमिका परिवर्तनले मंचन गरिएको कथालाई नाटकीकरणका निम्ति मनग्य सघाएको देखिन्छ । *कात्रो*मात्र होइन, *जंगली बुटी* र *चिहान*का पात्रहरूको कथावाचकका रूपमा भूमिका परिवर्तनले पनि दर्शकलाई त्यही आनन्द आपूर्ति गर्दछ ।

**दर्शकहरूको मनोदशालाई सामाजिक न्यायसहितको शान्तिको पक्षमा तत्पर गराउने खालका कथाहरूको प्रस्तुतिलाई प्राथमिकता दिनु जरूरी छ, जसले रंगकर्मीहरूको समाजिक प्रतिवद्धता उजागर गर्दछ**

कथा *जंगली बुटी*मा मनबाट उम्किएको प्रेमलाई गीत र मिथकको सहाराले खोजी गर्ने नायिकाको मनोदशालाई रंगमंचमा हेर्दा त्यसलाई अमृता प्रीतमको विशिष्टतामात्र भन्नु न्यायसंगत हुँदैन । रंगमंचमा त्यसलाई दर्शकसम्म सम्प्रेषण हुने गरी ल्याउनमा निर्देशकको क्षमता पनि उत्तिकै जसभागी छ ।


*चिहान*को जेम्सले त्यस पात्रलाई कुनै नेपाली केटो होइन, बेलायती बृद्ध नै हो भन्ने स्तरको प्रभाव छोड्छ । पश्चिमी जगतको वृद्धावस्था हाम्रोतिरको भन्दा कष्टकर र एक्लोपनले आक्रान्त हुने यथार्थलाई यस कथाले राम्ररी देखाउँछ । मृत्युपछि आफ्नो लाशलाई थान्को लगाउन चिहानको बन्दोवस्त आफैंले गर्नुपर्ने त्यहाँको क्रूर प्रचलन र त्यस प्रचलनलाई थेग्न एउटा बूढोले अन्य बूढाहरूलाई मारेको कथा यसमा व्यक्त भएको छ । यस कथाभित्र जेम्स र उसको छिमेकी युवकका सम्बन्धहरूबाट कथाका क्षणहरू गतिमान भएका छन् ।

*कथादेश*मा अभिनय गर्ने कलाकारहरूको अभिनयको स्तरियता पनि उल्लेखनीय पक्ष हो । *कात्रो*का घमाने र माधव बनेका कलाकारहरू राजकुमार पुडासैनी र विभक्त लामिछाने दुवैले सशक्त अभिनय गरेका छन् । त्यसमा पनि राजकुमार पुडासैनीको अभिनय र कथावाचकमा रूपान्तरित भएर उनले गरेको वयानमा देखिने शव्दप्रवाह विशिष्ट छ । त्यस्तै, *चिहान*को जेम्स बनेका कलाकार सौगात मल्लको अभिनयको भंगिमा तथा जेम्सको युवा मित्र बनेका सुवास थापाको अभिनयमा देखिने फूर्तिलोपन पनि उत्तिकै आकर्षक छ । *जंगली बुटी*का नारी कलाकारहरू अरूणा कार्की र सरिता गिरिलाई पनि हामी प्रशंसा गर्न बाध्य हुन्छौं । समग्रतामा भन्दा तीनवटै कथामा अभियन गर्ने ती सबै कलाकारहरूको अभिनय कुनै पनि व्यावसायिक कलाकारको भन्दा कम स्तरिय छैन ।

कथा चयनका बारेमा चाहिं केही प्रश्नहरू उठाउन सकिन्छ । प्रेमचन्दको कथा *कात्रो* अत्यन्त स्वागतयोग्य छनौट हो भने अन्य दुई कथाहरू दुर्दशा भोगिरहेको नेपालका दर्शकहरूका लागि तुलनात्मक रूपमा त्यति सुहाउँदा कथाहरू होइनन् । अमृता प्रीतमको कथा नारी जातीको लैङ्गिक उत्थानका निम्ति सरोकार राख्ने कथा भनिहाल्न मुश्किल पर्छ । त्यो कथा सुन्दर छ, तर नेपालभित्रका सामाजिक कुरूपताहरूलाई सम्बोधन गर्ने खालको कथा यतिखेर बढी सान्दर्भिक हुन्थ्यो । भारतमै पनि समकालीन कथाकारहरूले लेखेका थुप्रै त्यस्ता कथाहरू छन्, जसलाई नेपाली समाजले पनि आफ्नो कथाको रूपमा निकटबाट हेर्न सक्थ्यो । त्यस्तै, कथाकार महेशविक्रम शाहका अझै राम्रा कथाहरू हामीले पढेका छौं । राष्ट्रले भोगिरहेको हिंसा र प्रतिहिंसाको मारबाट आक्रान्त नेपाली समाजका पाटाहरू देखिने कथा यतिबेला बढी आवश्यक छन् । दर्शकहरूको मनोदशालाई सामाजिक न्यायसहितको शान्तिको पक्षमा तत्पर गराउने खालका कथाहरूको प्रस्तुतिलाई प्राथमिकता दिनु जरूरी छ, जसले रंगकर्मीहरूको समाजिक प्रतिवद्धता पनि उजागर गर्दछ । आरोहणका प्रस्तुतिहरू रंगकर्मको विधागत र कलागत प्रतिवद्धताका दृष्टिले श्रेष्ठ सावित भए पनि न्यायचेत र सामाजिक प्रतिवद्धताका दृष्टिले मध्यम सावित हुन्छन् । तसर्थ आरोहणका निर्देशक तथा कलाकारहरूले विचारको यात्रा गर्न पनि तत्पर हुनु आवश्यक छ ।

अन्त्यमा सुनिल पोखरेल र अनुप बराल दुवैलाई हार्दिक धन्यवाद दिनु उचित हुनेछ । नेपाली रंगमंचका आगामी दिनहरूलाई अझ सुन्दर र सार्थक तुल्याउन ती दुईको भूमिका अझ घनिभूत हुनेछ भन्ने अपेक्षा गर्न सकिन्छ । ❑






चिहान*का जेम्स र उसको छिमेकी अर्थात् सौगात मल्ल (बायाँ) र सुवास थापा (दायाँ)*



# कछुवा

कृष्णज्वाला देवकोटा




रेटिएका गलाहरु
जब गाइरहेछन् विद्रोहको गीत
ऊ शीत देखेर भावुक हुन्छ रगतभन्दा

कुरुप लाग्छन् उसलाई प्रश्नहरु
किनकि तिनले उत्तर माग्छन्
र, उत्तर खोज्नुमा जोखिम छ

बन्द भएको घडी हेर्दै
पटक पटक सम्झाउँछ आफूलाई ऊ
भाइ, बिउँझनै पर्ने खास कुनै कारण छैन
सिपाहीहरुले थाहै नपाई
निन्द्रामै देख्न सकिन्छ असाध्य सुन्दर सपना

'सावधान' छ आजको बुद्धिजीवी
काठको घोडा भएर
'सुरक्षित' जिन्दगी बाँचिरहेको छ

समय फुस्किरहेको छ
उसका सिथिल मुठीबाट
ऊ आफ्नै भय र भ्रमको आवरणमा
कछुवा भएर बाँचिरहेको छ। ❑

(सुर्खेती स्रष्टाहरुको चिनारी र रचना विशेषांक)

रातोथुँगा
पूर्णाङ्क- ७
बजारमा
उपलब्ध
छ।

प्रकाशक
प्रगतिशील
लेखक संघ,
सुर्खेत


# झोला र सपनाहरु

■ के. एल. पीडित

चौध महिनाअघि
भनेको थिएँ मेरी आमालाई
चिहाइरहनु है स्वप्नशील नजरले क्षितिज हरदम
गुनगुनाइरहनु है उन्मुक्त लयले नयाँ नयाँ सरगम
उर्दी जारी छ यो शहरमा
र, बादशाहहरु बहुलाएका छन्
बस्, यत्ति भन्छु अहिले
एक वारको यो जुनीमा
सर्वाधिक प्रेम गरेको छु मैले
तिम्रा स्वप्नशील आँखाहरुलाई
तिम्रा उन्मुक्त भाकाहरुलाई
आमा, अलविदा !
फेरि भेट नहुनसक्छ।

चौध महिनाअघि
भनेको थिएँ पियारीलाई
साँचिराख्नु है आँखाभरि मेरा सपनाहरु
बाँधिराख्नु है भाकाभरि मेरा गीतहरु
मुठभेड जारी छ यो शहरमा
र, बन्दूकहरु बहुलाएका छन्



बस्, यति भन्छु अहिले
एक वारको यो जुनीमा
सर्वाधिक प्रेम गरेको छु मैले
मेरा सपनाहरुलाई
मेरा गीतहरुलाई
पियारी, अलबिदा !
फेरि भेट नहुनसक्छ।

चौध महिनाअघि
भनेको थिए मेरो कविलाई
लेखिरहनु है अविचल जूनका गीतहरु
गाइरहनु है अविश्रान्त उनका गीतहरु
कर्फ्यू जारी छ यो शहरमा
र, कानूनहरु बहुलाएका छन्
बस्, यति भन्छु अहिले
एक वारको यो जुनीमा
सर्वाधिक प्रेम गरेको छु मैले
जूनका गीतहरुलाई
उनका गीतहरुलाई
कवि, अलबिदा !
फेरि भेट नहुनसक्छ।

आज
धेरैपछि
फर्किएको छु सकुशल शहरमा
निस्लौट-निस्लौट छन् मान्छेहरु
र, सोधिरहेछन् मसँग
कि, चौध महिनाअघि
के बिराएको थिएँ मैले ?!
र, किन त्यसरी
बहुलाएका थिए यो शहरमा
बादशाहहरु
बन्दूकहरु
र, कानूनहरु ? !
मौन छु म
र, एकटकले पढिरहेछु
मेरी आमालाई
र, उनका स्वप्नशील आँखाहरुलाई
मेरी पियारीलाई
र, उनका युगीन भाकाहरुलाई
मेरो कविलाई
र, उसका जूनका गीतहरुलाई।

भनिदेऊ आमा बादशाहहरुलाई
भनिदेऊ पियारी मुर्कट्टाहरुलाई
भनिदेऊ कवि मूर्दाहरुलाई
कि,
जीवनभन्दा कैयौं गुणा
प्रिय हुन्छ झोला
कि
जीवनभन्दा कैयौं गुणा
सुन्दर हुन्छ सपना
चेतना होस् बादशाहहरुलाई
तिम्रा बन्दूकहरुले
कहिल्यै खोस्न सक्दैनन्
हाम्रा झोला र सपनाहरु ❑




# महिला आन्दोलनको स्रोत पुस्तक

**नेपाली** समाज अझै पनि पुरूषप्रधान मानसिकताबाट उँभो लाग्न सकेको छैन । महिलाहरू अवला हुन्, पुरूषको दाँजोमा उनीहरू आउन सक्तैनन् भन्ने धारणा अझै पनि मानिसहरूको दिमागको कण कणमा घुसेको छ । मानिसहरूबाट त्यो धारणा फाल्न अझै पनि महिलाहरूले ठूलो संघर्ष गर्नुपर्छ । महिलाहरू पनि पुरूषहरूभन्दा पछाडि छैनन्, उनीहरू पनि पुरूषको काँधमा काँध जोडेर अगाडि बढ्न सक्छन् भन्ने कुरा नेपालको इतिहास पल्टाउने हो भने प्रष्ट रूपमा देख्न सकिन्छ । देश संकटमा परेको बेलामा राज्य संचालन गर्न र प्रजातन्त्रको स्थापना गर्नको लागि नेपाली महिलाहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । यही कुरालाई अगाडि ल्याउने उद्देश्यले शिवमाया तुम्बाहाम्फेले एउटा पुस्तक लेख्नुभएको छ- *नेपालमा महिला आन्दोलन* ।

यो पुस्तकमा विशेष गरेर नेपालमा २००४ सालदेखि २०४६ सालसम्म महिलाहरूले गरेका आन्दोलनहरूको वर्णन गरिएको छ । २००४ सालमा, २००७ सालमा, २०१७ सालमा, २०२८ सालमा, २०३६ सालमा र २०४६ सालमा प्रजातन्त्रको लागि भएका विभिन्न आन्दोलनहरूमा नेपाली महिलाहरूले के कसरी आन्दोलनलाई साथ दिए भन्ने कुरा यस पुस्तकमा विस्तृत रूपमा व्याख्या गरिएको छ । यसका साथै यस पुस्तकमा महिलाहरूले आफ्नो वर्गको मुक्तिको लागि खोलेका महिला संगठनहरू र तिनले गरेका संघर्षहरूका बारेमा पनि उल्लेख गरिएको छ ।

यो पुस्तक ००४ सालदेखि २०४६ सालसम्मको महिला आन्दोलनमा केन्द्रित भएतापनि महिला आन्दोलनको पृष्ठभूमिको रूपमा लिच्छवी कालदेखि राजपरिवारका महिलाहरूले गरेको राज्य संचालन, महिला शिक्षाको विकासको लागि महिलाहरूले गरेका व्यक्तिगत प्रयासहरू, महिला आन्दोलनको शुरूवात आदिका बारेमा छोटकरी वर्णन गरिएको छ । त्यसका साथै यस पुस्तकमा युरोप, अमेरिका तथा एसियामा भएका महिला आन्दोलनको इतिहास तथा कसरी महिलाहरू समाजवादी आन्दोलनसम्म पुगे भन्ने कुरा पनि उल्लेख गरिएको छ ।

समग्रमा यो पुस्तक पढ्दा विश्वमा महिला मुक्तिको लागि महिलाहरूले गरेका आन्दोलनबारे साधारण जानकारी प्राप्त गर्न सकिन्छ र नेपालमा प्रजातन्त्रको लागि भएका आन्दोलनहरूमा महिलाहरूले खेलेको भूमिकाबारे विस्तृत जानकारी प्राप्त गर्न सकिन्छ । तर पनि यस पुस्तकमा केही खट्किएका कुराहरू पनि छन् । जस्तो : यो पुस्तकमा महिला आन्दोलनको भन्दा नेपालको राजनैतिक आन्दोलनको बारेमा बढी वर्णन गरिएको छ । पंचायतकालमा भूमिगत रूपमा काम गरेका महिलाहरूको नामावली दिइएकोमा एउटै पार्टीसँग सम्बन्धित महिलाहरूको मात्र दिइएको छ । त्यो पनि काठमाण्डौमा काम गर्ने महिलाहरूको नाम दिइएको छैन ।

यति हुँदाहुँदै पनि यो पुस्तकको प्रकाशनले नेपालमा महिला आन्दोलनको बारेमा जान्न चाहनेहरूको लागि ठूलो मद्दत पुऱ्याउँछ ।

❑ *मुक्ता श्रेष्ठ*




**शीघ्र बजारमा आउँदैछ ।**
आफ्नो प्रति सुरक्षित राख्नुहोला ।
**सम्पर्क फोन: ४२१६५७**


■ उल्लेख्य




**कम्प्युटरको बाघ**
विधा : बालकथा संग्रह
लेखक : विवश वस्ती
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.
पृष्ठ : २४
मूल्य : रु. १२/-



**आधा बाटो हिँडेपछि**
विधा : कथा संग्रह
लेखक : नवीन विभास
प्रकाशक : अतिरिक्त प्रकाशन, नेपाल
पृष्ठ : ७७+२३
मूल्य : रु. ३०/- व्यक्तिगत
मूल्य : रु. १००/- संस्थागत



**गजलसिद्धान्त र नेपाली जगलको इतिहास**
विधा : लेखहरुको संगालो
लेखक : टीकाराम उदासी
प्रकाशक : अतिरिक्त प्रकाशन नेपाल
पृष्ठ : ११४+१४
मूल्य : रु. १२०/- व्यक्तिगत
मूल्य : रु. २००/- संस्थागत




**परिवेश**
विधा : कविता संग्रह
लेखक : पृथ्वीबहादुर सिंह
प्रकाशक : श्रीमती प्रेमकुमारी सिंह
पृष्ठ : १५४+१४
मूल्य : रु. ५०/- व्यक्तिगत
मूल्य : रु. १५०/- संस्थागत




**संभावनाका मनहरू**
विधा : मुक्तक संग्रह
लेखक : मोहन दुवाल
प्रकाशक : जनमत प्रकाशन बनेपा- ७, काभ्रे
पृष्ठ : १००+३४
मूल्य : रु. ५०/- साधारण
मूल्य : रु. १००/- विशेष




**शान्तिको आत्मकथा**
विधा : बालकथा
लेखक : विजयराज आचार्य
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.
पृष्ठ : २०
मूल्य : रु. २५/-

**राष्ट्रपति** जर्ज बुशको नेतृत्वमा अमेरिकाले इराकमाथि जबर्जस्ती थोपर्न लागेको विनाशकारी युद्धविरूद्ध अहिले विश्वव्यापी रूपमा विशाल विरोध प्रदर्शनहरू भइरहेका छन् । लाखौंलाख जनताको सहभागितामा भइरहेका यस्तो युद्धविरोधी प्रदर्शनको घनत्व र विस्तार इतिहासमा पहिले कहिल्यै देखिएको थिएन ।

जर्ज बुशको देश अमेरिकामा दशौं लाखको जुलुस, उनका सहयोगीका रूपमा परिचित टोनी ब्लेयरको बेलायतमा बीसौं लाखको प्रदर्शन, अर्का चेला जोन होवार्डको अस्ट्रेलियामा पाँच-सात लाखको भीड र जापानदेखि क्यूबा, न्यूजील्याण्ड, मलेशिया, दक्षिण कोरिया, हंगकंग, इण्डोनेशिया, थाईल्याण्ड, नेपाल, भारत, इटाली, स्पेन, फ्रान्स, जर्मनीलगायत अधिकांश मुलुकहरूमा सडकमा निस्केका लाखौं मानिसहरूको लस्करले युद्धको विरोधमा तीव्र आक्रोश पोखेका छन् । फागुन ३ र ४ गते विश्वभरि एकसाथ भएका

> विश्वमा जताततै भैरहेको युद्धविरोधी प्रदर्शनकै क्रममा नेपालमा पनि भू. पू. गोरखा सैनिकहरूको संगठनले र दश वाम पार्टीहरूले छुट्टाछुट्टै विरोध प्रदर्शन गरे । दश वाम पार्टीहरूले अमेरिकी दुतावासमा ज्ञापनपत्र दिए भने उक्त वाम पार्टीहरूका जनवर्गीय संगठनहरूले काठमाण्डौ, रत्नपार्कमा जुलुस प्रदर्शन गरे ।




*श्रीलंकाको कोलम्बोमा जे.भि.पी. समर्थकहरु युद्धविरोधी प्रदर्शनमा भाग लिंदै*

नरसंहारकारी युद्धलाई अफगानिस्तानदेखि इराकसम्म गर्न थालिएको विस्तारको विरोधमा सडक-सडकमा पोखिएको युद्धविरोधी भावना ।

यसपालि देखिएको युद्धविरोधी जनप्रदर्शनको विश्वव्यापीकरणको प्रमुख विशेषता हो: पूंजीवादी विश्वव्यापीकरणलाई उल्टाउने चाहना, यी र यस्ता अरू युद्धहरू रोक्ने आकांक्षा र अर्को सुन्दर संसार श्रृजना गर्ने सपना । पूंजीवादी विश्वव्यापीकरणका नायकहरूद्वारा इराकको विशाल तेल भण्डार र एक ध्रुवीय विश्वमाथि आफ्नो एकछत्र राज गर्न सन् २००१ को सेप्टेम्बर ११ पछि अगाडि बढाइएको विश्वव्यापी युद्धको इराकी चरण युद्ध-संचालक अमेरिकी शासकहरू स्वयंका लागि पनि ठूलो चुनौती साबित भइरहेको छ, विशेषत: यही युद्धविरोधी जनप्रदर्शनको विश्वव्यापीकरणको कारणले ।

युद्ध-संचालक अमेरिकी शासकहरूका लागि ११ सेप्टेम्बरपछि थालिएको विश्वव्यापी युद्धमा आफ्नो ध्रुवमा रहेका सरकारहरूबीचको फूट

# जनआक्रोशको विश्वव्यापीकरण

## इराकविरूद्ध अमेरिकी युद्धको विरोधमा विश्वभरि प्रदर्शन

युद्धविरोधी प्रदर्शनहरूको ऐतिहासिक महत्वलाई मूल्यांकन गर्दै अमेरिकी सरकारसमर्थक 'न्यूयोर्क टाइम्स'ले पनि बाध्यतापूर्वक स्वीकारेको छ - 'यस ग्रहमा अझै पनि दुईवटा महाशक्ति छन्- एक अमेरिका, अर्को विश्व जनमत ।'

आधुनिक इतिहासमा भएका जनविरोधहरूमध्ये संभवत: सबैभन्दा ठूलो र ऐतिहासिक मानिएको यस युद्धविरोधी प्रदर्शनको क्रममा दुईवटा ध्रुव स्पष्ट रूपमा देखिएका छन् । एकातिर अमेरिका र उसको पछि पछि लाग्ने सरकारहरू र बहुराष्ट्रिय कम्पनीहरू, अर्कोतिर न्याय र शान्ति चाहने युद्धविरोधी जनताहरूको विशाल पंक्ति ।

अभूतपूर्व रूपमा विकसित भएको युद्धविरोधी लहरको क्रममा जनआक्रोशको व्यापक विस्तार र घनीभूत संघर्षको विश्वव्यापीकरण अमेरिकी युद्धका लागि अनौठो चुनौती भइरहेको छ । अमेरिका र अमेरिकी बहुराष्ट्रिय कम्पनीहरूको नेतृत्वमा भइरहेको पूंजीबादी अर्थतन्त्रको विश्वव्यापीकरणको विरोधमा चलिरहेको विश्वव्यापी जनविरोधकै विकसित अभिव्यक्ति हो- पूँजीवादी विश्वव्यापीकरणजन्य



बुस ➡
⬅ ब्लेयर

र आफ्नै भूमिमा युद्धको विरोधमा प्रकट भइरहेको जनअभिमत पनि युद्ध अभियानका लागि अर्को ठूलो समस्या भइरहेको छ । विगतमा अफगानिस्तानमाथि थोपरिएको युद्धको क्रममा आफ्नो पक्षमा लागेका फ्रान्स, जर्मनी, रूस, बेल्जियम, चीन र अरब राष्ट्रहरू नै इराकविरूद्ध सैनिक आक्रमणको विपक्षमा उभिएका छन् । ती राष्ट्रहरूले संयुक्त राष्ट्र संघको मातहतमा चलिरहेको इराकी नरसंहारकारी हतियारको खोजको अवधि बढाउनुपर्ने र त्यस खोजमा इराकबाट बाधा-अड्चन भएमामात्रै राष्ट्र संघमार्फत् नै अन्तिम विकल्पको रूपमा युद्धको विकल्प रोज्नुपर्ने माग गर्दैआइरहेका छन् ।

युद्धपिपाशु अमेरिका र युद्धविरोधी विश्व जनमतको मध्यभागमा रहेका ती राष्ट्रहरूको मेरूदण्डविहीनजस्तो देखिने विरोधको आवाज र चिप्लेकीराको जस्तो क्रियाशीलता पनि अमेरिकाको युद्ध अभियानका सहयोगी हुने संयुक्त राष्ट्र संघ, त्यसको सुरक्षा परिषद्, युरोपेली संघ र उत्तर एटलान्टिक सन्धि संगठन(नेटो)जस्ता आफ्नै सैनिक संगठनमा पनि विभाजन र

फूटजन्य टक्करका लागि सकारात्मक कारक भइरहेका छन् । राष्ट्र संघीय सुरक्षा परिषद्मा भिटो प्रयोग गर्ने शक्ति र अधिकार भएका रूस, चीन र फ्रान्सले इराकमा शस्त्र निरीक्षकहरूको काम जारी राख्ने पक्षमा र तत्काल युद्ध गरिहाल्ने अमेरिकी प्रस्तावको विपक्षमा लिइरहेको अडान एकध्रुवीय साम्राज्यमाथि हालीमुहाली गर्न आतुर अमेरिकाका लागि ठूलो व्यवधान भइरहेको छ । त्यस्तै, नेटोभित्र बहसमा टर्कीबाट इराकविरूद्ध उत्तरी सैनिक मोर्चा खोल्ने अमेरिकी प्रस्तावमाथि फ्रान्स, जर्मनी र बेल्जियमजस्ता आफ्नै पक्षधरहरूले भिटो प्रयोग गरेपछि उसका लागि निक्कै अप्ठ्यारो स्थिति श्रृजना भइरहेको छ । नेटोका सदस्य राष्ट्रहरूले एक अर्काको सुरक्षाका लागि जनाइराखेको प्रतिबद्धतालाई उपयोग गरी अमेरिकाद्वारा टर्कीको सुरक्षाको नाममा राखिएको प्रस्तावमाथि भिटो लाग्नु भनेको उसका लागि ठूलो ब्रेक हो । नेटोको इतिहासमा पहिलो पटक प्रयोग भएको भिटोले अमेरिका तथा फ्रान्स, जर्मनी र बेल्जियमबीचको पूँजीवादी स्वार्थजन्य अन्तरविरोधलाई केही हदसम्म शत्रुतापूर्ण टक्करको रूपमा बढाइदिएको छ, जुन पूँजीवाद र युद्धविरोधी विश्व जनमतका लागि सुखद् पक्ष हो ।





**अभूतपूर्व रूपमा विकसित भएको युद्धविरोधी लहरको क्रममा जनआक्रोशको व्यापक विस्तार र घनीभूत संघर्षको विश्वव्यापीकरण अमेरिकी युद्धका लागि अनौठो चुनौती भइरहेको छ**

*अष्ट्रेलियामा भएको प्रदर्शनमा प्रधानमन्त्री जोन हवार्डलाई अमेरिकी राष्ट्रपति बुसले डोऱ्याएको कुकुरको रुपमा चित्रित गरिएको पुत्ला*

संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्, युरोपेली संघ र नेटोभित्र चलिरहेको आन्तरिक टक्कर तथा विश्व जनमतको आक्रोशपूर्ण युद्धविरोधी प्रदर्शनले तत्काललाई अमेरिका र बेलायतको नरसंहारकारी युद्ध-अभियानलाई झ्याप्पै ब्रेक हान्नचाहिँ गाह्रो नै हुनसक्छ । किनकि, राष्ट्र संघ र सुरक्षा परिषद्लाई 'बाइपास' गरेर भए पनि इराकमाथि युद्ध थोपरेरै छाड्नका लागि लाखौं सैनिकहरू, बमवर्षक युद्धक विमानहरू र मिसाइलसहितका पानी जहाजहरू खाडी क्षेत्रमा तैनाथ गरिसकेको अमेरिका आफ्नो पक्तिमा भएको फूट, टक्कर र विरोधका बावजूद झन्झन् आक्रामक हुँदैगइरहेको छ ।

र, युद्धका लागि जम्जमाउँदै रहेको अमेरिकाको युद्ध अभियान कुनै पनि बेला आफ्नो घोषित लक्ष्यअनुरूप इराकी राष्ट्रपति सद्दाम हुसेनको हत्या वा सत्ताहरण वा इराकमाथिको भीषण सैन्य आक्रमणको रूपमा अभिव्यक्त भएमा कोही पनि आश्चर्यचकित हुनुपर्दैन । ज्ञातव्य छ, अमेरिकाको युद्ध अभियानको बृहत् योजना सद्दामको हत्या वा सत्ताहरणमा मात्रै सीमित छैन, सैनिक आक्रमणको सफलतापछि इराकमा 'प्रजातन्त्र र स्थिरताको पुनर्स्थापना'का लागि अमेरिकी सैनिक जनरल टमी फ्रेन्कको नेतृत्वमा अन्तरिम प्रशासन गठन गर्ने गृहकार्य गम्भीर रूपले अगाडि बढ्दैछ । दोस्रो विश्वयुद्धपछि जनरल म्याक्कार्थरको नेतृत्वमा जापानको प्रशासन चलाइएजस्तै इराकी सत्तामाथि पनि प्रत्यक्ष नियन्त्रण कायम गरी आफ्नो प्रत्यक्ष नवउपनिवेश खडा गर्ने अमेरिकी युद्ध अभियानको पछाडि कति डरलाग्दो विश्वव्यापी प्रभुत्वको गुरूयोजना लुकिरहेको छ भन्ने कुरा अनुमान गर्न धेरैलाई गाह्रो हुनसक्छ ।

यहाँ ध्यान दिनयोग्य पक्ष के हो भने अमेरिकाका शासकहरूको लक्ष्य इराकको विशाल तेल भण्डार लुट्ने स्वार्थ वरिपरिमात्रै सीमित छैन । उनीहरू वास्तवमा एकध्रुवीय विश्वमाथि एकछत्र प्रभुत्व कायम गर्न आफ्नो सैन्य शक्तिको खुला, सिधा र एक्लै प्रयोग गर्न चाहन्छन्, अफगानिस्तानमा भन्दा उन्नत स्तरमा । इराकको अग्निपरीक्षामा सफल हुनासाथ उनीहरूले अविलम्ब उत्तर कोरिया, इरान, सिरिया, नेपाल, पाकिस्तान, सुडान, केन्या, जिम्बाब्वे, भेनेजुयला, क्यूबा वा कोलम्बियाजस्ता देशहरूमा कुनै पनि निहुँमा यस्तै सैन्य आक्रमण गर्ने सम्भावना प्रबल छ । त्यसैले इराकमाथि थोपरिने अन्यायपूर्ण नरसंहारकारी युद्ध विश्वभरिका युद्धविरोधीहरूका लागि पनि एउटा अग्निपरीक्षा हो- बाख्रोरूपी इराकी जनता पनि मर्न नदिने र बाघरूपी अमेरिकी साम्राज्यवादलाई पनि पल्किन नदिने अग्निपरीक्षा !

❑ *राजेन्द्र महर्जन*


फागुन ७ गते ५३ औं
प्रजातन्त्र दिवसको
उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्ग
तथा देशवासीहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

नेपाल आयल निगम लि.
परिवार



# घनश्याम भुसालको 'नेपालको अर्थ-राजनीति' सँग सम्बन्धित केही कुरा

गंगाप्रसाद चौधरी

**घनश्याम भुसाल**द्वारा लिखित र 'नेपाल अध्ययन केन्द्र'द्वारा प्रकाशित 'नेपालको अर्थ-राजनीति : संकटको पुनरूत्पादन र रूपान्तरणको दिशा' नाउँको पुस्तक अध्ययनपश्चात् र त्यस पुस्तकबारेमा *मूल्यांकन* मासिकको पूर्णाङ्क-१०४ मा खगेन्द्र प्रसाईंले गर्नुभएको टिप्पणी- "...पुस्तक मूलतः मार्क्सवादी सिद्धान्त र विधामा आधारित छ ।..." प्रति असहमति जाहेर गर्दै केही कुरा उल्लेख गर्न चाहन्छु ।

हाम्रा अधिकांश नेताहरूले आ-आफ्ना कार्यकर्ताहरूलाई नेपाली समाजको चरित्र मूलतः अर्धसामन्ती र अर्धऔपनिवेशिक रहेको तथ्यगत कुरालाई बेसी घोकाउने काममात्र गर्दैआइरहेका छन् । यही कारण कार्यकर्ताहरूले पनि नेपाली समाजको यस चारित्रक सूत्रलाई घोक्ने काममात्र गरी कर्तव्य पुरा गरेको ठानिरहेका छन् । सुगा रटाइ शैलीमा यस सूत्रलाई कार्यकर्ताहरूले पाठ त गर्न सक्छन्, तर उनीहरूसित नेपाली समाजको चरित्रसम्बन्धी द्वन्दात्मक अन्तर्सम्बन्ध र ऐतिहासिक विकासक्रमका दौरानमा विकसित भएका अर्ध सामन्ती र अर्ध औपनिवेशिक चरित्रमा आधारभूत सामाजिक-आर्थिक आधारहरू बारेमा जानकारीको अभावका कारण मार्क्सवादसम्मत जवाफको अभावलाई टड्कारो महशूस गर्न सकिन्छ । यस्ता किसिमका समस्याहरू, मूलतः कम्युनिष्ट आन्दोलनमा व्याप्त संशोधनवादका कारण देखापर्छन् । किनकि हाम्रो आन्दोलनको अधिकांश समयावधि संशोधनवाद (अवसरवाद)ले आच्छादित रहेको देखिन्छ ।

नेपाली कम्युनिष्ट आन्दोलनमा संस्थापक महासचिव पुष्पलालद्वारा लिखित/संकलित रचनाहरू र डा. बाबुराम भट्टराईद्वारा लिखित 'राजनीतिक अर्थशास्त्रको आँखीभ्यालबाट' लगायतका सम्बन्धित पुस्तकहरूले मार्क्सवादसम्मत सिद्धान्त र विधिको प्रतिनिधित्व गरे पनि, हाम्रो वैज्ञानिक समाजवादी आन्दोलनमा व्याप्त अवसरवादले आफ्नै जगमा निर्मित बौद्धिक अस्तित्ववादका कारण यसलाई प्रकृतिगत कारणले पनि स्वीकार्न सक्दैन । वास्तविक रूपमा उल्लेख गर्नुपर्दा घनश्याम भुसालद्वारा लिखित 'नेपालको अर्थ-राजनीति' पुस्तकले बौद्धिक अस्तित्ववादको सचेत प्रतिनिधित्व गरेको देखिन्छ । बौद्धिक अस्तित्ववादको जगमा लेखकले मार्क्सवादी शब्दावलीको भरपूर प्रयोगको माध्यमबाट मार्क्सवादका संघटक अंगहरू (दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद)माथि, नेपाली समाजको चरित्र विश्लेषणको आडमा सख्त प्रहार गर्ने कसरी भगीरथ प्रयत्न गरेका छन्, त्यस सम्बन्धमा छोटो चर्चा गर्नु सान्दर्भिक र अत्यन्त जरूरी भएको छ ।

कुनै पनि पुस्तक मार्क्सवादी सिद्धान्त र विधिमा आधारित छ वा छैन भन्ने सम्बन्धमा ठोकुवा गर्नुभन्दा अगाडि त्यो रचनाले मार्क्सवादका संघटक अंगहरूसँग कतिको तादम्यता कायम गर्न सकेको छ भन्ने कुराको जाँचबुझ गर्नु उत्तिकै जरूरी हुन्छ । मार्क्सवादका तीन संघटक अंगहरू- द्वन्दात्मक र ऐतिहासिक भौतिकवाद, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको आधारमा प्रस्तुत पुस्तकको जाँचबुझ गर्दा निम्न निश्कर्षमा पुग्न सकिन्छ ।

(क) " 'कम्युनिष्ट पार्टीको घोषणा-पत्र'को नेपाली अनुवाद नै सामाजिक अध्ययनको प्रथम कृति हुनुले नै के कुरा पुष्टि गर्दछ भने त्यसबेलासम्म सामाजिक अध्ययनको गैर-मार्क्सवादी साहित्य पनि थिएन ।"... *(पे. नं. ३)*

"कम्युनिष्ट पार्टीको घोषणा-पत्रको समीक्षात्मकभन्दा अनुकरणात्मक आग्रहले गर्दा मार्क्सकै समयमा विश्लेषण गरिएजस्तै जुनसुकै प्रकारको पूंजी औद्योगिक पूंजी हुन्छ भन्ने प्रभाव पुष्पलालमा पनि पर्याप्त देखिन्छ..." *(पे. नं. ६८)*

लेखकको उपरोक्त बौद्धिक निर्ष्यौल र आग्रहले सामाजिक अध्ययनसम्बन्धी उनको सतही र छिपछिपे अध्ययनको स्तरलाई राम्रोसित छर्लङ्याइदिएको छ । सामाजिक अध्ययनसम्बन्धी उनको यस्तो संकुचित धारणाले मार्क्सवादको ऐतिहासिक र सामाजिक भौतिकवादी मान्यताको बृहत् वैज्ञानिक दायरालाई न्यूनीकरण गर्ने धृष्टता गरेको देखिन्छ । अब प्रश्न उठ्न किन र कसरी भन्ने ?

> *वास्तविक रूपमा उल्लेख गर्नुपर्दा घनश्याम भूसालद्वारा लिखित 'नेपालको अर्थ-राजनीति' पुस्तकले बौद्धिक अस्तित्ववादको सचेत प्रतिनिधित्व गरेको देखिन्छ*

लेखक घनश्याम भुसालले कम्युनिष्ट पार्टीको घोषणापत्रको अनुवादलाई नै नेपालको सामाजिक अध्ययनको पहिलो कृति भन्नुभएको छ । मेरो प्रश्न छ- के नेपालको सामाजिक अध्ययनको पहिलो कृति 'कम्युनिष्ट पार्टीको घोषणा-पत्र'मात्र हो ? के २००६ सालसम्म सामाजिक अध्ययनको गैरमार्क्सवादी साहित्य पनि थिएन ? के सामाजिक अध्ययन भनेको 'कम्युनिष्ट' नामका पुस्तकहरूमा मात्र हुन्छ ? के सामाजिक अध्ययन भनेको सामाजिक संघर्ष र सामाजिक व्यवहारमा अभिव्यक्त भएको हुँदैन ? सामाजिक संघर्ष र सामाजिक व्यवहारविनाको सामाजिक अध्ययन अपाङ्ग हुन्छ कि हुँदैन ? माथिका यी सामाजिक अध्ययनसँग सम्बन्धित प्रश्नहरूको परिधिभित्र लेखकको उपरोक्त सामाजिक अध्ययनसम्बन्धी धारणाहरूले कतै ठाउँ पाएको देखिँदैन । यसकारण उनको सामाजिक अध्ययन सम्बन्धी धारणा सतही र एकाग्री खालको हुन गएको देखिन्छ ।

वास्तविकता के हो भने मार्क्सवादको प्रादूर्भावमा- हेगेल र फायरवाखको दर्शन, आडम स्मिथ र डेविड रिकार्डोको राजनीतिक अर्थशास्त्र, सेन्ट साइमन, फूरिमे र रबर्ट ओवेनको काल्पनिक समाजवादको विश्लेषणको भूमिकाका साथै ईसापूर्व ५३५ देखि ईसापूर्व ३७० सम्ममा द्वैतवादी ग्रीक दार्शनिकहरूको प्रारम्भिक र आधारभूत योगदान रहेको कुरालाई आत्मसात गर्नु उत्तिकै जरूरी छ । एकसेएक प्रख्यात मार्क्सवादी टीकाकारहरू मार्क्सवादी विज्ञानको जन्ममा ग्रीक दर्शनको द्वैतवादी र प्रारम्भिक भूमिकालाई उपेक्षा गर्ने गर्छन् । उनीहरू यो कुरा पटक्कै बिर्सन्छन् कि कार्लमार्क्सले सन् १८४१ ई. मा पी.एच.डी.को लागि निबन्ध लेख्नु हुँदा आफ्नो निबन्ध (Thesis) को विषय- 'देमोक्रितीय र एपीकुरीय दर्शनको स्वाभाविक भेद'लाई छान्नुभएको थियो । जुन मार्क्सवादी दर्शनको प्रादुर्भाव र विकासको दायरा नै यति फराकिलो र विशाल छ, त्यस दर्शनको आधारमा गरिने नेपाली समाजको अधययनको दायरा यतिको संकुचित, सतही र छिपछिपे कसरी हुनसक्छ ?

सुब्बा कृष्णलाल अधिकारीदेखि लखन थापाका विद्रोहसम्बन्धी ऐतिहासिक घटना-परिघटनासम्बन्धी रचनाहरू (मकैको खेती...आदि)देखि आदर्शवादी

साहित्यकार भानुभक्त, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौडेल र आध्यात्मवादी चिन्तक नयराज पन्तहरूका 'गैरमार्क्सवादी' रचनाहरूका समालोचनात्मक अध्ययन, विश्लेषणविना नेपाली समाजको अध्ययनसम्बन्धी निचोड प्रस्तुत गर्नु उत्तिकै हास्यास्पद र हचुवा निष्कर्षबाहेक अरू केही हुन सक्दैन । नेपालको मात्र होइन, विश्वको कुनै पनि भागको मानव समाजको प्रारम्भिक आदिम अवस्थामा, जुन बेला दर्शनको प्रादुर्भाव नै भएको थिएन, त्यस आदिमकाल (ईसापूर्व १०००- ईसापूर्व ३००० वा त्यसभन्दा पनि अघि)मा उनीहरूबीचका सामाजिक-आर्थिक अन्तरसम्बन्धलाई त्यसबेलामा कवि, साहित्यकार (ऋषिमुनि)हरूले रचना...आदि विभिन्न माध्यमबाट तात्कालीन समाजको सत्तापक्षीय यथास्थितिवादी मान्यतामाथि ठूलो आलोचनात्मक प्रश्न उठाएर समाजिक ज्ञानको प्रारम्भिक जग बसाउने महत्वपूर्ण काम गरेका थिए, जसलाई उपेक्षा गर्नु ठूलो अज्ञानताबाहेक अरू केही हुन सक्दैन ।

त्यसमा पनि मार्क्सवादको जन्म नै सापेक्षमा मानव जातिले ऐतिहासिक विकासक्रमका दौरानमा अहिलेसम्म सिर्जना गरेका विविध प्राकृतिक, सामाजिक, आर्थिक सम्पदाहरूको ज्ञानलाई पचाएर भएको कुरालाई आत्मसात गर्नु पनि उत्तिकै जरूरी छ । यस सम्बन्धमा लेनिनको सारगर्भित भनाइलाई आत्मसात गर्न लायक देखिन्छ । 'तपाईं एउटा कम्युनिष्ट तबमात्र बन्न सक्नुहुन्छ, जब तपाईंले आफ्नो मस्तिष्कलाई मानव जातिले सिर्जना गरेका सबै सम्पदाहरूको ज्ञानले सम्वृद्ध पार्न सक्नुहुन्छ ।' -लेनिन ।

यसरी मार्क्सवादी सिद्धान्तमा सामाजिक अध्ययनसम्बन्धी यति फराकिलो ऐतिहासिक, सामाजिक, आर्थिक, परिधि हुँदाहुँदै नेपाली समाजमा २००६ सम्मका ऐतिहासिक ज्ञानको सामाजिक (वैज्ञानिक) दायरालाई 'कम्युनिष्ट पार्टीको घोषणा-पत्र'को नेपाली अनुवादमा मात्र सीमित गर्नु र अर्कोतिर लेखकले त्यसको दोष पुष्पलालमाथि वा अन्य कुनै व्यक्तिमाथि थोपर्नुले उनमा व्याप्त अवसरवाद ह्वात्तै बाहिर आएको देखिन्छ । कुनै अवसर वा प्रसंगमा एउटै कुरा आफूले गर्दा ठीक र आफूले गरेको त्यही कुराको आडमा अर्को भिन्न अवसर वा प्रसंगमा अरूमाथि आरोप थोपर्नुलाई अवसरवाद भन्न सकिन्छ ।

यसरी पुष्पलालका कृतिहरूलाई ऐतिहासिकता र द्वन्दात्मकताका आधारमा हेर्नुको साटो अधिभूतवाद (यान्त्रिकता)का आधारमा हेर्नु, नेपाली समाजमा ऐतिहासिक विरासतरूपी सामाजिक ज्ञानलाई ऐतिहासिक भौतिकवादका आधारमा संश्लेषण गर्नुपर्नेमा त्यसो गर्न नसकी घोषणा-पत्रका आधारमा गर्नु र सामाजिक अध्ययनको प्रचलित धारा र फरक धाराको रूपमा फलानो फलानो भनेर व्यक्तिकरण गर्न खोज्नुले के कुरा प्रष्ट छ भने लेखकको कृतिको दार्शनिक आधार- द्वन्दात्मक र ऐतिहासिक भौतिकवाद होइन- अधिभूतवाद र ऐतिहासिक- आर्दशवाद भएको छ । ❑


फागुनदेखि वैशाखसम्मको समय हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई, लाइटर, मट्टितेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराख्ने, केटाकेटीहरूलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरूबारे संझाईबुझाई गर्ने र यस्ता कुराहरूबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं ।

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग



## मकालु यातायात

फोन नं. २७७५५२

| जाने स्थान | छुट्ने समय |
|---|---|
| काठमाण्डौ - काकडभिट्टा- | बिहान ५:०० बजे |
| काठमाण्डौ - भद्रपुर- | विहान ५:१० बजे |
| काठमाण्डौ - उर्लाबारी-मधुमल्ला- | विहान ५:२० बजे |
| काठमाण्डौ - विराटनगर- | विहान ५:४५ बजे |
| काठमाण्डौ - राजविराज- | बिहान ६:०० बजे |
| काठमाण्डौ - सिरहा-माडर- | विहान ६:१५ बजे |
| काठमाण्डौ - मलंगवा- | बिहान ६:३० बजे |
| काठमाण्डौ - विराटनगर दोस्रो- | विहान ६:४५ बजे |
| काठमाण्डौ - धरान- | बिहान ७:०० बजे |
| काठमाण्डौ - जनकपुर- | बिहान ७:२० बजे |
| काठमाण्डौ - गौर- | बिहान ७:४० बजे |
| काठमाण्डौ - विरगंज- | विहान ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| काठमाण्डौ - कलैया- | बिहान ८:०० र १०:१५ बजे |
| काठमाण्डौ - बरहथवा- | बिहान ८:३० बजे |
| काठमाण्डौ - भरतपुर- | बिहान ८:३०, ९:१५ र ११:४५ बजे |
| काठमाण्डौ - गितानगर- | दिउँसा १:३० बजे |
| काठमाण्डौ - पर्साढाप-मेघौली- | दिउँसो १:५५ बजे |
| काठमाण्डौ - नारायणगढ-विशालचोक- | दिउँसो २:२० बजे |
| काठमाण्डौ - विरगंज रात्री- | बेलुका ८:१५ बजे |

आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !



**Heartiest Felicitations**





on the Auspicious Occasion of

**Her Majesty Queen**

**Komal Rajya Laxmi Devi Shah's**

53rd Birthday,

we pray for Her Majesty's long & happy life.

**NABIL BANK LTD.**

'Nabil House' Kamaladi,
P.O.BOx : 3729. Kathmandu, Nepal
Cable : NABIL, KATHMANDU

Your Bank at Your Service

# ब्रिटिश गोरखाको पक्षमा लण्डनको शाही अदालतको फैसला



गोरखा पू.पू. सैनिक संघका सभापति पदमबहादुर गुरुङ

## नाता कायम भयो, अब अंश खोज्न धेरै सजिलो हुन्छ

**२०५९ साल फागुन** ९ गते (फरवरी २१, २००३)का दिन लण्डनस्थित शाही उच्च अदालतका न्यायाधीश जेर्मी सुलिभानले ब्रिटिश गोरखाहरूमाथि बेलायत सरकारले गर्दै आएको भेदभावविरूद्ध फैसला गर्नुभएको छ । सन् १९४७, नोभेम्बर ९ मा भएको त्रिपक्षीय सम्झौताको अनुसूची-२ मा ७ नोभेम्बर, १९४७ मा ब्रिटेन र भारतबीच भएको द्विपक्षीय सम्झौताको एक बुँदा बेलायती सेनामा रहने गोर्खा ब्रिगेडका सैनिकहरूलाई प्रदान गरिने तलब, भत्ता भारतीय पे कोडअनुसार हुने भन्ने आपत्तिजनक व्यवस्था छ । त्यही बुँदाअन्तर्गत गोर्खा सैनिकहरूमाथि भेद्भाव हुँदै आएको छ । बेलायत सरकारले बेलायती सैनिकहरू र गोर्खाली सैनिकहरूबीच वर्षौंदेखि तलब, पेन्सन, सुविधा आदिमा भेदभाव गर्दैआएको थियो । यी भेदभावको विरूद्ध गोरखा भूतपूर्व सैनिक संघले २०५९ साल वैशाख २५ गते (मे ८, २००२)मा लण्डनस्थित शाही उच्च अदालतमा मुद्दा दायर गरेको थियो । त्यस मुद्दामाथि चार दिनसम्म चलेको सुनवाइपछि फागुन ९ गते स्थानीय समयअनुसार दिउँसो ३:३० बजे न्यायाधीशले सो निर्णय दिएका थिए ।

उक्त फैसलाअनुसार अबदेखि सन् १९४७ को सम्झौताको आधारमा ब्रिटिश गोरखा र ब्रिटिश सैनिकहरूबीच भेदभाव गर्न नपाइने, १९४७ देखि कायम भएका नियमहरूलाई बदर गरी समानताको सिद्धान्तको आधारमा ब्रिटिश सैनिकहरूसरह गोरखा सैनिकहरूलाई व्यवहार गर्नुपर्ने, ब्रिटिश गोरखाहरूलाई पनि ब्रिटिश सैनिकहरूसरह खाना, आवास, भत्ताको व्यवस्था गर्नु पर्ने, ब्रिटिश सैनिकहरूले जस्तै गोरखा सैनिकहरूले पनि आफ्नो परिवारलाई आफूसँग राख्न पाउने, ब्रिटिश गोरखाहरूका छोरा-छोरीहरूलाई पनि ब्रिटिश सैनिकहरूका छोरा-छोरीहरूसरह शिक्षाको व्यवस्था गर्नुपर्ने आदि अधिकार प्रदान गरिने भएको छ ।

तलब र निवृत्तिभरणको सम्बन्धमा ब्रिटिश गोरखाहरू आफ्नो सेवा समाप्त भएपछि आफ्नै देश नेपाल फर्कने भएकाले सेवामा रहेका बखत उनीहरूले खाईपाई आएको तलब, भत्ता जोडेर जसरी भए पनि ब्रिटिश सैनिकसरह समान पारिश्रमिक दिने कार्य भइरहेकोले त्यसमा थप व्याख्या गरिरहनु नपर्ने उल्लेख गरिएको छ । यसैगरी ब्रिटिश गोरखाहरूलाई हाल दिइँदै आएको निवृत्तिभरण के-कति कारणले उचित या अनुचित छ भन्ने विषयमा थप अध्ययन र विश्लेषण आवश्यक भएको उल्लेख गरिएको छ । र, हाल खाईपाई आएको ब्रिटिश गोरखाको पेन्सन उचित छ भन्ने रक्षा मन्त्रालयको दावीप्रति नेपाल सरकारको पनि सहमति देखिएकोले यस्तो सम्वेदनशील विषयमा गो.भू.पू.सैनिक संघ र विपक्षी रक्षा मन्त्रालयले परस्पर वार्ता गरी समस्या समाधान गर्नु उपयुक्त हुने भन्ने ठहर पनि सो अदालतले सुनाएको छ ।

लण्डनको शाही अदालतले गरेको यो फैसलालाई गो.भू.पू.सैनिक संघले ठूलो ऐतिहासिक विजय भएको ठानेको छ । संघका सभापति पद्मबहादुर गुरूङ्गले यो विजयप्रति आफ्नो विचार यसरी प्रस्तुत गर्नुभएको छ- "यो फैसलाले हालसम्म गोरखाहरूमाथि विभिन्न भेद्भावहरू गर्ने मूल आधारका रूपमा रहेको त्रिपक्षीय सम्झौता गैरकानूनी र असान्दर्भिक भएको घोषणा हुनु नै हाम्रो पहिलो सबैभन्दा ठूलो उपलब्धि हो । अब त्रिपक्षीय सम्झौतालाई हटाएर हरेक कुरामा गोरखाहरूलाई बृटिससरह समान व्यवहार गर्न बेलायत सरकार बाध्य भएको छ । हाम्रो पहिलो लडाइँ प्रतिशतका लागि नभएर हैसियतका लागि थियो । त्यो पूरा भएको छ । प्रतिशतको लडाइँ त अबमात्र शुरू हुन्छ । नाता कायम भइसकेपछि अब अंश खोज्न धेरै सजिलो हुन्छ ।"

यसैबीच बेलायती राजदूतावासले विज्ञप्ती जारी गरी सो मुद्दा खारेज भएको उल्लेख गरेको छ । यसबारेमा संघका का. वा. अध्यक्ष कृष्णबहादुर राईलाई सम्पर्क गर्दा उहाँले भन्नुभयो- "ब्रिटिश राजदूतावासले विज्ञप्ति निकालेर भूतपूर्व गोर्खा सैनिक संघप्रति अविश्वास फैलाउने कुत्सित चाल चालेको हो र हामीले यस मुद्दामा विजय प्राप्त गरिसकेका छौं । अब ब्रिटिश सैनिकसरह नै तलब, भत्ता र सुविधाहरू पाउने भएका छौं ।" ❑





युद्धविराम

युद्धविरामदेखि धेरै परसम्म काका-भतिजाको कुराकानी
*खगेन्द्र संग्रौला*

कसरी बढ्नुपर्छ वार्ताको प्रकृया ?
*हरिगोविन्द लुइँटेल*

के तपाईंले पढ्नु भएको छ ?

मृत्युको व्यापार

हिटलर, सद्दाम र लादेनसँग बुश परिवारको कारोबारको रहस्य

■ पिता बुशको साम्राज्य ■ बुश-लादेन आर्थिक गठबन्धन
राजेन्द्र महर्जन




सेमिनारको एक दृश्य

○ श्याम श्रेष्ठ

# स्विटजरलैण्डमा महत्वपूर्ण सेमिनार

**स्विटजरलैण्ड**को फ्रान्ससित जोडिएको उत्तरी सिमा नजिकैको एउटा गाउँ मोण्टेजिलोनमा गत माघ २८ गतेदेखि फागुन ४ सम्म एउटा महत्वपूर्ण सेमिनारको आयोजना गरियो । स्वीस सहयोग नियोग (SDC) को आयोजनामा भएको यो सेमिनारको उल्लेखनीय विशेषता के थियो भने यसका अधिकांश सहभागीहरू नेपालको सामाजिक जीवनको विभिन्न फाँटका निकै महत्वपूर्ण पात्रहरू थिए । २० जना त नेपाली सहभागीमात्रै थिए- यो सेमीनारमा । नेपाली कांग्रेसका प्रवक्ता अर्जुननरसिं के.सी., एमालेका स्थायी समिति सदस्य झलनाथ खनाल, नेकपा माओवादीका दुई जना नाम खोल्न नचाहने नेताहरू, नेमकिपाका नेता प्रेम सुवाल, सद्भावना पार्टीकी नेतृ सरिता गिरी, ने.कां. प्रजातान्त्रिकका नेता बिमलेन्द्र निधि, भूपू अर्थमन्त्री डा. देवेन्द्रराज पाण्डे, राप्रपाका नेता ठाकुरप्रसाद शर्मा, संस्थापन पक्षका निश्चलनाथ पाण्डे र खगेन्द्रप्रसाद पौडेल, महिला नेतृ उर्मिला अर्याल र शान्ता थपलिया, उद्योगपति पद्मज्योति र नरेन्द्र बज्राचार्य, चर्चित बौद्धिकहरू प्रा. कृष्ण खनाल, मल्ल के. सुन्दर, डा. प्रकाशशरण महत, सिन्धुनाथ प्याकुरेल यस सेमीनारका सहभागी थिए । सहभागीमध्ये एकजना म स्वयम् पनि थिएँ । यस सेमिनारमा सबै व्यक्तिगत हैसियतमा सहभागी भएका थिए, तर यसको सुन्दरता केमा थियो भने यसमा सबै राजनीतिक धार र तप्काका मानिसको सहभागिता थियो । कमी यसमा उत्पीडित जनजाति र दलित क्षेत्रका मानिसहरूको खट्कन्थ्यो ।

मोण्टेजिलोन निकै चीसो, पूरै हिउँले ढाकिएको ठाउँ रहेछ । त्यहाँको ला अउब्रे होटेलमा हामी पुगेकै दिन दिउँसो २ बजे सेमीनार शुरू भयो ।

सेमिनारमा दक्षिण अफ्रिका र स्विटजरलैण्डको बहुजातीय बहुसांस्कृतिक समाजका द्वन्द्व समाधानका अनुभवहरू निकै राम्ररी प्रस्तुत भएका थिए । प्रस्तुतिको विशिष्टता केमा थियो भने प्रस्तोताहरू केवल बौध्दिक तवरले विज्ञ र उच्च स्तरका मात्र थिएनन्, उनीहरू त्यहाँको द्वन्द्वमा र द्वन्द्व समाधानमा आफैं लागिपरेका मानिसहरू थिए । उनीहरूसित बताउनका लागि आफ्नै जीवन्त अनुभवहरू थिए ।

दक्षिण अफ्रिकाको द्वन्द्व समाधानका महत्वपूर्ण पाठहरू यस्ता छन् :

- यदि द्वन्द्वका मुख्य पक्षहरूमा इमानका साथ वार्ता गर्ने हुटहुटी तत्काल देखिन्न भने बरू पर्ख, हतारिएर वार्तामा प्रवेश नगर । अपरिपक्व परिस्थितिमा गरिएको वार्ताले निराशा र आपसमा फेरि संगै बस्न नसकिने हदको अविश्वासमात्र पैदा गर्छ ।
- द्वन्द्व समाधानका लागि वार्ताकारहरूका बीचमा आपसी विश्वास सिर्जना गर्नु अति जरूरी हुन्छ । आपसमा गरिएका स-साना प्रतिवद्धता र वचनको समेत सख्त पालनाले मात्र आपसी विश्वास बढाउँछ । नत्र स-साना उल्लंघनले समेत विश्वास टुट्छ ।
- एउटा सफल वार्ताका लागि थुप्रै अनौपचारिक वार्ता गर्नुपर्ने हुन्छ । अनौपचारिक वार्ताबाटै अर्को पक्षको वास्तविक चाहना, डर र लचकताको न्यूनतम बिन्दु थाहा हुन्छ । त्यो थाहा पाएपछि मात्रै त्यसलाई संबोधन गर्ने गरी सफल वार्ता गर्न सकिन्छ । अर्को पक्षको वास्तविक चाहना र डरलाई संबोधन गर्न सक्दामात्रै दिगो ढंगबाट द्वन्द्व समाधान हुन्छ ।
- वार्ताको प्रक्रियामा द्वन्द्वमा स्वार्थ जोखिममा परेका संबन्धित सबै पक्षलाई सामेल गर्न सक्दामात्र वार्ताको उपज सबैलाई स्वीकार्य हुन्छ र बार्ता फलदायी हुन्छ । वार्ताको


सेमिनारका सहभागी नेपालीहरु र आयोजकहरु

प्रक्रियामा संबन्धित सबै पक्षको स्वामित्व सफल वार्ताको निम्ति नभई नहुने तत्व हो ।

- सफल वार्ता तबमात्र हुन्छ, जब वार्ताबाट संबन्धित पक्षले केही न केही हासिल गर्छन् । वार्ताबाट पैदा हुने उपजमा संबन्धित सबैको स्वामित्व हुंदामात्र वार्ता सफल हुन्छ । एक थरिले उखुको रसैरस, अर्को थरिले छोक्रैछोक्रा पाउने स्थितिमा सफल वार्ता हुन सक्दैन ।
- सन्देशवाहक सित होइन, वार्ता हमेशा जिम्मेवार र अधिकार प्राप्त मान्छेसित गर ।

स्विटजरलैण्डको द्वन्द्व समाधानको अनुभव पनि निकै महत्वपूर्ण र नेपालको सन्दर्भमा निकै उपयोगी थियो । ती अनुभवहरूलाई संक्षिप्तमा यसरी प्रस्तुत गर्न सकिन्छ :

- स्विट्जरलैण्डमा दिगो शान्ति त्यहाँका मानिसहरू अरू ठाउँकाभन्दा ज्यादा तेजिलो हुनाको कारणले होइन, त्यहाँ सानोभन्दा सानो अल्पसंख्यालाई पनि शासन र नीति-निर्णयमा बराबर हक राखेर सामेल हुने सहभागीतामूलक व्यवस्था हुनाको कारणले, भूइँ तहका जनता र संस्थाहरू सर्वशक्तिमान र स्वायत्त हुनाको कारणले र प्रत्येक नागरिकले शान्तिपूर्ण जनमत संग्रहको बाटोबाट संविधान र कानूनको जुनसुकै प्रावधान पनि बदल्नसक्ने व्यवस्था हुनाको कारणले संभव भएको हो ।
- सामाजिक द्वन्द्वको समाधान सैनिक दमनबाट कहिल्यै हुँदैन, सत्ता र अधिकारको उचित बाँडफाँडबाट मात्र हुन्छ ।
- बहुसांस्कृतिक र बहुजातीय समाजमा बहुमतको प्रजातन्त्रले सामाजिक द्वन्द्वको दिगो समाधान गर्न सक्दैन । यसले द्वन्द्व मात्र बृध्दि गर्छ , किनकि पराजित र अधिकारबिहीन अल्पमत कहिल्यै चूप लागेर बस्दैन । सहमतिको प्रजातन्त्रले मात्र यस्तो समाजमा द्वन्द्वको दिगो समाधान गर्न सक्छ, किनकि यसमा कोही पनि पराजित र सत्ताधिकारविहीन हुनु पर्दैन ।
- जहाँ अधिकार थोरैमा थुप्रन्छ, त्यहाँ द्वन्द्व ज्यादा तीव्र र शत्रुतापूर्ण बन्छ । अधिकार सकेजति ज्यादा विकेन्द्रित गर, द्वन्द्व आफै मलीन र सकारात्मक बन्छ ।
- जति ब्यापक सहभागिता, उति राम्रो एकता, जति अल्पसंख्यकलाई आदर, उति दिगो शान्ति, जति निरन्तर संवाद र सुलह, उति मत्थर द्वन्द्व ।

### स्विट्जरलैण्डको द्वन्द्व समाधानको तरिका

दुई चार चोटिको वार्ता होइन, द्वन्दलाई प्रजातान्त्रिक संस्थाहरूको सृजनाद्वारा संस्थागत तवरले हल गर्नुपर्छ भन्ने उनीहरूको धारणा रहेछ ।

सेमिनारको क्रममा हामी स्थलगत निरीक्षणका लागि फ्रेन्चभाषी जुरा क्याण्टन गयौं, जुन अलग संस्कृति र भाषाकै कारणले लामो द्वन्द्वपछि जनमत संग्रहद्वारा जर्मनभाषी बर्न क्याण्टनबाट सन् १९७९ मा मात्र अलग भएको रहेछ । हामी मोचे र बर्न क्याण्टन पनि गयौं, जहाँ अझै अल्पसंख्यकभित्र पनि अल्पसंख्यकको भाषा र संस्कृतिको कारणले संघर्ष चल्दै रहेछ ।


सेमिनारको ज्यादै महत्वपूर्ण कार्यक्रम रह्यो- नेपालसम्बधी विशेष सेसन, जुन आयोजकहरूको कार्यक्रममा थिएन, हाम्रै जोड र अनुरोधमा त्यो कार्यक्रम राखिएको थियो । त्यस कार्यक्रममा माओवादी प्रतिनिधिहरूसित अरू सहभागीहरूले खुलेर प्रश्नहरू गरे, आफ्नो आलोचना र सुझावहरू राखे । त्यो कार्यक्रमले माओवादीको हालैको युध्दविरामको घोषणासंवन्धी शंका र जिज्ञासा मेट्न एक हदसम्म राम्रो काम गर्‍यो । माओवादी प्रतिनिधिहरूले त्यहाँ बोलेका तीनवटा कुरा ज्यादै महत्वपूर्ण थिए:

- एक, यदि संसदीय पार्टीहरू संविधान सभामा उक्लन तैयार हुन्छन् भने माओवादीहरू पनि संविधान सभाबाट पैदा हुने संसदीय प्रणाली मान्न तैयार छन् ।
- संविधान सभाबाट जे-सुकै परिणाम आए पनि उनीहरू त्यसलाई स्वीकार्न तैयार छन् ।
- राजा सेनालाई संसदको मातहतमा राखेर, पूर्णतया संवैधानिक राजा भएर बस्न मंजुर हुन्छन् भने उनलाई सम्मानजनक स्थान दिएर राख्न माओवादीलाई कुनै आपत्ति छैन ।

यो छलफल कार्यक्रमले त्यहाँ उपस्थित राजनीतिक दलहरू र नागरिक समाजका प्रतिनिधिहरूबीच मतैक्यता पैदा गर्न राम्रो भूमिका खेल्यो । सेमिनारको अन्त्यमा एउटा संयुक्त वक्तब्य नै जारी गरियो ❑



दक्षिण अफ्रिका र स्वीट्जरलैण्डका द्वन्द्व समाधानका अनुभव र पाठहरू के-के हुन् ?


महानतम् वैज्ञानिक अल्बर्ट आइन्स्टाइन् विश्वक्रान्तिका नायक चे ग्वेभारा र प्रख्यात शिक्षाविद् पाउलो फ्रेरेले देख्नुभएको समाजवादको सपना कस्तो छ ?

समाजवादको सपना

यही महिना प्रकाशित हुँदैछ

समाजवादी क्रान्तिका जटिल आयामहरुमाथि आइन्स्टाइन र चे ग्वेभाराका विचारोत्तेजक लेखहरु तथा उहाँहरुको चिन्तन र कर्मबारे पाउलो फ्रेरे र राजेन्द्र महर्जनका रचनाहरु

अनुवाद, लेखन र संपादन : राजेन्द्र महर्जन

क्रान्तिकारी कूटनीति



चीन, फिलिपिन्स, कोलम्बिया र नेपालका शान्तिवार्ताहरुका महत्वपूर्ण अनुभव र दस्तावेजहरुको संगालो प्रकाशित हुँदैछ

- राजेन्द्र महर्जन




## पञ्चन्याली र सहभागिता

पूर्णाङ्क-१०४ पढ्ने मौका पाएँ । प्रगतिशील लेखक खगेन्द्र संग्रौलाद्वारा लिखित *घटना र प्रवृत्ति* अति रोचक र गम्भीर रहेछ । सरकारी संचार माध्यमहरूले राजतन्त्रको एकतर्फी गुणगानमात्र गाएर वाक्क भएका हामी दूरगाउँमा बस्ने जनतालाई यसले थेरथोर यथार्थ बुझ्ने मौका दिएको छ । खगेन्द्र संग्रौलालाई हाम्रोतर्फबाट धन्यवाद ! दैनिक ज्याला दिई समारोहमा मान्छे ल्याइएको अन्तरकथा सुन्दा त नेपालका दरवारियाहरूको नियत छर्लङ्ग हुन्छ ।

*-मानव श्रीस 'रक्तिम'*
*लेखानि कादेश, बागलुङ् ।*

## डा. भट्टराई र जनयुद्ध

माओवादी जनयुद्धका एकजना हस्ती डा. बाबुराम भट्टराई र जनयुद्धबारे मेरो विचार दिन चाहन्छु । वर्गीय मानव समाजमा मार्क्सवाद-लेनिनवाद विश्वकै वैज्ञानिक दर्शन हो । बुर्जुवा शिक्षामा भट्टराईले उपाधि एवं पदावली डा. राख्नुभयो । वास्तवमा सर्वहारा राजनीति गर्ने महान नेताले क. भट्टराई भनेर चिनिनु पर्ने हो । त्यसैले वुर्जुवा नेताजस्तो उहांको डा. पदावली हटाइयोस् भन्ने सुझाव दिन चाहन्छु ।

हामी नेपाली शोषित उत्पीडित जनता माओवादी जनयद्धको विरोधी होइनौं, पक्षपाती हौं । तर हाल वैचारिक आस्थाका आधारमा मित्रशक्तिमाथि बल प्रयोग गर्नु उचित होइन । यदुवंशी शैलीको जनयुद्ध यथार्थमा माओवाद हुन सक्दैन । माओवादी नेतृत्वले माओवादका महत्वपूर्ण सारलाई पक्रन सक्नुपर्‍यो ।

*- श्रद्धा सुब्बा*
*चुलाचुली-१, कमल, इलाम,*
*हाल : पोखरा ।*

## मत्स्य न्यायविरूद्ध

सेनाको स्वीकार अस्वीकारमा उल्लेखित बलात्कारको घटना शाही सेनाद्वारा घटाइएका असंख्य अत्याचारका घटनाहरूमध्ये एउटा सानो अंशमात्र हो । अहिले असंकटकालमा निर्दोषहरू मारिएका थुप्रै घटना मानवअधिकारवादी संघ-संस्थाद्वारा क्रमशः सार्वजनिक गरिँदैछन् । यीमध्ये कालिकोट विमानस्थलको घटनाबाहेक बाँकी सबै संकटकाल हटेपछिका घटना हुन् । असंकटकालमा त यति धेरै सर्वसाधारणहरू मारिए भने स्वतन्त्र प्रेसलाई आफ्नो निजी सुगा बनाएको त्यो संकटकालीन नौ महिने अवधिमा कति निर्दोषहरू, सर्वसाधारणहरू मारिए होलान् ? ९५ प्रतिशत नक्कली भिडन्तमा मारिएको भन्ने एम्नेष्टी इन्टरनेशनलको प्रतिवेदनले केही प्रष्ट्याउँछ । माओवादीलाई नभेटेर सर्वसाधारणलाई लहरै उभ्याउँदै, सैनिक पोशाक लगाउन पठाउँदै हत्या गरेर ठूलो सफलताको धाक लगाउने पुलिस र सेनाको अब भण्डाफोर भइसकेको छ । कुन नैतिकताले अन्तराष्ट्रिय पूँजीवादी हतियार माफियाहरू यहाँ हतियार सप्लाई गरिरहेछन् ? त्यो पनि प्रजातन्त्र र मानवअधिकारको नाममा । कस्तो विडम्बना !

उत्तर कोरियाली आणविक कार्यक्रम विवादको घेरामा हुनुपर्ने कुनै कारण नै छैन । ऊर्जाको अभाव भएको बेला ऊर्जा उत्पादनको लागि आणविक भट्टी संचालन गर्न पनि नपाउनु अन्याय हो । आणविक अप्रसार सन्धि (एनपीटी)बाट बाध्य भएर उत्तर कोरिया अलग्गिंदा किन त्यो ठूलो इष्यू बनाइन्छ ? स्वयं अमेरिका एक वर्षअघि एबीएम ट्रिटी (एन्टी ब्यालेस्टिक मिसाइल ट्रिटी)बाट एक पक्षीय रूपमा अलग्गिएर अर्बौंको कार्यक्रम संचालन गर्दा त्यसलाई चूपचाप स्वीकारिएको थियो । फेरि संसारलाई आणविक हतियार मुक्त बनाउने हो भने अमेरिका लगायतका देशहरूलाई मात्र किन हजारौं आणविक हतियार भण्डारन गर्ने अनुमति दिइरहने ? यो कस्तो न्याय हो ?

युद्धपिपासु बुशको सत्तारोहण-पछि अमेरिका द्रुत रूपमा नयाँ नयाँ युद्धका मोर्चाहरू हरेक वर्ष सिर्जना गर्दैछ । अफगानिस्तानपछि इराकमा र त्यसपछि उत्तर कोरियामा युद्ध लड्ने तयारी गर्दैछ । फिलिपिन्सका जंगलदेखि हाम्रै नेपालका पहाडहरूमा अमेरिकी सेनाहरूको चलखेल बढ्दो छ ।

यस्तो मत्स्यन्यायमा अडेको वर्तमान अन्यायी संसारलाई परिवर्तन गरेर न्यायपूर्ण विश्व व्यवस्था र समाजको निर्माण गर्नैपर्छ । तर कसरी ? पूँजीवादी संचार माध्यमहरूको हालीमुहाली रहेको वर्तमान विश्वमा बौद्धिक अन्तर्क्रियाहरू, छलफलहरू गरेरमात्र संभव देखिन्न । त्यसैले एक्काइसौं शताब्दीको क्रान्तिको बाटो सशस्त्र संघर्ष र सडक संघर्ष दुवै हो । हाम्रो देशमा चाहिं मुख्यतः सैन्य संघर्षमा बढी केन्द्रित माओवादीहरूले सडक संघर्षतिर पनि केन्द्रित हुनसके असल हुनसक्छ ।

*- छविलाल छविन्द्र*
*दाङ्, हालः काठमाण्डौ ।*

## मानव अधिकारवादी संघ-संस्थाहरूले बढी ध्यान दिउन्

*मूल्यांकन*को अंक १०५ मा खगेन्द्र संग्रौलाले एमालेलाई दिनुभएको सुझावमा मेरो पनि समर्थन छ । ड्रम सेटको अर्थहीन ध्वनिभित्र दुई चारवटा फोस्रा शब्द हालेर प्रगतिको संज्ञा दिई गीत-संगीतलाई नै बदनाम गर्ने प्रवृत्तिमाथि थप प्रकाश पारिदिनुभएकोमा नारायण अमृतलाई धन्यवाद दिन चाहन्छु ।

विनोद ढुंगेलको प्रस्तुतिमा रहेको 'एम्नेष्टीको रिपोर्ट'अन्तर्गत तयार पाएिको 'ब्यारेकमा दुई किशोरीको जघन्य बलात्कार' शीर्षकमा रहेको घटनाप्रति मेरो पनि घोर भर्त्सना छ । शाही नेपाली सेनाको बढ्दो अराजक प्रवृत्ति र नागरिक समाजप्रतिको लापरवाहीले गर्दा उसको वर्वरतापूर्ण र पाशविक बलात्कारको विरोध आम महिला, बुद्धीजीवीहरूले तत्काल गर्नुपर्ने आवश्यकता देखिन्छ । अमेरिका र बेलायतजस्ता महाशक्ति राष्ट्रहरूले मुश्लिम देशहरू तथा सम्प्रदायमाथि जबरजस्ती युद्ध लाद्न प्रयासरत रहेको र यो युद्धको प्रतिकारमा आम मुश्लिम सम्प्रदाय तथा राष्ट्रहरूले आवश्यक तयारी गरिरहेको वर्तमान परिस्थितिमा कहीं नेपालमा पनि धार्मिक संकटको विउ त उम्रन लागेको होइन भन्ने शंका-उपशंका पाठकहरूमा व्याप्त देखिन्छ । अझ नेपाल सरकारको अमेरिकी सरकारसँग भएको नराम्रो साँठगाँठले कतै नेपाल सरकारले पनि धार्मिक सम्प्रदायमाथि हस्तक्षेप त गर्न खोजेको छैन भन्ने शंका गर्नेहरू पनि थुप्रै छन् । त्यसैले दोषीमाथि चाँडोभन्दा चाँडो कारवाही गर्नका निम्ति मानवअधिकार संस्था तथा एम्नेष्टीको ध्यान जावोस् भन्ने चाहन्छु ।

*- अर्जुन मैनाली 'प्रतिविम्ब',*
*मेचीनगर नगरपालिका,*
*वडा नं.-८, अन्धेरी, झापा ।*

## एमालेको सारहीन विवाद र मूल्यांकन

एमालेको सारहीन विवादबारे 'मूल्यांकन'ले गतांकमा त्यति धेरै पेजहरू दिएको चित्त बुझेन । मुलुक र संसार बदल्ने नीति र दृष्टिकोणमा नपसी खाली अध्यक्ष कि महासचिव भन्ने बेकारको बहस गरेको एमालेले जनकपुरमा नाटकीय सहमति पैदा गर्‍यो । कार्यकर्तालाई अल्मल्याउने नाटक गरे नेताहरूले । यस्तो एमालेलाई सही बाटो देखाउन खोज्ने *मूल्यांकन*लाई आलोचना गर्ने माधव कुमार नेपालजीलाई मेरो प्रश्न : के तपाईंहरूका यस्ता नौटंकीहरूको जय गान गाउनु पर्‍यो ? त्यसो गर्ने हो भने *मूल्यांकन* स्वतन्त्र हैन, भाट पत्रिका हुनेछ । *मूल्यांकन* भाट नबनोस् । शुभकामना !

*- नीरज बेल्बासे*
*लमही, दाङ् ।*


## हैदरावादको कार्यक्रम र कथा-कविता

हैदरावादमा भएको एशियाली सामाजिक मंचको कार्यक्रममा त्यतिका नेपालीहरूले भाग लिएका रहेछन् । सबै मिलेर राष्ट्रिय-अन्तर्राष्ट्रिय मुद्दामा एकता व्यक्त गरेको रिपोर्ट पढ्न पाउँदा खुशी लाग्यो ।

गत अंकमा सुधा त्रिपाठीको कथा र आहुति एवं मीनबहादुर विष्टका कविताहरू पनि राम्रा लागे । मूल्यांकनले यस्तै उल्लेखनीय साहित्य छाप्ने गरोस् । यसबाट नेपाली साहित्यकै विकासमा पनि योगदान पुग्ने छ ।

*- विष्णु श्रेष्ठ*
*नः टोल, ललितपुर ।*

# नेपालको एकमात्र केबुलकार
# मनकामना जाने सपना साकार







## मनकामना केबुलकार

मनकामना देवीले सम्पूर्ण मनोकांक्षा पूरा गर्छिन् भन्ने जनविश्वास शताब्दीयौं देखि रहेको पाइन्छ । यसै उच्च भावनाको कदर गर्दै सञ्चालन गरिएको नेपालको पहिलो र एकमात्र केबुलकार सेवाले मनकामना क्षेत्रको धार्मिक र पर्यटकीय महत्वलाई अझ विस्तारित र व्यापक बनाएको छ । विश्व प्रसिद्ध अष्ट्रियाली कपनी डोपलमायरद्वारा जडान गरिएको अत्याधुनिक प्रविधियुक्त हाम्रो केबुलकारको यात्रा आफैमा एक अविस्मरणीय अनुभव हुन पुगेको छ ।

**मनकामना दर्शन (प्रा) लि.**
**MANAKAMANA DARSHAN (P.) LTD.**
पो.ब.नं. ४४१६, नक्साल नागपोखरी, काठमाडौं, नेपाल । फोन: ४३४६९०, ४३४६४८ फ्याक्स: ९७७-१-४३४५१५
Email: mdpl@chitawoncoe.com, mdplstn@chitawoncoe.com Website: www.chitawoncoe.com/manakamana

DPI/mdpl/0107146

---

बाल पत्रिका
# प्रतिभा ! प्रतिक्षाको समय सकियो

अगामी चैत्र महिनादेखि बजारमा आउँदैछ

आफ्ना बाल-बालिकाहरूका लागि आफ्नो प्रति सुरक्षित गर्नुहोस्

प्रकाशक

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.

पो. ब. नं. : ७०५०, काठमाण्डौं

**E-mail: yuwa@ntc.net.np वा yuwamonthly@yahoo.com**

MULYANKAN
A magazine for Thought-Interaction
लपजिपुका दन ९९/०४९/५० मक्षेहदन १२ ०५० ५१

